# नेपाल समाचारपत्र

नेपाली मनको नेपाली पत्रिका

NEPAL SAMACHARPATRA

बुधबार भदौ ६, २०७५ | Wednesday, August 22, 2018 | www.newsofnepal.com | नेसं ११३८ गुँलाथ्व ११ | वर्ष २४, अंक २२४ | पृष्ठ १२ | मूल्य रू १०/–









# नेपाल समाचारपत्र

नेपाली मनको नेपाली पत्रिका

NEPAL SAMACHARPATRA



नेपाल समाचारपत्र दैनिक, कामना, साधनाका ग्राहक बन्नु परेमा, पत्रिका समयमा नआएमा, कुनै गुनासो भएमा सम्पर्क गर्नुहोला।

कामना न्यूज पब्लिकेसन्स्
कामना प्लाजा, भीमसेनस्थान, काठमाडौं
सम्पर्क : ०१-४२६११७९
एक्सटेन्सन: ११३ (९ बजेदेखि ६ बजेसम्म)



» बुधबार भदौ ६, २०७५ » Wednesday, August 22, 2018 » www.newsofnepal.com » नेसं ११३८ गुँलाथ्व ११ » वर्ष २४, अंक २२४ » पृष्ठ १२ » मूल्य रू १०/–



२ { 'कृषि क्षेत्रबाटै गोकुलगंगा गाउँपालिकालाई समृद्ध बनाउँछौं'

५ { 'संस्थाका कर्मचारीलाई कानुनी व्यवस्था मिलाई सेवा देऊ'

७ { विराटनगरका ३२ घरका चुलोमा पुग्यो बायोग्यास

९ { 'सरकारले लगाएको करले कुनै असर गर्दैन'




नुवाकोटको तिरतिरे भीरमा आएको पहिरोमा अलपत्र परेको कन्टेनर। लगातारको वर्षाले गर्दा नुवाकोटको तिरतिरे भीरमा पानी परेसँगै हिलोमाटो बग्दा सडक अवरुद्ध हुने गरेको छ।
तस्वीर : शालिकराम चालिसे/नुवाकोट

# न्यायालयमा राजनीतीकरण

प्रशान्त वली, काठमाडौं

विगत ५ महिनादेखि न्यायालय नेतृत्वविहीन अवस्थामा छ। गत ०७४ फागुन ३० मा न्यायपरिषद्ले तत्कालीन प्रधानन्यायाधीश गोपाल पराजुलीको बर्खास्ती र सर्वोच्च अदालतका वरिष्ठ न्यायाधीश दीपकराज जोशी संसदीय सुनुवाइ समितिबाट अस्वीकृत भएसँगै न्यायालयले नयाँ नेतृत्व पाउन सकेको छैन। जसका कारण सर्वोच्चमा नीतिगत निर्णयदेखि संवैधानिक इजलाससमेत प्रभावित बनेको छ।

हाल सर्वोच्चमा १९ जना न्यायाधीशले न्याय सम्पादन गरिरहनुभएको छ। जसमध्ये वरिष्ठ न्यायाधीश कायममुकायमको हैसियतमा जोशी बिदामा हुनुहुन्छ। यस्तै सर्वोच्चका न्यायाधीश ओमप्रकाश मिश्रले कायममुकायमको हैसियतमा सर्वोच्चको नेतृत्व गरिरहनुभएको छ। संविधानको धारा १२९ अनुसार सर्वोच्चमा प्रधानन्यायाधीशका अतिरिक्त बढीमा २० जना न्यायाधीश रहने व्यवस्था गरिएको छ। तर, हाल सर्वोच्चमा प्रधानन्यायाधीशसहित १९ जना न्यायाधीश कार्यरत छन्।

सर्वोच्चमा एक प्रधानन्यायाधीशसहित दुई न्यायाधीश पदपूर्ति हुन सकेको छैन। यस्तै वरिष्ठ न्यायाधीश जोशी बिदामा बसेसँगै उहाँले पनि न्याय सम्पादनको काम गर्नुभएको छैन।

वकिलहरूको छाता संगठन नेपाल बार यसोसिएसनले न्यायालयमा राजनीतीकरण भएको जनाएको छ। बारका महासचिव खम्मबहादुर खाती न्यायालय क्षेत्रमा राजनीतिक हस्तक्षेप अन्त्य नहुँदासम्म समस्या समाधान हुन नसक्ने बताउनुहुन्छ।

उहाँले नेपाल समाचारपत्रसँग भन्नुभयो-

» संसद् र न्यायालयबीच युद्ध हुन सक्छ : बार
» पाँच महिनादेखि सर्वोच्च नेतृत्वविहीन
» १९ न्यायाधीशको भरमा चल्दै सर्वोच्च
» दुई न्यायाधीश पद रिक्त

'कोही न्यायाधीशले इजलास बहिष्कार गर्ने, कोही न्यायाधीश फैसलामा नजाने। यो त ट्रेड युनियन जस्तो भएन र! स्वतन्त्र न्यायपालिकाको परिकल्पना खोई कहाँ गयो।' न्यायिक क्षेत्रमा राजनीतीकरण बढ्दै गए संसद् र न्यायालय क्षेत्रबीच युद्ध हुन सक्ने बारका महासचिव खातीको भनाइ छ। न्यायालयलाई सुधार गर्न हस्तक्षेपभन्दा पनि समन्वयात्मक भूमिका अपरिहार्य हुने उहाँ बताउनुहुन्छ।

सर्वोच्चका पूर्वन्यायाधीश बलराम केसी न्यायालयलाई छिटो छरितो बनाउन न्यायिक क्षेत्रका नेतृत्वकर्ताले प्रभावकारी भूमिका खेल्नुपर्ने बताउनुहुन्छ। उहाँ भन्नुहुन्छ- 'संविधानको व्याख्या गर्नुपर्ने बेलामा संवैधानिक इजलास बस्न नसक्नु दुर्भाग्य हो।'

यसैबीच, सर्वोच्च अदालतका वरिष्ठ न्यायाधीश दीपकराज जोशीले राजीनामा नदिने संकेत गरेसँगै अब न्यायालय क्षेत्रमा के हुन्छ भन्ने अन्योलता छाएको छ। अधिवक्ता लोकेन्द्र वलीले नेपाल समाचारपत्रसँग भन्नुहुन्छ- 'प्रधानन्यायाधीशमा पो अस्वीकृत हुनुभएको हो। न्यायाधीश पदमा त अस्वीकृत हुनुभएको होइन नि! न्यायाधीशको हैसियतमा जोशी श्रीमान्ले काम गर्न पाउनुहुन्छ।' अस्वीकृत भएसँगै जोशी गत साउन २० देखि १५ दिनको बिदामा बस्नुभएको हो। सो बिदा पनि सकिएपछि हाल जोशी भइपरी बिदा कट्ने गरी पुन: ६ दिनको बिदामा बस्नुभएको छ।

यसैबीच वरिष्ठ न्यायाधीश जोशी अस्वीकृत भएसँगै ओमप्रकाश मिश्रको नाम न्यायपरिषद्ले संवैधानिक परिषद्मा वरिष्ठताका आधारमा पठाइसकेको छ। संवैधानिक परिषद्का सदस्य विपक्षी दलका नेता शेरबहादुर देउवा उपचारका क्रममा बाहिर भएका कारण परिषद्को बैठक बस्न सकेको छैन।

## अघि बढेन कर्मचारी समायोजन प्रक्रिया

काठमाडौं, (नेस)

ऐन अभावमा सरकारले कर्मचारी समायोजन प्रक्रिया रोकेको छ। सरकारले हाल संघीय निजामती सेवा विधेयक संसद्मा पेस गर्ने तयारी गरिरहेको छ। सो विधयेक पारित नभएसम्म कर्मचारी समायोजन प्रक्रिया अघि नबढ्ने संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले जनाएको छ। मन्त्रालयका अनुसार सो विधयेक मन्त्रिपरिषद्बाट संसद्मा लग्ने तयारी अन्तिम चरणमा पुगेको छ।

मन्त्रालयले यसअघि साउनको दोस्रो सातादेखि कर्मचारी समायोजनका प्रक्रिया रोकेको थियो। यसअघि मन्त्रालयले साउन दोस्रो साताबाट संघ, प्रदेश र स्थानीय तहमा समायोजना प्रक्रिया अघि बढाउने जनाएको थियो। तर, भदौं पहिलो सातासम्म समायोजनका प्रक्रियाको कुनै काम अघि बढेको छैन।

'कानुन नै नभएपछि कसरी समायोजन प्रक्रिया अघि बढाउने?' -मन्त्रालयका प्रवक्ता सुरेश अधिकारीले भन्नुभयो। संघ, प्रदेश र स्थानीय तहमा कर्मचारीको समायोजन हुन नसक्दा प्रदेश र स्थानीय तहमा कर्मचारीको अभाव देखिएको छ। जसबाट प्रदेश र स्थानीय तहको सेवा प्रवाहमा प्रभाव परेको गुनासो प्रदेश र स्थानीय सरकारका प्रतिनिधिको छ।

संघीय मन्त्रालयले अन्तरिम व्यवस्थापनका लागि प्रदेश र स्थानीय तहमा कर्मचारी पठाएको छ।

(क्रमश: पृष्ठ ९ मा)

राजपामा २९ महासचिव

## पार्टी कार्यालयमा पदाधिकारी बस्ने कुर्चीसमेत हुन्न

गंगा बराल, काठमाडौं

सामान्यतया एउटा पार्टीमा कति जना महासचिव जिम्मेवारीमा रहन्छन् उत्तर स्वाभाविक आउँछ- '१ वा बढीमा २/३ जना।' तर, राष्ट्रिय जनता पार्टी (राजपा) यो मामिलामा पृथक् छ, सो पार्टीमा २९ जना त महासचिव मात्रै छन्।

इतिहासकै शक्तिशाली मानिएको नेपाल कम्युनिस्ट पार्टी (नेकपा) मा १ जना मात्रै महासचिव रहेका बेला संसद्को तेस्रो ठूलो दल राजपाले साढे दुई दर्जन नेतालाई महासचिव बनाएको छ। सो पार्टीको केन्द्रीय समिति ८ सय १५ जनाको छ। अध्यक्ष मण्डलमा एक जना संयोजक रहने व्यवस्था छ, राजपामा अध्यक्ष मण्डलका ५ जना सदस्य छन्। हिजोका ६ वटा पार्टी मिलेर २०७४ वैशाख ७ गते राजपा गठन भएको हो। त्यसलगत्तै असार २३ गते निर्वाचन आयोगमा दल दर्ताको निवेदन दिएको सो पार्टीले ७ दिनपछि दलको मान्यता पाएको थियो।

पदाधिकारी संख्या धेरै भएपछि पार्टी कार्यालय साँघुरो भएको बताउँदै महासचिव केशव झाले नेपाल समाचारपत्रसँग भन्नुभयो- 'धेरै वटा दललाई मिलाउँदा पदाधिकारी संख्या केही ठूलो भएको हो, महाधिवेशनपछि कार्यसमिति चुस्त हुन्छ।' राजपाको महाधिवेशन आगामी वैशाखका लागि तोकिएको छ।

(क्रमश: पृष्ठ ९ मा)

गगन थापाको प्रश्न

## वित्त आयोग पदाधिकारी नियुक्तिमा किन ढिलाइ ?

नेपाल समाचारपत्र

काठमाडौं



संघ, प्रदेश र स्थानीय सरकारको खर्च जिम्मेवारी पूरा गर्ने र राजस्व असुलीमा सुधार गर्नुपर्ने उपायको सिफारिस गर्ने राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगमा पदाधिकारी नियुक्त गर्नमा ढिलाइ गरेको प्रति कांग्रेस सांसद गगन थापाले आपत्ति जनाउनुभएको छ। संवैधानिक परिषद्को सचिवालयले वित्त आयोगलगायत अन्य आयोगमा पदाधिकारी नियुक्तिका लागि मंगलबार नै सूचना प्रकाशित गरेको छ।

संविधानले राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगलाई महत्त्वपूर्ण जिम्मेवारी दिएको छ। यो आयोगले संविधान र कानुनबमोजिम संघीय सञ्चित कोषबाट संघ, प्रदेश र स्थानीय सरकारबीच राजस्वको बाँडफाँड गर्ने र विस्तृत आधार र ढाँचा निर्धारण गर्दछ। साथै संघीय सञ्चित कोषबाट प्रदेश र स्थानीय सरकारलाई प्रदान गरिने समानीकरण अनुदान सम्बन्धमा पनि यही आयोगको सिफारिसबमोजिम हुनेछ।

संविधानअनुसार यो आयोगले राष्ट्रिय नीति तथा कार्यक्रम, मानक, पूर्वाधारको अवस्थाअनुसार प्रदेश र स्थानीय सरकारलाई प्रदान गरिने ससर्त अनुदानको सम्बन्धमा अध्ययन अनुसन्धान गरी आधार तयार गर्ने र प्रदेश सञ्चित कोषबाट प्रदेश र स्थानीय सरकारबीच राजस्वको बाँडफाँड गर्ने विस्तृत आधार र ढाँचा पनि निर्धारण गर्नेछ।

(क्रमश: पृष्ठ ९ मा)

# होला त तरकारीमा सिन्डिकेट र बिचौलियाको अन्त्य ?

हेमन्त जोशी, काठमाडौं

कालीमाटी फलफूल तथा तरकारी बजार विकास समितिमा बिचौलिया व्यापारीको सिन्डिकेट हटाउन अहिले दुई मन्त्रालयको सक्रियता देखिएको छ।

उद्योग वाणिज्य तथा आपूर्तिमन्त्री मातृकाप्रसाद यादव र कृषि तथा पशुपन्छी विकासमन्त्री चक्रपाणि खनालले तरकारी र फलफूलको व्यापारमा देखिएका बिचौलिया निर्मूल पार्ने भन्दै लागिपरेका छन्। कृषिमन्त्री खनालले गत जेठमा कालीमाटी बजारको अनुगमन गर्नुभएको थियो भने उद्योगमन्त्री यादव सोमबार कालीमाटीमा व्यवसायीहरूले सरकारी अनुगमन टोलीलाई अवरोध गरेपछि स्थलगत निरीक्षण गर्न पहिलोपटक त्यहाँ जानुभएको हो।

कृषि मन्त्रालयले कालीमाटीमा एक वर्षयता गरेको अध्ययनका आधारमा त्यहाँभित्रको 'दुर्गन्धित बिचौलिया' लाई कारबाही गर्ने गरी आन्तरिक अनुसन्धान अन्तिम चरणमा पुगेको जनाएको छ। त्यसै गरी उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयले किसानले उत्पादन गरेको ठाउँदेखि कालीमाटीसम्म आइपुग्दा कति ठाउँमा बिचौलिया लाग्छन् र कति मूल्य बढाइन्छ भनेर अध्ययन अनुगमन गरिरहेको छ। उद्योग मन्त्रालयअन्तर्गतको आपूर्ति व्यवस्थापन तथा उपभोक्ता संरक्षण विभागले उपत्यकाबाहिरका केही जिल्लामा गई किसानले पाउने मूल्य, मूल्य बढाउने बिचौलिया व्यापारीका विभिन्न तहको अनुसन्धान गरिरहेको छ।

(क्रमश: पृष्ठ ९ मा)

### पक्राउ गरेको सामान लिलामी

आपूर्ति व्यवस्थापन तथा उपभोक्ता हित संरक्षण विभागले सोमबार बजार अनुगमनका क्रममा नियन्त्रणमा लिएको फर्सी र काँक्रो मंगलबार लिलामी गरेको छ। सम्बन्धित सामान धनीले आफ्नो सामानको बिलबीजक देखाउन नसकेपछि लिलाम गरिएको विभागका अधिकृत दीपकराज पोखरेलले बताउनुभयो।

पोखरेलका अनुसार बा५च ९६४ नम्बरको गाडीबाट जफत गरिएको ३ क्विन्टल बराबर काँक्रो कृषक सहकारीमार्फत संकलन गरेर ल्याइएको र ना४च ६६३४ नम्बरको टाटा मोबाइलमा ल्याइएका साढे १५ क्विन्टलबराबर फर्सीको बारा जिल्ला निजगढ नगरपालिका-१३ डम्बरपुरका सुख दोर्जे गोलेले दाबी गरेपछि विभागको टोलीले गोलेलाई सम्बन्धित नगरपालिकाबाट आफू कृषक भएको प्रमाणित गरेर ल्याउन भनेको छ।

(क्रमश: पृष्ठ ९ मा)




कालीमाटीमा दुई मन्त्रीको नजर

### तरकारी कम भित्रिएपछि मूल्यमा अस्वाभाविक वृद्धि

दैनिक ६ देखि ७ सय मेट्रिकटन तरकारी तथा फलफूल कालीमाटी बजारमा भित्रिने गरेकोमा मंगलबार १ सय मेट्रिक टन मात्रै भित्रिएको निर्देशक तेजेन्द्रप्रसाद पौडेलले जानकारी दिनुभएको छ। आपूर्ति विभागले सोमबार अनुगमन गरेपछि मंगलबार निकै कम मात्र व्यापारी सामान लिएर कालीमाटी आएको पौडेलको भनाइ छ।

बजारमा निकै कम मात्र तरकारी भित्रिएपछि त्यसको प्रत्यक्ष मार भने उपभोक्तामा परेको छ। सोमबारको तुलनामा मंगलबार मात्र तरकारीको खुद्रा मूल्यमा ५० प्रतिशतसम्म वृद्धि देखिएको छ। विभागले अनुगमन गरेको अघिल्लो दिन अर्थात् आइतबार ४५ रुपियाँ प्रतिकिलो रहेको गोलभेंडाको खुद्रा मूल्य मंगलबार बढेर ७० रुपियाँसम्म पुगेको छ। त्यसै गरी आलु, प्याज, फर्सी, बोडी, काउली, हरियो साग, हरियो धनियाँमा मूल्य वृद्धिको असर देखिएको छ।

हामीले कृषि र जलविद्युत् क्षेत्रमा निजी क्षेत्रलाई लगानी गर्न पनि आग्रह गरिरहेका छौं। पर्यटन, कृषिलगायतको क्षेत्रमा हामी ७ हजारसम्म रोजगारी सिर्जना गर्न सक्छौं। कृषि र पशुपालनअन्तर्गत हामीले नामाडीमा बृहत् काउ फार्म सञ्चालन गर्ने तयारीमा छौं।



खड्गबहादुर सुनुवार
अध्यक्ष, गोकुलगंगा गाउँपालिका, रामेछाप

# 'कृषि क्षेत्रबाटै गोकुलगंगा गाउँपालिकालाई समृद्ध बनाउँछौं'

स्थानीय सरकारले सडक निर्माणलाई नै पहिलो प्राथमिकता दिएको छ। तर, रामेछापको गोकुलगंगा गाउँपालिकाले भने कृषि क्षेत्रलाई प्राथमिकता दिएर बजेट विनियोजन गरेको छ। कृषि क्षेत्रमा गाउँपालिकालाई आत्मनिर्भर बनाउनुका साथै रोजगारी सिर्जना गर्ने र उत्पादनमूलक काममा युवा जनशक्तिलाई आकर्षित गर्ने गरी नीति तथा कार्यक्रम अगाडि बढाएको छ।

रामेछापको गोकुलगंगा गाउँपालिकाका अध्यक्ष खड्गबहादुर सुनुवारे गाउँपालिकाको प्राथमिकता निर्धारण गरेर कृषि क्षेत्रको परिवर्तनका लागि जुटेको बताउनुहुन्छ। भौतिक पूर्वाधारसँगै कृषि क्षेत्रको विकास गरेर गाउँघरमा नै युवालाई रोजगारी सिर्जना गर्ने अभियानमा लागेको बताउँदै उहाँले समृद्धि गफमा भन्दा पनि कामबाटै गर्नुपर्ने बताउनुभयो। यसै विषयमा विकास निर्माणको काम र कृषि क्षेत्रमा गर्ने भनिएको रोजगारी सिर्जनालगायतको विषयमा केन्द्रित रहेर गोकुलगंगा गाउँपालिकाका अध्यक्ष खड्गबहादुर सुनुवारसँग नेपाल समाचारपत्रका लागि **मधुसूदन रायमाझी**ले गरेको कुराकानी :

### कृषि क्षेत्रको विकासका लागि गाउँपालिकाले कस्तो योजना अगाडि सारेको छ ?

गोकुलगंगा गाउँपालिकालाई कृषिमा आत्मनिर्भर बनाउनुपर्छ भन्ने हाम्रो अभियानले सार्थकता पाउँदै जाने क्रममा छ। गाउँपालिकाले अहिले विगतमा भएका परम्परागत कृषि प्रणालीमा परिवर्तन ल्याउन र प्रविधिको प्रयोग गरेर कृषि क्षेत्रमा लाग्न अभिप्रेरित गरिरहेको छ। गाउँमा कृषि क्षेत्रमा परिवर्तन गर्नपर्छ यसका लागि आफैंले शुरुआत गर्नुपर्छ भनेर मैले नै ७ वटा कृषिका नमुना काम गरेर देखाइसकेको छु। कृषि क्षेत्रमा ट्रायलका रूपमा जनतालाई सिकाउने काम गरिरहेको छु। कृषि क्षेत्रबाटै गाउँपालिकालाई परिवर्तन गर्न सकिन्छ भन्ने आत्मविश्वास जगाउने काममा हामीले केही सफलता प्राप्त गरेका छौं।

### कृषिको कुन-कुन क्षेत्रलाई प्राथमिकता दिएर काम गर्ने योजना अगाडि सार्नुभएको छ ?

स्पष्ट योजनाबिना लक्ष्य हासिल गर्न सकिँदैन। कुनै पनि काम गर्नका लागि योजना चाहिन्छ। त्यो योजनालाई प्रभावकारीरूपमा कार्यान्वयन गर्न दृढ इच्छाशक्ति पनि चाहिन्छ। हामी जनप्रतिनिधिहरू योजनालाई कार्यान्वयन गर्न लागिपरेका छौं। गाउँपालिकाको समृद्धिको आधार भनेकै कृषि हो।

गाउँपालिकाको ६ वटा वडामा कहाँ के उत्पादन हुन्छ भनेर हामीले ती क्षेत्रलाई पकेट क्षेत्रका रूपमा विकास गरेर लैजाने योजना अगाडि सारेका छौं। हामीले काम गर्न सकिन्छ भनेर पुष्टि गरिसकेका छौं। यसमा कृषकको ठूलो भूमिका छ। अर्गानिक कफीको माग धेरै छ। हामी अर्गानिक कफी उत्पादन गरेर बजारमा पुऱ्याउने योजनामा छौं।

योसँगै हाम्रो विभिन्न वडामा आलु, किवीलगायतका फलफूलको राम्रो उत्पादन हुन्छ। गाउँपालिकाले कृषि क्षेत्रका लागि बजेटसँगै कृषकको लगानीलाई पनि प्राथमिकता दिएका छौं। गाउँपालिकाले मात्र लगानी गर्दा प्रतिफल नआउने भएकाले कृषि क्षेत्रका विकासमा कृषकको लगानी पनि अनिवार्य गरेका छौं। कृषिमा यो वर्ष हामीले ३ करोड जति बजेट विनियोजन गरेका छौं।

### के साँच्चिकै गाउँपालिकाका कृषिमा आत्मनिर्भर होला त ?

कृषि क्षेत्रमा गरेको लगानीको परिणाम आउँछ। यसका लागि जनताको पनि साथ र सहयोगको निकै ठूलो खाँचो छ। अहिले बजार उपयुक्त भएन भन्ने गुनासो कृषकको छ। तर, हामी बजारको राम्रो प्रवर्द्धन गर्ने प्रतिबद्धता गर्न चाहन्छौं। कृषकले उत्पादन गरेको कृषिजन्य उत्पादनलाई बजारसम्म पुऱ्याउने सुनिश्चितता गाउँपालिकाले गर्छ। उत्पादन गर्नुहोस् बजारको जिम्मा हाम्रो भो। अब किसानले चिन्ता गर्नुपर्ने जरुरी छैन।

### गाउँपालिकाभित्र सडकको अवस्था कस्तो छ ? भौतिक पूर्वाधार निर्माणको काम कसरी अगाडि बढेको छ ?

गोकुलगंगा गाँउपालिका सिस्टममा चल्छ। जति विकास निर्माणको काम हुन्छ सबै पारदर्शी ढंगले काम हुन्छ। गाउँपालिकाले सडक निर्माणका लागि मेसिन खरिद गरेको छ। जुन मेसिन दैनिकरूपमा नागरिक आवत-जावत गर्ने सडकको मर्मतका लागि प्रयोग हुँदै आएको छ। बाँकी काममा पनि प्रयोग गर्छौं। त्यसलाई गाउँपालिकाले विधि बनाएर सञ्चालन गरेको छ। गाउँपालिकाको आफ्नै भवन निर्माण हुँदै छ। २/३ महिनाभित्र नै पालिकाको आफ्नै भवन हुन्छ।

### स्वास्थ्य र शिक्षाको क्षेत्रमा सुधार गर्ने के-के काम गर्नुभयो ?

स्वास्थ्य र शिक्षालाई गाउँपालिकाले प्राथमिकता दिएको छ। गाउँपालिकाभित्र रहेका विद्यालयमा शिक्षाको अभाव हुन दिएका छैनौं। स्वास्थ्य संस्थाहरूमा पर्याप्त औषधिको व्यवस्था गरेका छौं। स्थानीय जनतालाई स्वास्थ्य बीमा गर्नुपर्छ भन्ने अभियान चलाउन खोजिरहेका छौं। हाम्रो पहलमा नै गाउँपालिकाको केन्द्रमा अस्पताल निर्माणको काम अगाडि बढ्ने भएको छ। हामीले एउटा संस्थासँग साझेदारी गरेर डेढ करोड संस्थाले लगानी गर्ने, डेढ करोड पालिकाले लगानी गरेर काम गर्न खोजिरहेका छौं। अस्पताल निर्माण भएपछि अस्पताका लागि आवश्यक डाक्टर र कर्मचारीको दरबन्दी माग गरेका छौं। यही आर्थिक वर्षबाट स्थानीयस्तरबाट हामी अस्पताल सञ्चालनमा ल्याउँछौं।

हाम्रो गाउँपालिकाको सबैभन्दा ठूलो समस्या शिक्षा क्षेत्रको हो। यस विषयमा हामी निकै चिन्तित छौं। अहिले शिक्षामा हामीले परिवर्तन ल्याउन सकेका छैनौं। एउटा सामुदायिक विद्यालयबाट सञ्चालन हुने शिक्षाबाट भनेजस्तो परिणाम निकाल्न सकेका छैनौं। शिक्षामा सुधार ल्याउनका लागि केही संघ-संस्था मिलेर काम गरिरहेका छौं। शिक्षामा परिवर्तन ल्याउनुपर्छ भनेर हामी अत्यन्तै चिन्ताका साथ लागि परेका छौं। गाउँपालिका जनप्रतिनिधि, शिक्षक, अभिभावक हामी सबै मिलेर सुधारका लागि गृहकार्य भइरहेको छ। गाउँपालिकामा गुणस्तरीय शिक्षाको विकास गर्न हामी आतुर छौं, आशा गरौं बिस्तारै परिवर्तन हुँदै जान्छ।

### निर्वाचनको क्रममा बिदेसिएका युवालाई गाउँमा नै रोजगारी सिर्जना गर्ने प्रतिबद्धता व्यक्त गर्नुभएको थियो नि! अहिले के गर्दै हुनुहुन्छ ?

गाउँपालिकालाई कृषिमा आत्मनिर्भर बनाउनु भनेको नै युवालाई फर्काउने अभियान हो। हामीले कृषि क्षेत्रमा मात्र १८ वटा योजना अगाडि सारेर कार्यान्वयमा जुटेका छौं। यो योजना वृद्धावृद्धाले गर्न सक्दैनन्। त्यसका लागि युवा नै चाहिन्छ। हाम्रो क्षेत्रमा धेरै जलविद्युत् आयोजनाहरू छन्। ती आयोजनाहरूमा पनि युवाशक्तिलाई रोजगारी उपलब्ध गराउनुपर्छ भनेर लागिपरेका छौं। हामीले कृषि र जलविद्युत् क्षेत्रमा निजी क्षेत्रलाई लगानी गर्न पनि आग्रह गरिरहेका छौं। पर्यटन, कृषिलगायतको क्षेत्रमा हामी ७ हजारसम्म रोजगारी सिर्जना गर्न सक्छौं। कृषि र पशुपालनअन्तर्गत हामीले नामाडीमा बृहत् काउ फार्म सञ्चालन गर्ने तयारीमा छौं। यो योजना कार्यान्वयमा ल्याउन सफल भइयो भने १५ सय जनालाई रोजगारी दिन सकिन्छ। हामीले राखेको योजना सफल भएको अवस्थामा ४ वर्षभित्र ४ हजार युवालाई रोजगारी दिन सक्छौं।



# विचार

सयकडौं वैगुणी पुत्रहरूभन्दा एकजना गुणी पुत्र श्रेष्ठ ठहरिन्छ। जस्तो कि लाखौं टिमटिम ताराहरूले भन्दा केवल एउटै उज्ज्वल चन्द्रमाले संसारलाई नै उज्यालो पार्दछ।

– चाणक्य

खराब चीजबाट असल वस्तु प्राप्त भए पनि राम्रो परिणाम हुँदैन। किनकि जहाँ विषको संसर्ग छ, त्यहाँ मृत्युलाई हरण गर्ने अमृतले पनि मृत्यु नै दिने काम गर्दछ।

– हितोपदेश

## सम्पादकीय

नेपाल समाचारपत्र

# तरकारीको सिन्डिकेट अन्त्य गर


सरकारले बजारमा हुने अनियमितता र महँगीको विरुद्ध अनुगमन गर्ने गर्छ । बजारमा कालोबजारी रोक्न र चर्को मूल्य कायम गर्ने व्यापारीहरूमाथि कारबाही गर्न अनुगमन गर्ने संयन्त्र नै बनाएको छ । बजारमा उपभोक्ताहरूले उपभोग गर्ने वस्तुको गुणस्तरियता र मूल्यको बारेमा अनुगमन गर्नको लागि सरकारले आपूर्ति व्यवस्थापन तथा उपभोक्ता संरक्षण विभाग नै गठन गरेको छ । सरकारले हरेक क्षेत्रमा हुने गलत प्रवृत्ति रोक्नका लागि अनुगमन संयन्त्र बनाएको पनि छ । तर प्रभावकारीरूपमा अनुगमन नहुँदा भने बिचौलियाको विगबिगी रहेको छ । सरकारले बनाएको नियम–कानुनअनुसार चल्नु सबैको दायित्व र कर्तव्य पनि हो । तर पुहँच र शक्तिको दुरूपयोग गर्दै नीति निर्माण तहमा रहने निकायलाई नै प्रभावमा पार्दै बिचौलियाहरूले रातारात धनी हुने सपना देखेका छन् ।

हरेक क्षेत्रमा बिचौलियाको बिगबिगी छ । सरकारले यातायात क्षेत्रमा देखिएको सिन्डिकेट केही हदसम्म तोड्न सफल भए पनि पूर्णरूपमा तोड्न सकेको छैन । भौतिक पूर्वाधार तथा यातायातमन्त्री रघुवीर महासेठ नै यातायात व्यवसायीको पक्षमा देखिएपछि अपेक्षाअनुसार सिन्डिकेट तोडिन सकेको छैन । यातायात समितिलाई कम्पनीमा रूपान्तरण गर्ने काम भए पनि अझै अप्रत्यक्षरूपमा यातायात व्यासायीहरूबाट विगतदेखि चलाउँदै आएको एकाधिकारलाई काममै राख्ने खेल भइरहेको छ ।

दैनिकरूपमा हरेक नागरिकले उपभोग गर्ने तरकारीमा पनि वर्षौंदेखि रहँदै आएको बिचौलियको प्रवृत्ति कायमै रहेको छ । नागरिकहरूको गुनासोअनुसार बजार अनुगमन गर्न कालिमाटी पुगेको उपभोक्ता संरक्षण विभागको अनुगमन टोलीलाई तरकारी व्यवसायीहरूले धम्की दिने कामसमेत भएको छ । तरकारी माफियाहरूले किसानसँग सस्तो मूल्यमा खरिद गर्ने र उपभोक्ताहरूलाई चर्को मूल्यमा तरकारी बेच्दै आएका छन् । दु:ख गरेर तरकारी उत्पादन गर्ने कृषकले उचित बजार मूल्य नपाईकनै बिचौलियालाई तरकारी दिन बाध्य भएका छन् भने उपभोक्ताहरू पनि निकै चर्को मूल्य तिरेर तरकारी किन्न बाध्य छन् ।

राजधानी काठमाडौंमा अस्वाभाविकरूपमा तरकारीको मूल्य वृद्धि हुँदै आएको व्यापक गुनासोपछि अनुगमन टोलीले कालिमाटी तरकारी बजारमा अनुगमन गरेको थियो । अनुगमन टोलीलाई प्रभावित पार्ने गरी व्यापारीहरूले दिएको धम्कीपछि उद्योग वाणिज्य तथा आपूर्तिमन्त्री मातृका यादव नै स्वयम् कालिमाटी पुग्नुपर्ने अवस्था सृजना भयो । विगतमा पनि बजार अनुगमनको क्रममा जाने टोलीमाथि तरकारी व्यापारीहरूले अवरोध गर्ने गरेका थिए । कालिमाटीमा देखिएको बिचौलियाको दादागिरीविरुद्ध सरकार सशक्तरूपमा प्रस्तुत हुनुपर्छ । तरकारीमा बालोबजारी गरी सिन्डिकेट कायम राख्न खोज्ने जो–कोहीलाई हदैसम्मको कारबाही गर्नै पर्छ ।

# राष्ट्रियतासँग गाँसिएको नेपालको राष्ट्रिय पोशाक



दीर्घराज प्रसाई

नेपालको राष्ट्रिय पोशाक यहाँको पहिचान र सम्पदा हो। भारत, श्रीलंका, म्यान्मार आदि राष्ट्रका आ-आफ्नै राष्ट्रिय पहिरनहरू छन्। बेलायत, अमेरिका, युरोपियन राष्ट्रहरू सुट-टाई लगाएर खालि टाउकोमा प्रस्तुत हुन्छन्। विश्वभर यस्तै पहिरनको विस्तार होस् भन्ने ठान्छन् उनीहरू। शायद यही प्रभावमा परी २०६८ साल फाल्गुण ११ गते प्रधानमन्त्री नियुक्त भएपछि डा. बाबुराम भट्टराईले नेपालको राष्ट्रिय पोशाक हटाए। यो हाम्रो दुर्भाग्य थियो।

२०६२ साल मंसिरमा दिल्लीमा भएको १२ बुँदे सहमतिपछि कांग्रेस र एमालेले माओवादी नेताहरूले जे-जे भन्छन् त्यसै गरे। त्यसैले २०७० सालको निर्वाचनअघि कांग्रेस र एमालेलाई माओवादीको पुच्छर भनिन्थ्यो। तर अहिले कांग्रेस र एमालेले आफ्नो गुमेको राष्ट्रियता र प्रजातान्त्रिक छवि कायम राख्ने मौका पाएका छन्। यस क्रममा कांग्रेस र एमालेले राष्ट्रिय पोशाकलाई पनि निरन्तरता दिलाए। फाल्गुण ७ गतेको प्रजातन्त्र दिवसलाई पनि निरन्तरता दिलाए। केपी सरकारको नेतृत्वको सरकारले नेपालको राष्ट्रियताका स्रोत राजसंस्था र हिन्दु अधिराज्यलाई यथावत् कायम गरी नेपालको राष्ट्रिय सार्वभौमसत्ता, एकता र विश्वभरका हिन्दुहरूको प्रतिष्ठाको लागि कुनै चासो नदिए तापनि २०७५ साल भाद्र १ गतेदेखि नेपालको राष्ट्रिय पोशाकलाई औपचारिक कार्यक्रमहरूमा यथावत् राख्ने जुन निर्णय गरेको छ, त्यसलाई हामी सबैले धन्यवाद दिनुपर्छ। यसबारेमा केपी ओली धन्यवादका पात्र बनेका छन्। तर अब पहिला राष्ट्रिय पोशाक हटाउनेहरूलगायत सबैले राष्ट्रिय पोशाकको गरिमा बुझेर प्रयोग गर्छन् कि बहिष्कार गर्छन् ? हेर्नु छ।

> नेपालको राष्ट्रिय पोशाकलाई औपचारिक कार्यक्रमहरुमा यथावत् राख्ने जुन निर्णय गरेको छ, त्यसलाई हामी सबैले धन्यवाद दिनुपर्छ। यसबारेमा केपी ओली धन्यवादका पात्र बनेका छन्। तर अब पहिला राष्ट्रिय पोशाक हटाउनेहरुलगायत सबैले राष्ट्रिय पोशाकको गरिमा बुझेर प्रयोग गर्छन् कि बहिष्कार गर्छन् ? हेर्नु छ।

दु:खको कुरा, प्रधानमन्त्री बनेको १० दिन नपुग्दै डा. बाबुराम भट्टराईबाट नेपालको राष्ट्रिय पोशाक दौरा-सुरुवाल, टोपीलाई राष्ट्रिय पोशाक नमान्ने र आफूखुशी जो-जसले जस्तो पोशाक लगाउँछ त्यही राष्ट्रिय पोशाक हो भन्ने गलत निर्णय गरेर नेपालको राष्ट्रिय मूल्य-मान्यता एवम् पहिचानको उपहास गरियो माओवादी नेताहरू प्रचण्ड र बाबुराम भट्टराईहरूले प्रारम्भदेखि नै राष्ट्रिय पहिचानहरूको कदर गर्ने मनसायमा देखिएनन्। प्रधानमन्त्रीको शपथग्रहणको बेला पनि उनीहरूले राष्ट्रिय पोशाकको मान्यता नगरी सुट लगाएर विवादग्रस्त बने। प्रधानमन्त्रीको शपथग्रहण कार्यक्रममा राष्ट्रिय पोशाक ग्रहण गरेको भए उनीहरूको प्रतिष्ठा अरू बढ्थ्यो, घट्दैनथ्यो।

पुरुषका लागि दौरा, सुरुवाल, टोपी र महिलाका लागि चौबन्दी चोलो र सारी नेपालको राष्ट्रिय पोशाक हो। भेषभूषालाई राष्ट्रको सांस्कृतिक अंगको रूपमा लिइन्छ। नेपाली संस्कृतिको पूर्वाधार वैदिककालदेखि नै अभिप्रेरित छ। विक्रम संवत्भन्दा १ हजार वर्षपूर्व हाम्रा भेषहरूको विकास भई आएको पाइन्छ। लोग्नेमान्छेले लगाउने भोटो, दौरा, सुरुवाल, टोपी र स्वस्नीमान्छेले लगाउने ठूलो सारी, चौबन्दी चोलो हो। नेपाली पोशाकको विषयमा अमरकोषमा पनि वर्णन गरिएको छ। नेपाली भेषहरू सांस्कृतिक आधारमा बनेकाले हरनेपालीले हाम्रो पहिचानलाई स्वदेश-विदेशमा प्रयोग गर्नुमा गौरव ठान्छन्।

टोपीको माथिल्लो भाग सगरमाथास्वरूपको हिमालयको प्रतीक भादगाउँले टोपी र विभिन्न बुटाका आकर्षक टोपीहरूको महत्व विश्वभरमा चिनिएको छ। विदेशमा टोपी लगाउनेबित्तिकै नेपाली भन्ने चिनिन्छ। नेपालको राष्ट्रिय पोशाकको धार्मिक तथा तान्त्रिक मतको आधारमा ठूलो महत्व छ। संकट मोचनको हेतुले अष्टमातृकाका प्रतिकात्मक आठ टुक्रा (कल्ली) छाँटी भोटो, चोलो, दौरा, सुरुवाल, जामा, लुगाहरू सिलाउने हाम्रो मौलिक परम्परा छ। सुरुवाल पनि पञ्चभैरवको प्रतीक पाँच टुक्रामा गाँसी सिलाई शुभमुहुर्तमा धारण गर्ने गरिन्छ। नेपालको मौलिक राष्ट्रिय पोशाक तथा राष्ट्रिय झन्डाको महत्व राष्ट्रसंघमा पनि चर्चित छ।

यसो हेर्दा धोती-कुर्था, गाम्छा लगाएर मुडुलो टाउको देखाउँदै राष्ट्रिय-अन्तर्राष्ट्रिय औपचारिक कार्यक्रममा उपस्थित हुनु भारतीय पोशाकको पहिचान देखाउनु हो भने बख्खु लगाएर उपस्थिति हुनु भनेको भूटानीको उपस्थितिजस्तो हो। २०६३ सालभन्दा अघि तराईवासी नेताहरूले राष्ट्रिय र अन्तर्राष्ट्रिय औपचारिक कार्यक्रमहरूमा दौरा-सुरुवाल, टोपी लगाएर उपस्थित भएको बेला कस्तो इज्जत थियो ? अब विदेशमा औपचारिक कार्यक्रममा धोती-कुर्था लगाउँदा के उनीहरूले त्यही इज्जत पाउँछन् त ? हो, नेपालका विभिन्न क्षेत्रमा अनेकौं जाति, जनजाति, संस्कृति, परम्परा, सामाजिक मान्यता रहिआएको छ। भौगोलिक जलवायुको हिसाबले पनि टोपी, दौरा-सुरुवालको प्रयोग हिमाली क्षेत्र र तराई क्षेत्रमा पनि अप्ठ्यारो पर्न सक्छ। त्यसको लागि आ-आफ्नै आवश्यकता र परम्परागत भेषभूषालाई ग्रहण गरिनु राम्रो हो। पोशाकहरूलाई आवश्यकताअनुसार खुशीका साथ प्रयोग गरिनुपर्छ। संसद्को हकमा भन्नुपर्दा त्यहाँ नेपाल अधिराज्यभरका विभिन्न जातजाति तथा सांस्कृतिक पहिचान बोकेका जनप्रतिनिधिहरूको उपस्थिति रहेको हुन्छ। अत: संसद् एक राष्ट्रिय विधायक भएकाले त्यसको ओपचारिक कार्यक्रमबाहेक दैनिक उपस्थितिमा विविध स्वरूपमा विभिन्न जाति, जनजातिका पहिरन लगाएर जनप्रतिनिधिहरूले प्रतिनिधित्व गर्न पाउनको लागि राज्यले नै वैधानिकता दिनुपर्छ। तर आफूखुशी विदेशी सर्ट-पाइन्ट अनि कुर्था-पाइजामाजस्ता पोशाक लगाएर औपचारिक कार्यक्रमहरूमा जाने धृष्टता गर्नु भनेको आफ्नै अपमान हो। स्वदेश-विदेशमा हुने राष्ट्रिय औपचारिक कार्यक्रमहरूमा टोपी, दौरा-सुरुवाललाई ग्रहण गरेर नेपालको पहिचान प्रस्तुत गर्न सक्नु सबैको लागि गौरवको कुरा हो। नेपाली राष्ट्रिय पोशाकको महत्व र परम्परालाई अध्ययन नै नगरी विवादमा पार्न खोजिएको कुरालाई कुनै हालतमा समर्थन गर्न सकिँदैन।

संस्कृतिविद् सत्यमोहन जोशीले दौरा-सुरुवाल र टोपीलाई यथावत् राख्नुपर्छ भन्दै राष्ट्रिय पोशाक हटाएकोमा चिन्ता व्यक्त गरी यथावत् राख्न माग गरेका थिए। वि. नन्द वैद्य लेख्छन्- 'बहुजातीय, बहुधार्मिक, बहुभाषिक, बहुसांस्कृतिक विशेषायुक्त राष्ट्रिय भावानात्मक एकताको सूत्रमा हामी आबद्ध छौं। नेपालमा पृथ्वीनारायण शाह राजा भएपछि मल्ल राजाहरूले लगाउने दौरा-सुरुवाल पोशाक र मल्ल राजाहरूले चलाएको धेरैजसो रीतिरिवाज, अनुशरण गरेको कुरा इतिहासबाट थाहा हुन्छ। मल्लकालीन अवस्थादेखि नै दौरा-सुरुवाल नेपालको राष्ट्रिय पोशाकको रूपमा चिनिदै आएकोले नेपाली जनता, दौरा-सुरुवाल र टोपीलगायतका पोशाकलाई राष्ट्रिय पोशाकको रूपमा अंगाल्न चहान्छन्।'

राष्ट्रिय पोशाक हाम्रो राष्ट्रिय पहिचान भन्दै फुर्पा तामाङ लेख्छन्- 'दौरा-सुरुवाल र कोट खस-बाहुन र क्षत्रीको मात्र भषभूषा होइन। धरैजसो आदिवासी जनजातिले पनि दौरा-सुरुवाल लगाउँछन्। नेवारले पनि लगाएका छन्। म पनि दौरा सुरुवाल लगाउँछु। गाउँघरमा धेरैले दौरा-सुरुवाल नै लाउँछन्। खुकुरी र दौरा सुरुवालले नेपालीलाई वीर नेपाली, वीर गार्खाली भनेर संसारभर चिनाएको इतिहास बिर्सनुहुँदैन।' यस्तै नापी विशेषज्ञ बुद्धिनारायण श्रेष्ठ लेख्छन्- 'दौरा-सुरुवाल, कोट र टोपीले राष्ट्रको चन्द्र-सूर्य अंकित राष्ट्रिय झन्डाले जस्तै नेपालको पहिचान बनाएको छ। राष्ट्रिय पोशाक भनेको राष्ट्रिय औपचारिक समारोहमा लगाउनुपर्ने पोशाक हो। राष्ट्रप्रमुख तथा सरकार प्रमुखको औपचारिक वा राजकीय भ्रमणमा आफ्नो राष्ट्रको इज्जतको लागि राष्ट्रिय पोशाक अनिवार्य हुन्छ। तर औपचारिक, राजकीय भ्रमणमा तीनजना नेपाली पदाधिकारीको तीनथरीको भयो भने यसभन्दा लाजमर्दो केही हुँदैन।'

राष्ट्रिय पोशाकको बारेमा एक खोजकर्ता चित्रराज कुमार त्रिपाठी भन्छन्- 'पृथ्वीनारायण शाहबाट प्रयोग गरिएको लवेदा सुरुवालमध्ये सुरुवालको मोहोता केही ठूलो भए तापनि अहिलेसम्म केही परिस्कृत हुँदै आएको छ। विक्रम संवत् १८०० तिर पृथ्वीनारायण शाहका राजगुरु रंगनाथका दौरा-सुरुवालका परिस्कृत पोशाक नेपाल म्युजियममा देख्न सकिन्छ।' गोर्खाका तत्कालीन पोशाकहरू निहाल्दा त्योभन्दा पहिला उपत्यकाबाहिर सेनवंशी, बाइसी, चौबिसी, साना राज्यका जनतालगायत, बाहुन, क्षत्री, लिम्बु, राई, मगर, तामाङ आदि जातजातिहरूले पनि टोपी, दौरा-सुरुवाल प्रयोग गरिआएका थिए। नेपालीहरूलाई आफ्नै देशको भेष चाहिन्छ। राष्ट्रिय मौलिक भेषले नेपालीहरूको पहिचान खुल्छ। दार्जीलिङमा नेपालीभाषी नरनारीहरूमा नेपाली पोशाक लगाउने लहर आएको छ। अत: राष्ट्रिय पहिचानको रूपमा स्थापित आफ्ना पहिचान, मौलिकता भाषा, भेषभूषा तथा राष्ट्रिय पोशाकलाई हामी कसैले विवादमा ल्याउने काम नगरौं। नेपालका पहिचान मूल्य र मान्यताभन्दा अर्को प्यारो कुनै नेपालीलाई नहोला। हामी सबै नेपालीहरू स्वदेश-विदेश जो-जहाँ भए पनि राष्ट्रको सार्वभौमसत्ता जोगाउन, देशको स्थायित्वका लागि हिन्दुराष्ट्रसहित नेपालको राष्ट्रिय पोशाक कायम राखी विश्वमा आफ्नो पहिचान कायम राख्न प्रतिबद्ध रहौं।

## पाठक पत्र

### राष्ट्रिय गौरवका आयोजनाले सिक्नुपर्ने पाठ

राष्ट्रिय गौरवका आयोजनामा नेपालीको धेरै आशा रहेको छ। आयोजना सम्पन्न हुने वा नहुनेमा आशंका उब्जिरहने अवस्था छ। कतिपय राष्ट्रिय गौरवका आयोजनाहरू समयमा सम्पन्न हुन नसकी अलपत्र पर्ने गरेको बेला बबई डाइभर्सन बहुउद्देश्यीय आयोजनाको सुरुङ खन्ने कार्य भने निर्धारित समयअघि नै सम्पन्न हुने संकेत देखिनु सकारात्मक छ। आयोजनाको सुरुङ आगामी २०२० मार्चमा सम्पन्न गर्ने अवधि भए पनि सोअघि नै काम सम्पन्न हुने अवस्था देखिएको हो। ६ नोभेम्बर २०१७ देखि 'टनेल बोरिङ मेसिन' (टीबीएम) को प्रयोग गरी खन्ने काम शुरू भएको थियो। यो आयोजनाको कुल लागत १६ अर्ब ४५ करोड रुपियाँ छ। निर्धारित समयसीमाअघि नै योजना सम्पन्न हुने यस्तो खबरले पक्कै पनि उत्साह जगाएको छ।

नेपाल भौतिक विकासका दृष्टिकोणले अझै पछाडि छ। अति कम विकसित राष्ट्रको सूचीमा सूचीकृत नेपालले आफ्नो अवस्था सुधारका लागि गर्नुपर्ने धेरै छ। अहिले विभिन्न राष्ट्रिय गौरवका आयोजनाहरू सञ्चालनमा छन्। तर समयमा पूरा भएका आयोजना विरलै छन्। समयमा आयोजना सम्पन्न नहुनुको नियतिले पनि हाम्रो अवस्थामा सुधार आउन सकिरहेको छैन। विभिन्न बहानाबाजीमा निर्माण कार्यको जिम्मा लिने कम्पनी र ठेकेदारहरूले निर्माण कार्यमा अनावश्यक ढिलासुस्ती गर्दा आयोजनाहरूमा लगानीसमेत बढ्ने गरेको छ। तोकिएको लक्ष्यअनुसार काम हुन नसक्दा आवश्यक निर्माण सामग्रीको मूल्य वृद्धि भइसकेको हुन्छ। त्यसले निर्माण लागतको आकारसमेत बढाउँछ। यसरी हरेक आयोजनाहरूमा बढ्दै जाने लगानीले राष्ट्रको अर्थतन्त्रमा समेत नकारात्मक असर पर्ने गरेको छ।

निर्धारित समयमा आयोजनाहरू सम्पन्न हुन नसक्दा त्यसको प्रतिफल कस्तो होला भन्ने प्रश्न उठ्नु स्वाभाविक हो। समयमा काम सकिँदा जति लाभ लिन सकिन्छ, ढिलासुस्ती भएपछि लाभ र प्रभावकारितामा समेत असर पर्न जान्छ। लगानीमै तल-माथि भइसकेपछि अनेक खालका चुनौतीहरू घेरिसकेको हुन्छ।

बनेका आयोजनाहरू निर्बाध ढंगले सञ्चालन गर्न तदारुकता नदेखाउनु, नियमित अनुगमनमा ध्यान नपुग्नु, लापरबाही गर्ने निर्माण कम्पनीहरूलाई कारबाही गर्न नसक्नुजस्ता कारणले यस खालका समस्या बारम्बार आउने गरेका छन्। निर्माणको जिम्मेवारी लिने कम्पनीहरूकै बोलवाला रहनुले पनि उनीहरूको मनपरि देखिन्छ। सरकारले यस्ता कम्पनीहरूको छनौट प्रक्रियामा गम्भीर जाँचपरख नगर्दा वा अनेक स्वार्थका कारण जो पायो त्यहीलाई आयोजना निर्माणको काम सुम्पिँदा पनि झमेला सिर्जना हुन गरेको छ। यस्ता कम्पनीको इतिहास, कामको अनुभव, संलग्न व्यक्तिहरूको प्रवृत्ति, प्राविधिक ज्ञान र क्षमताजस्ता विषयमा पर्याप्त अध्ययन गरी आयोजना सञ्चालनको जिम्मा लगाउने हो भने पनि धेरै हदसम्म अहिलेको नियति दोहोरिने सम्भावना रहँदैन। तर आफ्ना नजिककालाई याउनीहरूबाट आर्थिक लाभ, कमिसनको चक्करमा निर्माण कम्पनी छनोट गर्ने प्रवृत्तिले महत्वपूर्ण आयोजनाहरू थला पर्ने गरेका छन्। यो राष्ट्रकै लागि घातक हो। यसैले जे-जति आयोजनाहरू सञ्चालन भइरहेका छन्, ती सबैले बबई डाइभर्सन बहुउद्देश्यीय आयोजनाबाट पाठ सिक्न सक्नुपर्छ। यसो हुन सक्दा मात्रै आर्थिक विकास र समृद्धिको अभियानले गति पक्रन सक्छ।

*- प्रविन रेग्मी, पोखरा।*

### ज्येष्ठ नागरिक भगवान् हुन्

जीवनको उत्तरार्द्धमा जीवन व्यतीत गरिरहेका ज्येष्ठ नागरिकहरू राज्यका अमूल्य गहना र जिउँदा इतिहास हुन्। उनीहरूको जगेर्ना र सम्मान गर्ने दायित्व राज्यको हो। पछिल्लो समय केही सामाजिक संघसंस्थाले परिवार, समाज र देशका लागि अतुलनीय योगदान गरेका अनुभवी व्यक्तित्वलाई ज्येष्ठ नागरिकका रूपमा सम्मान गर्दै आएका छन्। तर, समग्रमा ज्येष्ठ नागरिकहरू अपहेलित भएका छन्, राज्यबाट पाउनुपर्ने न्यूनतम अधिकारबाट वञ्चित भइरहेका छन्। ज्येष्ठ नागरिकहरू अनुभव र योगदानका हिसाबले स्वत: सम्मानका हकदार मानिन्छन्। तर, उनीहरूको भावना र मौलिक अधिकारका विषयमा राज्य मौन रहेको प्रतीत भइरहेको छ।

सरकारले ज्येष्ठ नागरिकको माग अझैसम्म पूरा गर्न सकिरहेको छैन। ज्येष्ठ नागरिकहरू राज्यबाट मात्र होइन, सामाजिकरूपमा पनि अपहेलित छन् । उमेर ढल्कँदै गएपछि मानिस मानसिक तथा शारीरिकरूपमा अशक्त तथा कमजोर बन्दै जान्छ। पछिल्लो समय केही हदसम्म उनीहरूलाई हेर्ने दृष्टिकोणमा परिवर्तन आए पनि समग्रमा उनीहरू उपेक्षित र अपहेलित नै छन्। पश्चिमेली मुलुकहरूमा विकसित एकल परिवारको संस्कृतिको झल्को नेपालमा पनि देखिँदै छ। घरपरिवारबाट भइरहेका शारीरिक, मानसिक, आर्थिकलगायतका दुर्व्यवहार यसैका उपज हुन्।

ज्येष्ठ नागरिकसम्बन्धी ऐन-२०६३ मा वृद्धवृद्धाहरूलाई संरक्षण र सामाजिक सुरक्षा प्रदान गरी उनीहरूमा रहेको ज्ञान, सीप र अनुभवको सदुपयोग गर्दै श्रद्धा, आदर-सम्मान, सद्भाव अभिवृद्धि गर्ने व्यवस्था गरिएको छ। ६० वर्ष उमेर पुगेकाहरूलाई ज्येष्ठ नागरिक मानिएको उक्त ऐनमा उनीहरूलाई सम्मान गर्नुपर्ने, पालनपोषण र हेरचाह गर्नुपर्ने, उनीहरूले कमाएको सम्पत्ति आफूखुशी खर्च गर्न पाउनुपर्ने उल्लेख छ। ऐनमा सार्वजनिक सवारीमा दुई सिट आरक्षण छुट्याई त्यसमा बस्ने वृद्धवृद्धाका लागि ५० प्रतिशत छुट दिने व्यवस्था छ। तर, यात्रा गर्दा अपहेलित हुनुपर्ने, ज्येष्ठ नागरिकका हैसियतमा सुविधा खोज्दा अपमान, दुर्व्यवहार र आक्रमणको सिकार हुनुपर्ने नियति छ। ज्येष्ठ नागरिकले आरक्षित सिटका लागि मात्रै होइन, सबै ज्येष्ठ नागरिकका लागि छुटको व्यवस्था गर्न माग राख्दै आएका छन्। नेपालको जनसंख्याको करिब १० प्रतिशत ज्येष्ठ नागरिक छन्। ज्येष्ठ नागरिकले ६० वर्ष पुगेकालाई उपचार र यातायात सेवामा सहुलियत चाहेका छन्। यातायात भाडा र स्वास्थ्य उपचारमा ५० प्रतिशत छुट र वृद्धभत्ता बढाउनुपर्ने माग पनि राख्दै आएका छन्।

जीवनभर संघर्ष गर्दै आएका ज्येष्ठ नागरिकको उत्तरार्द्धको समय भनेको तनावमुक्त जीवन व्यतीत गर्नु हो। माया-ममता, आदर-सम्मान र आराम चाहने समय हो। तर, उनीहरूको हकहित र सुविधामा ध्यान दिनुपर्ने अवस्थामा पछिल्लो समय बुढेसकाल लागेपछि वृद्धाश्रममा राख्ने परम्पराले ज्येष्ठ नागरिकको अवमूल्यन भइरहेको छ। ज्येष्ठ नागरिकलाई पालनपोषणको अधिकार, परिवारमा बस्न पाउने अधिकार, परिवार रोज्न पाउने अधिकार, सम्पत्ति आफूखुसी गर्न पाउने अधिकार, मुद्दा-मामिलामा प्राथमिकताको अधिकार, कानुन व्यवसायीद्वारा प्रतिनिधित्व गर्न पाउने अधिकार, प्राथमिकतामा काम गराउन पाउने अधिकार, कैदमा छुट, सामाजिक सुरक्षा पाउने अधिकारलगायतका अधिकार संविधानले प्रदान गरेको छ । तर, सम्मानित जीवन बाँच्न र कानुनले दिएको अधिकारबाट उनीहरू वञ्चित हुनु विडम्बना हो। राज्यले ज्येष्ठ नागरिकका अनुभव, सीप र दक्षतालाई राष्ट्रको विकासमा उपयोग गर्न सक्नुपर्छ। त्यसका लागि ज्येष्ठ नागरिकका विविध विषयमा अध्ययन र अनुसन्धान गरी उनीहरूका चाहना र आवश्यकतालाई संरक्षण एवम् संवर्द्धन गर्नुपर्छ।

*- सुरज पौडेल, चितवन, हाल : काठमाडौं।*

## सामाजिक सञ्जाल




तपाईंले आन्दोलन पेटिकोट लगाएर गर्नुस् वा बिकिनी, त्यो एकछिन्को चर्चा मात्रै हो। वास्तवमा ऐनमा नै परिवर्तन गर्न संसद्मा आवाज चर्कनुपर्छ। परिवर्तनका लागि धेरै उपाय छन्, नाङ्गिन पर्छ भन्ने छैन।

**Saru Dhakal**
**@Saru_Dhakal**



ओली सरकारले सदाचार नीति ल्याउने भनेको कहाँ गयो ? देशमा दुराचार मात्र बढिरहेको छ। सदाचार नीतिलाई किन सिंहदरबारको दराजमा कैद गरियो ? डोनर एजेन्सीहरूको दबाबमा सदाचार नीति थन्कयाउन खोजिएको हो भने ओली सरकारले ठूलो मूल्य चुकाउनुपर्नेछ। खुरूक्क सदाचार नीति जारी गर, लागू गर।

**Sabita**
**@sabitakattel7**



सरकारका नेतृत्वकर्ता लोकतन्त्रवादी हुन् भने मुलुकी ऐनमा आएको कानुन कार्यान्वयन नगर्ने तर तानाशाही भए कार्यान्वयन गर्ने बताउँदै दीक्षितले लोकतन्त्रमा सबभन्दा ठूलो कुरा स्वतन्त्रता भएको बताउनुभयो।

# नेपाल

# संस्थानका कर्मचारीलाई कानुनी व्यवस्था मिलाई सेवा देऊ : *अख्तियार*

**नेपाल समाचारपत्र**

काठमाडौं

अख्तियार दुरुपयोग अनुसन्धान आयोगले सार्वजनिक संस्थानका कर्मचारीलाई सेवासुविधा वितरण गर्दा कानुनी व्यवस्था मिलाई सेवासुविधा दिन प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र अर्थ मन्त्रालयलाई सुझाव दिएको छ।

आयोगले सुझावमा संस्थानको आर्थिक अवस्था, वित्तीय क्षमता, व्यावसायिक कारोबारको अवस्था, वस्तु र सेवाको उत्पादन एवं वितरणको प्रभावकारिता र संस्थाको दीर्घकालीन दायित्वको विवेचनासमेतका आधारमा छुट्टै कोषको व्यवस्था गर भनेको छ। आयोगले सरकार र अर्थसँग सुझाव दिँदै भनेको छ- 'त्यस्ता सुविधालाई पारिश्रमिकको अभिन्न अंग बनाई एकरूपता कायम हुनेगरी निश्चित मापदण्ड तोकेर यस्ता सबै प्रकारका सुविधालाई वार्षिक आयमा गणना गर्ने कानुनी व्यवस्था मिलाई सेवा सुविधा उपलब्ध गराऊ।'

संस्थानमा वितरण गर्ने सेवासुविधालगायतका विषयमा छानबिन गर्दा आयोगले संस्थानले उत्पादन र संकलन गरी सर्वसाधरणसँग शुल्क लिएर वितरण गर्ने सार्वजनिक सेवा तथा वस्तु, आफ्ना पदाधिकारी र कर्मचारीलाई नि:शुल्क सुविधाको रूपमा उपलब्ध गराउने गरेको तथ्य फेला पारेको थियो। विभिन्न ११ संस्थानलाई नमुनाको रूपमा लिएर छानबिन गर्दा अयोगले ती संस्थानले प्रदान गरेका सेवासुविधामा एकरूपतासमेत देखिएको थिएन। कुनै संस्थानले कर्मचारी सेवा सर्तसम्बन्धी नियमावलीमा व्यवस्था गरेर र कुनैले सञ्चालक समितिबाट निर्णय गरेर यस्ता सुविधा प्रदान गर्ने गरेको पाइएको आयोगले जनाएको छ।

त्यसैगरी नि:शुल्क उपलब्ध गराएको वस्तु र सेवाको मूल्य गणना गर्दा संस्थानपिच्छे विविधता रहेको पाइएको आयोगको छानबिनले देखाएको छ। कतिपय संस्थान घाटामा जाँदासमेत सेवासुविधामा अधिकार स्थापित गर्न खोजेको देखिएको छ। कुनै संस्थानले सुविधा नै उपलब्ध नगराएको र कुनैले अत्यधिक सुविधा उपलब्ध गराएको तथा अवकाशपछि पनि सेवासुविधा वितरणमा निरन्तरता दिएकोसमेत भेटिएको छ। साथै पदाधिकारी र कर्मचारीले प्राप्त गरेको सेवासुविधालाई वार्षिक आयमा गणना गर्ने नगरिएको र सोबापतको कर निर्धारणसमेत हुने गरेको नदेखिएको आयोगले जनाएको छ।

दूग्ध विकास संस्थानले कर्मचारीका लागि दैनिक १ लिटर दूध, मासिक १ केजी मखन वा घ्यु दिएबापत संस्थानलाई विगतको ५ वर्षदेखि ११ करोड ८१ लाख ९७ हजार १ सय १२ रुपियाँ थप व्ययभार परेको जनाएको छ।

नेपाल खानेपानी संस्थानले कर्मचारीका लागि दैनिक ५ सय ६० रुपियाँका दरले खानेपानी महसुल सुविधा दिएबापत विगत ५ वर्षदेखि १ करोड ८९ लाख ९६ हजार ४ सय ६० रुपियाँ थप व्ययभार परेको देखिएको आयोगले जनाएको छ।

नेपाल टेलिकमले तह १ देखि पबन्ध निर्देशक र सञ्चालक समितिका सदस्यलाई तहगतरूपमा मासिक टेलिफोन (मोबाइल र ल्यान्डलाइन) र इन्टरनेट सुविधा उपलब्ध गराएर विगत ५ वर्षदेखि ५६ करोड २८ लाख ६८ हजार २ सय ६५ रुपियाँ व्ययभार परेको उल्लेख छ। त्यस्तै नेपाल विद्युत् प्राधिकरणले प्रतिकर्मचारीलाई मंसिरदेखि वैशाखसम्म ६ महिना ७५ युनिट र जेठदेखि कात्तिकसम्म १ सय २५ युनिटसम्म विद्युत् सुविधा दिएको आयोगले जनाएको छ।

हेटौंडा सिमेन्ट उद्योगले भने कर्मचारीलाई वार्षिक ६ बोरा सिमेन्ट दिने गरेको र नेपाल वायु सेवा निगमले भने सञ्चालक सदस्यलाई वार्षिक ४ वटा टिकट नि:शुल्क र ३ वटा ९० प्रतिशत छुटमा राउन्डट्रिप टिकट दिइरहेको छ। अवकाश प्राप्त सञ्चालकलाई वार्षिक २ वटा नि:शुल्क र २ वटा ९० प्रतिशत छुटमा राउन्ड ट्रिप टिकट र कार्यरत कर्मचारीलाई वार्षिक ४ वटा नि:शुल्क र ३ वटा ९० प्रतिशतमा राउन्ड ट्रिप टिकटको सुविधा रहेको र अवकाशप्राप्त कर्मचारीलाई आजीवन वार्षिक २ वटा नि:शुल्क हवाई टिकट प्रदान गर्ने गरेको आयोगले जनाएको छ। यस्ता सुविधा आफन्त र परिवारले समेत उपभोग गर्न पाउने व्यवस्था रहेको अख्तियारले उल्लेख गरेको छ।

## ट्राफिक नियन्त्रण तालिम समापन

काठमाडौं, (नेस)

राष्ट्रिय प्रहरी प्रशिक्षण प्रतिष्ठान महाराजगन्जको तत्त्वावधानमा महानगरीय ट्राफिक प्रहरी महाशाखाद्वारा महानगरीय सशस्त्र प्रहरी गण महाराजगन्जमा सञ्चालित ट्राफिक नियन्त्रण तालिम १२७औं समूहको सोही महाशाखामा मंगलबार आयोजित एक कार्यक्रमबीच समापन भएको छ।

तालिम समापनका अवसरमा आयोजित कार्यक्रममा महानगरीय ट्राफिक प्रहरी महाशाखाका प्रहरी वरिष्ठ उपरीक्षक वसन्तकुमार पन्तले प्रशिक्षार्थीलाई प्रमाणपत्र वितरण गर्नुभयो। सो अवसरमा प्रशिक्षार्थीलाई निर्देशन दिँदै उहाँले तालिममा सिकेका ज्ञान सीपलाई अनुशासित र इमानदारीपूर्वक लागू गरी दिएको जिम्मेवारी पूरा गर्नुपर्ने बताउनुभयो।

सो अवसरमा प्रहरी नायब उपरीक्षक मदन कुँवरले तालिमसम्बन्धी प्रतिवेदन प्रस्तुत गर्दै ४५ दिन कार्यअवधि रहेको उक्त तालिममा प्रहरी हवल्दार १ र प्रहरी जवान ६३ गरी कुल ६४ जना प्रशिक्षार्थीको सहभागिता रहेको जानकारी दिनुभयो।

## अवैध वन पैदावारका सामानसहित पक्राउ

काठमाडौं, (नेस)

काठमाडौं महानगरपालिका-२६ ठमेलस्थित अन होटल सञ्चालन गरी बस्ने चिनियाँ नागरिक ४५ वर्षीय चेन क्याङलाई अवैध वन पैदावारका सामानसहित प्रहरीले पक्राउ गरेको छ।

निजले विभिन्न निषेधित जडिबुटीको कारोबार गर्दै आएको सूचना प्राप्त भएपछि महानगरीय प्रहरी वृत्त लैनचौरबाट खटिएको प्रहरी टोलीले सोमबार उक्त होटलको कोठा तलासी गर्दा यर्सागुम्बाजस्तो देखिने वस्तु ९० ग्राम, सिहर्सजस्तो देखिने वस्तु ३ सय ग्राम, सुनाखरीजस्तो देखिने वस्तु ३ सय ३० ग्राम, विभिन्न वन पैदावार जडिबुटीका बोक्रालगायतका वस्तु १ सय ५० ग्राम, विभिन्न जडिबुटीको फलजस्तो देखिने वस्तु ६ केजी ५ सय ग्राम बरामद गरेको थियो। यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ।

# मेरुदण्ड पक्षघात समूहलाई आर्थिक सहयोग हस्तान्तरण



**नेपाल समाचारपत्र**

काठमाडौं

काठमाडौं गोकर्णेश्वर नगरपालिका-८ माकलबारीस्थित मेरुदण्ड पक्षघात समूह नेपाललाई नेपाल पूर्वप्रहरी परिवार मञ्च बेलायतबाट प्राप्त २ लाख ५० हजार रुपियाँको आर्थिक सहयोग हस्तान्तरण गरिएको छ। प्रहरी महानिरीक्षक सर्वेन्द्र खनालको प्रमुख आतिथ्यमा सोही समूहको कार्यालयमा मंगलबार आयोजित एक कार्यक्रमबीच सो रकम हस्तान्तरण गरियो।

मेरुण्ड पक्षघात भएका विद्यार्थीको स्वावलम्बन जीवन पद्धति, सिकाइ र आवास सञ्चालनका लागि प्राप्त उक्त आर्थिक सहयोग प्रहरी महानिरीक्षक सर्वेन्द्र खनाल, गोकर्णेश्वर नगरपालिकाकी उपमेयर शान्ति नेपाल र सोही मञ्चका सल्लाहकार पूर्वप्रहरी नायव उपरीक्षक शिवजी श्रेष्ठले संयुक्तरूपमा समूहका उपाध्यक्ष बाबुराम मिश्रलाई हस्तान्तरण गर्नुभएको हो।

कार्यक्रमलाई सम्बोधन गर्दै प्रहरी महानिरीक्षक खनालले मेरुदण्ड पक्षघात भएका विद्यार्थीको स्वावलम्बन जीवन पद्धति सिकाइ एवं आवास सञ्चालनलाई यस आर्थिक सहयोगले थप हौसला प्रदान गर्ने बताउँदै यस्ता सहयोग एवं अन्य सामाजिक गतिविधिमा सदैव क्रियाशील रहेको नेपाल पूर्वप्रहरी मञ्चका सम्पूर्ण सदस्यको योगदानको प्रशंसा गर्नुभयो।

मेरुदण्ड पक्षघात भएका विद्यार्थीको हित एवं उनीहरूको भविष्य उज्ज्वल बनाउन आउँदा दिनमा नेपाल प्रहरी श्रीमती संघसँग नेपाल पूर्वप्रहरी परिवार मञ्चले समन्वय गर्दै जाने विश्वास व्यक्त गर्दै प्रहरी महानिरीक्षक खनालले विभिन्न संघसंस्था तथा सरोकारवाला निकायले पनि आ-आफ्नो ठाउँबाट सहयोग गर्नुपर्ने आवश्यकता रहेको विचार व्यक्त गर्नुभयो।

उक्त अवसरमा गोकर्णेश्वर नगरपालिकाकी उपमेयर शान्ति नेपालले बौद्धिक, शरीरिक र मेरुदण्ड पक्षघातबाट भएका अशक्त एवं बिरामीलाई नगरपालिकाको तर्फबाट समेत सहयोग हुँदै आएको बताउँदै सामुदायिक एवं सामाजिक गतिविधि तथा भौतिक संरचना निर्माण गर्दा अपांगमैत्री हुनुपर्नेमा जोड दिनुभयो।

सो अवसरमा मेरुदण्ड पक्षघात समूह नेपालका उपाध्यक्ष बाबुराम मिश्र, कोषाध्यक्ष गायत्री दाहाल, नेपाली सेनाका पूर्वसहायक रथी डा. प्रेमसिंह बस्नेत, गोकर्णेश्वर नगरपालिका-८ का वडाध्यक्ष मनिज ढुंगाना, गोकर्णेश्वर नगरपालिका-४ का वडाध्यक्ष श्रीकुमार श्रेष्ठ र मानवअधिकार केन्द्रका महासचिव जगदीशप्रसाद अधिकारीले समेत मन्तव्य व्यक्त गर्नुभएको थियो।

# 'मुलुकी ऐन प्रेस तथा मानवअधिकारविरुद्धमा'

काठमाडौं, (नेस)

राष्टिय मानवअधिकार आयोगका सदस्य सुदीप पाठकले लोकतन्त्रमा नागरिकले बोल्ने र सरकारले सुन्ने भए पनि त्यसको विरुद्धमा मुलुकी ऐन आएको बताउनुभएको छ। संविधानमा स्वास्थ्य, शिक्षा र रोजगारसहित आधारभूत कुरा मौलिक लेखिएको संविधान जारी भइसकेकाले मुलुकी ऐन आवश्यक नभएको उहाँले बताउनुभयो।

क्रान्तिकारी पत्रकार संगठनद्वारा आयोजित अन्तरक्रियामा बोल्दै पाठकले भन्नुभयो- 'लोकतन्त्रमा नागरिक बोल्छ, सरकार सुन्छ तर तानाशाहीमा सरकार बोल्छ, नागरिक सुन्छ।' 'हाम्रो देशमा पनि लोकतन्त्र छ, नागरिकले बोल्नुपर्छ र सरकारले सुन्नुपर्छ' -उहाँले थप्नुभयो। उहाँले मुलुकी ऐनले प्रेस स्वातन्त्रता र नागरिक अधिकारमाथि प्रश्न उठाएको बताउनुभयो। नागरिक अगुवा डा. सुन्दरमणि दीक्षितले मुलुकी ऐन मानवअधिकारमाथि हतियारका रूपमा आएको बताउनुभयो। उहाँले राज्यको चौथो अंगले यसबारे नागरिकलाई सुसूचित नगरेको भन्दै आफू पत्रकारविरुद्ध आक्रोशित भएको धारणा राख्नुभयो।

सरकारका नेतृत्वकर्ता लोकतन्त्रवादी हुन् भने मुलुकी ऐनमा आएको कानुन कार्यान्वयन नगर्ने तर तानाशाही भए कार्यान्वयन गर्ने बताउँदै दीक्षितले लोकतन्त्रमा सबभन्दा ठूलो कुरा स्वतन्त्रता भएको बताउनुभयो। उहाँले शासक कमजोर भए मात्र स्वातन्त्रतासँग डराउनुपर्ने बताउनुभयो।

## गुन्डागर्दी गर्ने सात समातिए

काठमाडौं, (नेस)

गुन्डागर्दी गर्दै व्यापारीलाई धम्कचाउने, तर्साउने, जबरजस्ती लुटपाट गर्नेजस्ता कार्यमा संलग्न ७ जनालाई रिवल्भर १ थान, सोको म्याग्जिन १ थान, गोली ४ राउन्डसहित प्रहरीले पक्राउ गरेको छ।

पक्राउ पर्नेमा काठमाडौं नारायणटार बस्ने खोटाङ हलेसी च्यासमिटार घर भएका २१ वर्षीय भूपेन्द्र राई, सिफल बस्ने भोजपुर खावा घर भएका २३ वर्षीय सनित राई, चाबहिल बस्ने सोलुखुम्बु तम्बु घर भएका २६ वर्षीय मिङ्मा शेर्पा रहेका छन्। त्यसैगरी बौद्ध बस्ने काभ्रे कोशीपारी सिमथली घर भएका ३५ वर्षीय राजु भण्डारी, भक्तपुर ठिमी घर भई चाबहिल बस्ने १८ वर्षीय सुरेश श्रेष्ठ, चाबहिल मित्रपार्क बस्ने चितवन भरतपुर हाकिम चोक घर भएका २३ वर्षीय रोनिक श्रेष्ठ र रामेछाप डोडखानी घर भएका २६ वर्षीय विमल भन्ने सुजन थापा मगर रहेका छन्।

महानगरीय प्रहरी परिसर काठमाडौंबाट खटिएको प्रहरी टोलीले उनीहरूलाई सोमबार शंकास्पदरूपमा ग्याङ बनाई हिँडिरहेको अवस्थामा उक्त हतियार र गोलीसहित पक्राउ गरेको हो। यस सम्बन्धमा प्रहरीले अन्य आवश्यक अनुसन्धान गरिरहेको छ।

## सार्वजनिक स्थानको संरक्षणमा कामपा

काठमाडौं, (नेस)। काठमाडौं महानगरपालिकाले आफ्ना सबै वडामा रहेका खुला सार्वजनिक स्थानको पहिचान र संरक्षणको कामलाई अघि बढाएको छ।

३२ वडा रहेको कामपामा हालसम्ममा वडा नं ३, २९ र ६ मा रहेको सार्वजनिक जग्गाको पहिचान भइसकेको छ। वडा नं ३ मा १५ रोपनी, ६ मा १० रोपनी र २९ मा ९ रोपनी सार्वजनिक जग्गाको पहिचान भएको छ। ३ वडाका जग्गालाई संरक्षण र सबैको पहुँचमा ल्याउन बगैंचा निर्माणका लागि डिजाइनको काम भइसकेको छ। अन्य वडाको जग्गा पहिचान गर्न ३ महिनाअघि कामपाका प्रमुख विद्यासुन्दर शाक्यले वडाध्यक्षलाई निर्देशन दिनुभएको थियो।

## सिनेमा कर्नर












अग्नि यातायात प्रा. लि.
दिवा सेवा काठमाडौंबाट बिहान ८ बजे पोखरा ८ बजे
रात्री सेवा काठमाडौं काँकड्भिट्टा र धरान
फो. नं. ०१-५२२५०३३
मो. नं. ९८४१५७९६९७ ( शम्भु )

माउन्ट मकालु यातायात सेवा
काठमाडौं-बिर्तामोड-ताप्लेजुङ
प्रस्थान दिउँसो २ बजे
केन्द्रीय कार्यालय, कलंकी
सम्पर्क फोन : ०१-५२२५१७२, ५२२५२५२, ५२२५१२३



## आजको राशि

ज्यो. चन्द्रेश शर्मा

**मेष** : राजनीतिमा सफलता, मान-सम्मान, फलदायी यात्रा।
**वृष** : रोगव्याधि, गर्न लागेको काममा बाधा, आर्थिक समस्या।
**मिथुन** : धन प्राप्ति, विपरीतलिंगीबाट सहयोग, शुभ यात्रा।
**कर्कट** : धनलाभ, खेलकुद-परीक्षामा विजय, सुख-सन्तोष।
**सिंह** : गरेका काममा सफलता, आर्थिक लाभ, सुख-सन्तोष, स्फूर्ति।
**कन्या** : अपच, विनाकाममा दौडधुप, विभिन्न अल्झन आइलाग्दा तनाव।
**तुला** : आर्थिक उन्नति, पराक्रम वृद्धि, आवश्यक वस्तु वा सेवा प्राप्ति।
**वृश्चिक** : बौद्धिकता वृद्धि, कूटनीतिमा सफलता, धनलाभ, शुभ समाचार।
**धनु** : मिष्ठान्न भोजन, पेसा-व्यवसायबाट आम्दानी, गरेका कार्य सफल।
**मकर** : धन हानि, स्वास्थ्य समस्या, विवाद, नैराश्यता एवम् चिन्ता।
**कुम्भ** : धन-सम्पत्ति-खाद्यान्न प्राप्ति, आर्थिक लाभ, पारिवारिक सुख।
**मीन** : काममा सफलता, हर्षोल्लास, नवीन कार्यमा जोश-जाँगर।



# प्रदेश-३



{ स्थानीय सरकार जनतालाई सेवा दिन बसेकाले धेरैजसो सिफारिस निःशुल्करूपमा गरिँदै आएको मेयर महतले बताउनुभयो।

# नागरिकता बनाउने अत्यधिक

चिरञ्जीवी मास्के, दोलखा

जिल्ला प्रशासन कार्यालय दोलखाले सोमबार एकैदिन अहिलेसम्मकै सर्वाधिक ४ सय ५० वटा नागरिकता वितरण गरेको छ। त्यसमा ६२ वटा प्रतिलिपि नागरिकता रहेको प्रमुख जिल्ला अधिकारी सागरमणि पाठकले बताए।

राष्ट्रिय महत्त्वको माथिल्लो तामाकोसी जलविद्युत् आयोजनाले आयोजनास्थल दोलखाबासीका लागि १ अर्ब ५ करोड ९० लाख बराबरको १ करोड ५ लाख ९० हजार कित्ता (१० प्रतिशत) सेयर खुला गरेपछि केही दिनदेखि जिल्ला प्रशासन कार्यालय दोलखामा नागरिकता बनाउनेको अत्यधिक भीड लाग्ने गरेको छ। आइतबार २ सय ५० जनाले नागरिकता बनाएकामा सोमबार ४ सय ५० जनाको नागरिकता बनाइएको प्रमुख जिल्ला अधिकारी पाठकले बताए। नागरिकता बनाउनेको भीड बढेपछि जिल्ला प्रशासन कार्यालय दोलखाले अहिले बिहान ७ बजेदेखि बेलुका ७ बजेसम्म कार्यालय सञ्चालन गर्दै आएको छ।

दैनिक १३ घण्टा कार्यालय सञ्चालन गर्दा पनि मानिसले कार्यालय आएकै दिन नागरिकता पाउन कठिन भएको छ। नागरिकता लिन लाइनमा उभिएका दोलखा गौरीशङ्कर गाउँपालिकाको झ्याकु निवासी कुलबहादुर बस्नेतले आफू आइतबार बिहानै नागरिकता बनाउन आएको भए पनि सोमबार साँझसम्म मात्र नागरिकता हात पर्छ कि भन्ने आसमा रहेको बताए। कार्यालयका कर्मचारीले निरन्तर काम गरिरहेको भए पनि भीड धेरै भएकाले चाँडो पालो नआएको बस्नेतले बताए।



जिल्ला प्रशासन कार्यालय दोलखाले सामान्यतया दैनिक १ सयभन्दा कम नै नागरिकता वितरण गर्दै आएकामा तामाकोसी आयोजनामा सेयर भर्नकै लागि नागरिकता लिनेको संख्यामा अत्यधिक वृद्धि भएको प्रमुख जिल्ला अधिकारी पाठकको भनाइ छ। अहिले नागरिकता लिन आउनेमा १६ देखि २० वर्ष उमेर समूहका युवाहरू अत्यधिक रहेको प्रमुख जिल्ला अधिकारी पाठकले बताए।

आयोजनाले १ अर्ब ५ करोड ९० लाख बराबरको सेयर खुला गरेको भए पनि सोमबारसम्म २ अर्ब ५ करोड रकम सङ्कलन भइसकेको माथिल्लो तामाकोसी आयोजनाका प्रवक्ता डा. गणेश न्यौपानेले बताए। शुक्रबारसम्म काठमाडौंमा सङ्कलन भएको रकम मात्र एक अर्ब ६० करोड रहेको डा. न्यौपानेले बताए। सेयर आवेदन दिनेको संख्याको हिसाबले सोमबारसम्म १ लाख ४ हजार जनाले आवेदन दिएको डा. न्यौपानेको भनाइ छ। भदौ १४ गतेसम्म सेयर आवेदन दिने मिति तोकिएको र आवेदन दिने अन्तिम दिन जन्मने दोलखालीले समेत सेयर आवेदन दिन पाउने भएकाले १० प्रतिशत सेयरको हकदार झन्डै ३ लाख पुग्न सक्ने अनुमान गरिएको प्रवक्ता डा. न्यौपानेले बताए।

## मन्दिरको पुनर्निर्माण छिटो गर्न माग

नुवाकोट, (नेस)

नुवाकोटको गौरव भनेर चिनिने ऐतिहासिक धरोहरको रूपमा रहेको पुरातात्त्विक सम्पदा साततले दरबार र दरबार आसपासको मन्दिरहरूको पुनर्निर्माण शुरू गर्न सरोकारवालाहरूले माग गरेका छन्।

भूकम्प गएको ४० महिना बितिसक्दा पनि नुवाकोटको धरोहरका रूपमा परिचित धार्मिक तथा ऐतिहासिक सम्पदाको पुनर्निर्माण हुन नसक्दा सरोकारवालाहरूले चिन्ता व्यक्त गरेका हुन्। भूकम्पबाट ध्वस्त भएको साततले दरबार, भैरवी मन्दिर, तलेजु भवानीको मन्दिरलगायतका धार्मिक सम्पदाको पुनर्निर्माण कार्यका लागि शुरूमा भारतले चासो देखाए पनि अहिले चिनियाँ प्राविधिकहरूले सर्वेक्षण गरी पुनर्निर्माण गरिदिने सम्झौता भएको छ।

तर, चीनले कहिलेबाट, कति लागतमा र कहिलेसम्ममा दरबार तथा मन्दिरको निर्माण गरिसक्ने एकिन योजना सार्वजनिक नगर्दा सरोकारवाला निकायहरू अन्योलमा परेका छन्। अबिरल वर्षासँगै जीर्ण बनेको साततले दरबार र भैरवी मन्दिर माथिबाट लगातार ढुंगा खस्ने कारण त्यस क्षेत्रका धेरै घरहरू जोखिममा परेको सर्वसाधारणहरूको भनाइ रहेको छ।

# मागअनुसार सुन नपाएको भन्दै पसल बन्द

नेपाल समाचारपत्र

चितवन

नेपाल सुनचाँदी व्यवसायी संघ चितवनले आजदेखि जिल्लाका सबै सुनचाँदी पसल बन्द गराएको छ। मागबमोजिम सुन नपाएपछि संघ आन्दोलनमा उत्रिएको हो। संघले विरोध स्वरूप मंगलबार चितवनका सबै सुनचाँदी पसल बन्द गरेको छ। आन्दोलनको कार्यक्रमअनुसार बुधबार पनि पसल बन्द रहने संघका अध्यक्ष जीवनज्योति सदाशंकरले जानकारी दिए।

संघले सोमबार अपराह्न पत्रकार सम्मेलन गरी राज्यलाई आफूहरूको मागबारे दबाब दिन २ दिन पसल बन्द गर्ने निर्णय भएको जानकारी दिएको थियो। संघका अध्यक्ष सदाशंकरले सरकारसँग पटक-पटक मागबमोजिम सुन उपलब्ध गराउन आग्रह गरिए पनि कुनै सुनुवाइ नभएपछि बाध्य भएर आन्दोलनमा उत्रिनुपरेको बताए। उनले चाडबाडको बेला सुनको माग झनै बढेकाले सरकारलाई दबाब स्वरूप पसल बन्द गरिएको बताए। उनले पर्याप्त मात्रामा सुन नआएकाले ग्राहकहरूलाई उपलब्ध गराउन सक्ने अवस्था नरहेको बताए। 'माग बढ्दो छ, ग्राहकलाई मागेजति सुन उपलब्ध गराउन सकेका छैनौं।' -अध्यक्ष सदाशंकरले भने। उनले बजारबाटै खरिद भएका सुनचाँदीबाट केही मात्रामा भए पनि बजार धान्ने गरेको बताए।

व्यवसायीहरूले नेपाल राष्ट्र बैंकको सिन्डिकेटका कारण यो समस्या आएको आरोप लगाएका छन्। राष्ट्र बैंकले चितवनमा सातामा २ केजी मात्रै सुन उपलब्ध गराउने गरेको छ। तर यहाँको माग ५ केजीसम्म भएकाले बजारमा सुन अभाव भएको अध्यक्ष सदाशंकरको भनाइ छ। सबैभन्दा बढी काठमाडौं उपत्यकाबाहिरका सुनचाँदी व्यवसायीहरू यसको मारमा परेका छन्।

राष्ट्र बैंकले ६५ प्रतिशत सुन काठमाडौंमा र बाँकी उपत्यकाबाहिर पठाउने गरेको छ। साताको २ केजीले पूरै चितवनको सुनचाँदी बजार धान्नुपर्ने अवस्था आएकाले समस्या सिर्जना भएको युवा उद्योगी व्यवसयी रुविन रामदामु बताउँछन्। 'सुनचाँदी किन्न आउने ग्राहकलाई रित्तो हात फर्काउनुपर्ने अवस्था आएको छ, चाडबाडको बेला यस्तो समस्याले सबैलाई कठिन बनाएको छ।' -रामुदामुले भने।

सुनचाँदी व्यवसायी ज्ञानेन्द्रमान शाक्यले राष्ट्र बैंकको सिन्डिकेट नतोडिएसम्म यो समस्या जारी रहने बताए। उनले भने- 'राष्ट्र बैंकको सिन्डिकेटले सारा सुनचाँदी व्यवसायी मारमा परेका छन्, सरकारले यसतर्फ सोच्नुपर्छ।' चितवनमा करिब ५ सय सुनचाँदी पसलहरू रहेका छन्।

# वनदेवी मन्दिरमा क्षमापूजा

नेपाल समाचारपत्र

नुवाकोट

नुवाकोटको ऐतिहासिक मन्दिर वनदेवीमा क्षमापूजा गरिएको छ। मन्दिरको पुनर्निर्माण शुरू हुनुभन्दा अगाडि स्थानीयवासी तथा वनदेवी मन्दिर हाम्रो सम्पदा समितिले पण्डित केशवप्रसाद प्याकुरेल र नेवारी पुरोहित गुभाजु मुसुम वज्राचार्यमार्फत संयुक्तरूपमा क्षमापूजा गराएको हो।

मन्दिरको पुनर्निर्माणको गर्न परिसरमा रहेका रूखहरू काट्नुपर्ने, संरचनालाई मर्मत गर्नुपर्ने भएकाले क्षमापूजा गरिएको वनदेवी मन्दिर हाम्रो सम्पदा समितिका अध्यक्ष ठाकुर खतिवडाले बताए। करिब १ हजार ७० वर्ष पुरानो मन्दिर संरक्षण तथा पुनर्निर्माण गर्न स्थानीयवासीले वनदेवी मन्दिर हाम्रो सम्पदा समितिसमेत गठन गरी मन्दिर पुनर्निर्माण अघि बढाएका छन्। भूकम्पका कारण क्षतिग्रस्त भएको मन्दिर पुनर्निर्माणमा स्थानीय नागरिकहरूले सहयोग संकलन गरी पुनर्निर्माण शुरूसमेत गरिसकेका छन्। मन्दिर निर्माणका लागि वनदेवी मन्दिर हाम्रो सम्पदा समितिसहित प्राविधिक समिति, संरक्षण समिति, आर्थिक उपसमिति र निर्माण उपसमितिसमेत बनाइएको छ।

वनदेवी मन्दिर हाम्रो सम्पदा समितिको अध्यक्षमा ठाकुर खतिवडा रहेका छन् भने उपाध्यक्षमा राजनमान श्रेष्ठ, सचिवमा ईश्वर डंगोल, सहसचिवमा रुकबहादुर हमाल र कोषाध्यक्षमा सुविन राजभण्डारी रहेका छन्। त्यस्तै सदस्यहरूमा सुरेन्द्रकुमार शाही, नारायणमान श्रेष्ठ, राजकृष्ण श्रेष्ठ, राजकुमार श्रेष्ठ, राजेन्द्र पाण्डे, प्रमोद पण्डित, इन्जिनियर रामकृष्ण राजभण्डारी, नवीन्द्रमान श्रेष्ठ, जीवन श्रेष्ठ, उद्धवप्रसाद थपलिया, राजेन्द्र थपलिया र राजेन्द्रमान डंगोल रहेका छन्।

प्राविधिक समितिको संयोजकका रूपमा इन्जिनियर आत्मकुमार शाह, संरक्षण समितिको संयोजकका रूपमा विदुर नगरपालिका वडा नं २ का वडाअध्यक्ष वीरेन्द्रकुमार शाही रहेका छन्। त्यस्तै आर्थिक उपसमितिको संयोजकका रूपमा सबिन राजभण्डारी रहेका छन् भने निर्माण उपसमितिको संयोजकमा उद्धवप्रसाद थपलिया रहेका छन्। मन्दिर निर्माणको काममा विदुर सिटी युथ क्लबले सचिवालयको काम गरिरहेको छ। मन्दिर निर्माणका लागि अर्थ संकलन कार्य तीव्र पारिएको छ। मन्दिर निर्माण गर्न करिब साढे ४ लाख संकलन भइसकेको आर्थिक उपसमितिका सदस्य सुनिल श्रेष्ठले बताए।

परापूर्वकालदेखि नै भैरवी मन्दिरसँगै वनदेवीलाई पूजा गरेर भैरवी रथ बन्धनका रूपमा शुरू गर्ने परम्परा रहेको नुवाकोट दरबार हेरचाह तथा स्मारक संरक्षणका द्वारे महेन्द्रबहादुर शाहीले बताए। परापूर्वकालदेखि चल्दै आएको नुवाकोटको ऐतिहासिक भैरवी मन्दिरको पुनर्निर्माणमा स्थानीयहरू आफै सक्रिय भएका हुन्। स्थानीयहरूको सहभागितामा मन्दिरको संरक्षण हुनु ऐतिहासिक सम्पदाको दिगो रूपमा पुनर्निर्माण हुने संकेत रहेको विदुर नगरपालिका-४ का वडा अध्यक्ष तथा मन्दिर संरक्षण समितिका सदस्य टलकमान श्रेष्ठले बताए। मन्दिर परिसरमा वनदेवी मन्दिर हाम्रो सम्पदाको कार्यसमिति, उपसमितिको नामावली, सहयोगीको दाताको नामावली र परियोजनाको बारेमा जानकारी दिन नक्सा प्रकाशनसमेत गरिएको छ।

मन्दिरको क्षमापूजा गर्न विदुर नगरपालिका-१ का वडा अध्यक्ष लेनिन रञ्जित, वडा नं २ का वडाअध्यक्ष वीरेन्द्रकुमार शाही, वडा नं ४ का वडा अध्यक्ष टलकमान श्रेष्ठ, वडा नं १, २ र ४ का वडासदस्य, विदुर, त्रिशूली, ढुंगे, सिम्मुटार, बट्टार, गेर्खु, कोलेनीलगायतका स्थानीयवासीको सहभागिता रहेको थियो।

# प्रदेश ३ लाई थप ३ करोड व्ययभार

हेटौंडा, (नेस)

निर्वाचित जनप्रतिनिधिले नागरिकलाई भन्दा आफूलाई केन्द्रमा राखेर सेवासुविधा लिँदै आएको गुनासो बढिरहेको बेला मुलुकले नै हेरिरहेको प्रदेश नम्बर ३ लाई ३ करोडको व्ययभार थपिएको छ।

प्रदेशसभाका सदस्यलाई नायब सुब्बा (नासु) तहको स्वकीय सचिव रहने प्रावधानसहितको पारिश्रमिक तथा सुविधा विधेयक पारित भएपछि यस्तो अवस्था आएको हो।

प्रतिवेदनसहित विधेयक पास भएपछि सोमा उल्लेख भएका सेवासुविधा शपथग्रहण गरेको मितिबाट लागू हुने भएको छ। प्रदेशमा १ सय ९ जना प्रदेशसभा सदस्य छन्।

प्रदेश मामिला समितिले असार ४ गते निर्णय गरेर सबै प्रदेशसभा सदस्यलाई शाखा अधिकृत तहको स्वकीय सचिव र सबै पदाधिकारीलाई गाडी र इन्धन सुविधा दिने प्रावधानसहित प्रतिवेदन सभामुखलाई दिएको थियो।

'प्रदेशसभा पदाधिकारी तथा सदस्यको पारिश्रमिक र सुविधा सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक' र 'मुख्यमन्त्री र मन्त्रीको पारिश्रमिक तथा सुविधा सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक' शुक्रबार प्रदेशसभा बैठकबाट पारित भएको छ।

मर्यादाक्रम नटुंगीकन सबै सांसदलाई अधिकृत तहको स्वकीय सचिव दिने कुरामा सरकार सकारात्मक नभएका कारण पुनः छलफलका लागि समितिमा पठाइएको थियो। यसअघि अधिकृत तहको प्रस्ताव गरेर प्रतिवेदन बने पनि सरकार सकारात्मक नभएपछि पुनः समितिमा पठाइएको प्रतिवेदन संशोधन भएर पेस भएपछि प्रदेशसभाबाट पारित भएको हो।

प्रदेश प्रशासकीय कार्यविधि (नियमित) गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक संशोधनसहित सर्वसम्मत पारित भएको छ। प्रदेश मामिला समितिमा दफावार छलफलपछि बनेको प्रतिवेदनसहित पारित भएको हो। विधेयकमा १० वटा संशोधन परेको थियो।

# दुई दर्जन सिफारिस निःशुल्क

हेटौंडा, (नेस)

स्थानीय तहले विभिन्न सिफारिसमा चर्को कर असूल गर्दै आएको जनगुनासो बढे पनि हेटौंडा उपमहानगरपालिकाले करिब २ दर्जन सिफारिस निःशुल्करूपमा गर्दै आएको छ। १ वर्षभन्दा अघिदेखि धेरैखालका अनिवार्य सिफारिस निःशुल्क गरिँदै आएको हो।

उपमहानगरपालिकाले यसअघि लिँदै आएको १० रुपियाँ फाराम शुल्क पनि निःशुल्क गरेको छ। उपमहानगरपालिकाको १ देखि १९ नम्बरसम्मका वडाबाट हुँदै आएका विभिन्न सिफारिस निःशुल्करूपमा गर्न लागिएको हो।

उपमहानगरका सबै वडाबाट हुँदै आएको जन्मदर्ता, विवाहदर्ता, मृत्युदर्ता, बसाइँ सराइ, स्वास्थ्य सिफारिस, शिक्षासम्बन्धी सिफारिस, भूकम्पसम्बन्धि सिफारिस, दैवीप्रकोपको सिफारिस, सम्बन्धबिच्छेद, नागरिकता सिफारिस, मृतकसँग नाता प्रमाणित सिफारिस, ज्येष्ठ नागरिक, दलित, जनजाति, पिछडिएका वर्ग, आदिवासी, अपांग, मधेसी, एकल महिला पहिचानजस्ता सिफारिस निःशुल्करूपमा गरिँदै आएको उपमहानगर मेयर हरिबहादुर महतले बताउनुभयो।

तोकिएको समय सीमाभित्र आएर सिफारिस लिए निःशुल्करूपमा गरिदिने व्यवस्था रहेको मेयर महतको भनाइ छ। स्थानीय सरकार जनतालाई सेवा दिन बसेकाले धेरैजसो सिफारिस निःशुल्करूपमा गरिँदै आएको उहाँले बताउनुभयो।

कुनै सिफारिसमा केही वडाबाट फाराम शुल्क १० रुपियाँ लिँदै आए पनि उक्त रकम मिनाहा गरिएको मेयर महतले बताउनुभयो। भूकम्पपीडितको घर निर्माण नक्सापासमा ५० प्रतिशत छूट गरिएको छ।

नागरिकलाई करमाथि कर थप्नुभन्दा करको दायरा बढाएर भएकासँग कर लिएर नभएका नागरिकलाई कर छूटको व्यवस्थामा स्थानीय सरकार लागेको मेयर महतले बताउनुभयो।

# हेटौंडा उपमहानगरपालिकाद्वारा नक्सा निःशुल्क

नेपाल समाचारपत्र

हेटौंडा

देशमा पहिलोपटक हेटौंडा उपमहानगरपालिकाले यस क्षेत्रका बासिन्दालाई घर निर्माण गर्दा नक्सा निःशुल्क बनाइदिने भएको छ।

उपमहानगरपालिका कार्यपालिका बैठकले नगरवासीले घर निर्माण गर्दा नक्सा निःशुल्क बनाउने निर्णय गरेको हो। साना घर निर्माण गर्ने सर्वसाधारणलाई मध्यनजर गरेर यस्तो निर्णय गरिएको हो।

स्थानीय तहहरूले करवृद्धि गरेको जनगुनासो आइरहेको समयमा यस क्षेत्रका वासिन्दालाई घरको नक्सा बनाइदिने निर्णय गरिएको उपमहानगर मेयर हरिबहादुर महतले बताउनुभयो।

विशेष गरी उपमहानगरमा गाभिएका तत्कालीन गाविसका वडालाई लक्षित गरेर निःशुल्करूपमा नक्सा बनाउने निर्णय गरिएको हो। १ हजार वर्गफिटसम्मका घर निर्माण गर्दा नक्सा निःशुल्क बनाइने मेयर महतले बताउनुभयो।

आमनागरिक चारकोठे घर निर्माण गर्दा १५ हजार रुपियाँसम्म तिरेर नक्सा बनाउनुपर्ने बाध्यता भोग्दै आएका थिए। तर, आइतबारको निर्णयले घर निर्माण गर्दा पैसा खर्च गरेर घरधनीले नक्सा बनाउनुपर्ने बाध्यताबाट छुट्कारा पाएका छन्। नक्सा बनाउन उपमहानगरभित्र सेवाकेन्द्र स्थापना गर्ने तयारी थालिएको छ।

यसअघि नगरवासीले कन्सल्टेन्सीमार्फत नक्सा बनाउँदै आए पनि विभिन्न प्रक्रिया नपुग्दा उपमहानगरलाई नक्सापास गर्न पनि समस्या परेको थियो। अब उपमहानगरपालिकाले नै नक्सा बनाइदिने भएपछि प्राविधिक समस्याका कारण नक्सापास नहुने समस्या हटेको मेयर महतको भनाइ छ। नक्सा बनाउन उपमहानगरपालिकाले इन्जिनियरको नेतृत्वमा प्राविधिक कर्मचारी खटाउने तयारी थालेको छ।

हेटौंडाका १ देखि १९ नम्बर वडाका वासिन्दा उक्त निर्णयबाट लाभान्वित हुनेछन्। 'निर्णयबाट विशेष गरी नगरमा गाभिएका वासिन्दालाई सहज हुनेछ।' -हेटौंडा-१ का अध्यक्ष सबिन न्यौपानेले भन्नुभयो। नक्सा बनाउन रकम लाग्ने र नक्सापास गर्दा हुने प्राविधिक झन्झटका कारण साबिक गाविस र हाल हेटौंडाका वडामा सजिलो भएको वडाध्यक्षहरू बताउँछन्।

# दोलखामा उत्पादित विद्युत्‌लाई बाटै छैन

नेपाल समाचारपत्र

दोलखा

जलस्रोतको हबका रूपमा विकास भइरहेको दोलखा जिल्लामा उत्पादित विद्युत् अन्यत्र निर्यात गर्न बाटोको समस्या देखिएको छ। दोलखा सदरमुकाम चरिकोटलगायतका ठाउँमा पटकपटक विद्युत् अवरुद्ध हुने समस्या लिएर नेपाल विद्युत् प्राधिरण दोलखा पुगेका उद्योगी व्यवसायीलाई कार्यालय प्रमुखले उत्पादित विद्युत् निर्यातका लागि बाटो नभएकाले समस्या आएको जवाफ दिएका छन्।

दोलखा जिल्लामा सञ्चालनमा रहेका विभिन्न हाइड्रो पावरहरूबाट उत्पादित विद्युत् वर्षाको समयमा जिल्लामा मात्र खपत नहुने र अन्यत्र निर्यात गर्न आवश्यक क्षमताको प्रसारणलाइन (बाटो) नभएकाले पटकपटक ट्रिप (विद्युत् अवरुद्ध) हुने समस्या रहेको नेपाल विद्युत् प्राधिकरण दोलखाका प्रमुख अमृतबाबु अधिकारीले बताए। सदरमुकाम चरिकोटलगायतका ठाँउमा पटकपटक विद्युत् अवरुद्ध हुँदा इलेक्ट्रोनिक सामानहरू (टिभी, फ्रिज, रेडियो आदि) पट्किने, आगलागी हुने, पर्यटन आगमनमा कमी, तामाकोसी आयोजनाको सेयर भर्न गाउँगाउँबाट आएका स्थानीयलाई धेरै समय लाग्नेजस्ता समस्या रहेको भन्दै दोलखा उद्योग वाणिज्य संघका अध्यक्ष सुन्दर कार्की, क्षेत्रीय होटल संघ दोलखाका अध्यक्ष सन्तोष पाठकलगायतका उद्योगी व्यवसायीको टोली सोमबार नेपाल विद्युत् प्राधिकरण दोलखा शाखामा पुगेको थियो। उक्त टोलीले कार्यालय प्रमुख अमृतबाबु अधिकारीलाई ज्ञापनपत्र बुझाउँदै समस्या तत्काल समाधान नभए चरणबद्ध आन्दोलन गर्ने चेतावनी दिएको छ। टोलीले सोमबार नै प्रमुख जिल्ला अधिकारी सागरमणि पाठकलाई समेत ध्यानाकर्षणपत्र बुझाएको छ।

नेपाल विद्युत् प्राधिकरण दोलखाका प्रमुख अधिकारीले दोलखामा देखिएको अहिलेको समस्या समाधानका लागि बढी क्षमताको प्रसारण लाइन आवश्यक रहेको बताए। दोलखाको विभिन्न हाइड्रो पावरबाट उत्पादित विद्युत् केन्द्रीय प्रसारण लाइनमा जोड्दिन भन्न मिल्दैन, जोड्दा प्रसारण लाइनको क्षमता (बाटो) कम भएकाले पटकपटक अवरुद्ध (ट्रिप) हुने समस्या आउँछ।' -प्रमुख अधिकारीले गुनासो गर्दै भने।

नेपाल विद्युत् प्राधिकरण दोलखा शाखाका अनुसार अहिले दोलखाको विभिन्न हाइड्रो पावरबाट २२/२४ मेगावाट विद्युत् उत्पादन भइरहेको छ र जिल्लामा बढीमा ३/४ मेगावाट विद्युत् मात्र खपत हुने गरेको छ। बाँकी विद्युत् केन्द्रीय प्रसारण लाइनमा जोड्दा क्षमता अभावको कारण पटकपटक अवरुद्ध (ट्रिप) हुने समस्या आएको छ। अहिलेको प्रसारण लाइनको क्षमता बढीमा १४ मेगावाट विद्युत् मात्र पठाउने रहेको कार्यालयले जनाएको छ।

दोलखा उद्योग वाणिज्य संघका अध्यक्ष सुन्दर श्रेष्ठले प्रसारण लाइनको समस्या दोलखालीको समस्या नभई सरकार र विद्युत् प्राधिकरणको समस्या भएको उल्लेख गर्दै तत्काल समस्या समाधान गर्न केकस्तो पहल गर्नुपर्ने हो त्यसमा ध्यान दिन कार्यालय प्रमुख अधिकारीलाई आग्रह गरे। अन्यथा विद्युत्मा देखिएको समस्याले भएको क्षतिको लागि क्षतिपूर्ति माग गर्ने र चरणबद्ध आन्दोलन घोषणा गर्ने कार्कीले बताए।

ओलीले भने- 'छोटो समयभित्र यही योजनाबाट अरू ४८ घर-घरमा गोबर ग्यास पुग्दैछ।' सिलिन्डरको डल्ला चाहिँदैन भन्दै बिदाइ गरिनुपर्ने उनले बताए।

# उपमहानगरपालिकाको गाडी खरिद गर्ने निर्णयको विरोध

गोकुल घोरसाइने, बारा

बाराको जितपुरसिमरा उपमहानगरपालिकाका जनप्रतिनिधिले प्रयोग गर्ने प्रयोजनका लागि सवारीसाधन खरिद गर्ने निर्णयको सर्वत्र विरोध शुरू भएको छ। नगरपालिकाले उपमेयरसहित वडाध्यक्ष र कार्यपालिका सदस्य गरी ३४ जनाका लागि सवारीसाधन खरिद गर्ने निर्णय गरेपछि विरोध शुरू भएको हो। नगरपालिकाले उपमेयर सरस्वती चौधरीका लागि झन्डै ५० लाख रुपियाँ मूल्यबराबरको स्कारपियो र वडाध्यक्ष तथा कार्यपालिका सदस्यका लागि २ लाख ५४ हजार मूल्यबराबरको मोटरसाइकल खरिद गर्ने निर्णय गरेको छ।

जितपुरसिमरा उपमहानगरपालिका वडा नं ६ का वडाध्यक्ष कैयमुदिन अन्सारीले नगरपालिकाले उपमेयर वडाध्यक्ष तथा कार्यपालिका सदस्यका लागि स्कारपियो र मोटरसाइकल गरिद गर्ने निर्णय भइसकेको भए पनि कुन कम्पनीको सवारीसाधन खरिद गर्ने भन्ने टुंगो नलागेको बताउनुभएको छ। साथै मोटरसाइकल खरिदका लागि आवश्यक टेन्डर प्रक्रिया छिट्टै शुरू गरिने जानकारी आफूले पाएको वडाध्यक्ष अन्सारीले जनाउनुभयो।

उपमेयर, वडाध्यक्ष र कार्यपालिका सदस्यका लागि ठूलो रकम खर्चेर सवारीसाधन खरिद गर्न लागेको भन्दै केही कार्यपालिका सदस्य र नगरसभा सदस्यले समेत असन्तुष्टि जनाएका छन्। वडा नम्बर ४ का अध्यक्ष ईश्वर खत्रीले जनप्रतिनिधिलाई गाडी सुविधा दिने निर्णयमा आफ्नो असहमति रहेको र नगरपालिकाले दिने मोटरसाइकल पनि नलिने बताउनुभयो। 'जनताको भावनाविपरीत सुविधा लिनु ठीक होइन', खत्रीले भन्नुभयो- 'यस्तो कार्यले जनप्रतिनिधिको बदनाम गर्छ।' वडा नं १५ का वडासदस्य राजन भट्टराईले पनि नगरपालिकाले गरेको गाडी खरिद गर्ने निर्णय कार्यान्वयनमा आए आफूहरू विरोधमा उत्रने बताउनुभएको छ। उहाँले प्रतिनिधि जनताको सेवामा भन्दा आफ्नो सुविधामा बढी केन्द्रित हुनु राम्रो नभएको बताउनुभयो। सवारीसाधन खरिद गर्ने निर्णयको सत्ताधारी नेकपा र प्रमुख प्रतिपक्ष नेपाली कांग्रेसका स्थानीय कार्यकर्ताबाट र सर्वसाधारणबाट पनि विरोध भएको छ। उपमेयरसहित वडाध्यक्ष र कार्यपालिका सदस्यका लागि सवारीसाधन खरिद गरेमा करोडौं रकम खर्च हुने नगरको विकास प्रभावित हुने भन्दै विरोध भएको हो। नगर क्षेत्रभित्र ग्रामीण भेगका बाटोघाटो वर्षाले हिलाम्मे भएर आवत-जावत गर्न समस्या भइरहेको बेला जनप्रतिनिधि भने जनताको समस्या समाधान गर्नतर्फ भन्दा सुविधा भोगमा लिप्त भएको उनीहरूको आरोप छ।

### मान्छे जीवित रहेको सिफारिसमा शुल्क

देशका विभिन्न जिल्लामा रहेका स्थानीय तहले लगाएको करको विषयमा चर्को आलोचना भइरहँदा जितपुरसिमरा उपमहानगरपालिकाले मान्छे जीवित रहेको सिफारिस गर्न पनि शुल्क लिन थालेको छ। उपमहानगरपालिकाले व्यक्ति जीवित रहेको बेहोराको प्रमाणितको सिफारिस गर्न १ सय रुपियाँ शुल्क लगाएको छ। उपमहानगरपालिकाले जन्म र मृत्युदर्ताका लागि समेत शुल्क तोकेको छ। उपमहानगरपालिकाको नागरिक बडापत्रमा जन्मदर्ता र मृत्यु दर्ताका लागि २ सय शुल्क तोकिएको उल्लेख रहेको छ। तर विवाह दर्ताका लागि भने उपमहानगरपालिकाले केवल ५० रुपियाँ शुल्क लगाएको छ। संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले भने ३५ दिनभित्रमा जन्मदर्ता, मृत्युदर्तालगायतका व्यक्तिगत घटना दर्तामा कुनै शुल्क नलिन स्थानीय तहलाई निर्देशन दिएको छ। यो निर्देशनपछि देशका केही स्थानीय तहले निःशुल्करूपमा व्यक्तिगत घटना दर्ता गरेका भए पनि बाराको जितपुर सिमरा उपमहानगरले भने शुल्क तोकेको छ।

# अख्तियारमा शिक्षा र स्थानीय तहका मुद्दा बढी

यमलाल भुसाल, बुटवल

प्रदेश ५ को राजधानी रहेको बुटवलमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालयमा भ्रष्टाचारसम्बन्धी उजुरी दिनेमा ३ प्रतिशत महिला रहेका छन्। त्यसैगरी ३ प्रतिशत संघसंस्था, ४३ प्रतिशत पुरुष र ५१ प्रतिशत बेनामीका हिसाबले उजुरी आउने गरेको कार्यालयले जनाएको छ।

बुटवलको कार्यालयमा शिक्षा कार्यालयसँग सम्बन्धित मुद्दा सबैभन्दा बढी पर्ने गरेका छन्। शिक्षापछि भने स्थानीय तहसँग सम्बन्धित मुद्दा बढी पर्ने गरेको सो कार्यालयले जनाएको छ।

बुटवलस्थित अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालयले मंगलबार पत्रकार सम्मेलन गरी गत आर्थिक वर्ष २०७४/७५ मा शिक्षासँग सम्बन्धित ३ सय २१ मुद्दा दर्ता भएकामा १ सय ७८ वटा फछ्र्यौट भएको कार्यालय प्रमुख रविलाल पन्थले बताउनुभयो। शिक्षामा पनि सबैभन्दा बढी शिक्षक नियुक्तिमा अनियमितताका उजुरी रहेका छन्।

गत १ वर्षमा स्थानीय तहसँग सम्बन्धित २ सय १ मुद्दा परेकामा ७९ वटा फछ्र्यौट भएको जनाइएको छ। स्थानीय तहसँग सम्बन्धित मुद्दामध्ये अधिकांश उपभोक्ता समितिबाट भएका अनियमिततासँग सम्बन्धित रहेको अख्तियारले जनाएको छ। गत आर्थिक वर्ष २०७४/७५ मा अघिल्लो आर्थिक वर्षका बाँकी ३ सय समेत गरी कुल ८ सय ५७ मुद्दा दर्ता भएकामा ४ सय ७२ मुद्दा फछ्र्यौट भएको अख्तियार दुरुपयोग अनुसन्धान आयोग बुटवलका प्रमुख पन्थले बताउनुभयो।

शिक्षा र स्थानीय तहपछि भूमिसुधार मन्त्रालयअन्तर्गतका ७० मुद्दा दर्ता भएकामा ४५ वटा फछ्र्यौट, गृह मन्त्रालयअन्तर्गत ४८ मुद्दा दर्ता भएकामा ३६ वटा फछ्र्यौट, स्वास्थ्य मन्त्रालयअन्तर्गत ३९ मुद्दा दर्ता भएकामा २७ वटा फछ्र्यौट, वन ३६ मुद्दा दर्ता भएकामा २२ वटा फछ्र्यौट, भौतिकमा ३१ मुद्दा दर्ता भएकोमा १५ वटा फछ्र्यौट र अन्य १ सय ११ मुद्दा दर्ता भएकामा ६८ वटा फछ्र्यौट भएको बताइएको छ।

जिल्लागतरूपमा सबैभन्दा बढी मुद्दा पर्नेमा रुपन्देही र सबैभन्दा कम मुद्दा पर्नेमा गुल्मी जिल्ला छन्। अख्तियारको बुटवल कार्यालयमा परेका कुल ८ सय ५७ मध्ये सबैभन्दा बढी रुपन्देहीका ३ सय ८ र गुल्मीमा सबैभन्दा कम ४८ वटा मुद्दा मात्र दर्ता भएका छन्। त्यसैगरी नवलपरासीका १ सय ९७, कपिलवस्तुका १ सय ७९ अर्घाखाँचीका ७२ र पाल्पाका ५३ मुद्दा दर्ता भएको कार्यालयले जनाएको छ। अख्तियारमा आर्थिक वर्ष २०७३/७४ मा पनि शिक्षा कार्यालयसँग सम्बन्धित मुद्दा सबैभन्दा बढी र दोस्रोमा स्थानीय तहसँग सम्बन्धित मुद्दा परेको कार्यालय जनाइएको छ। आर्थिक वर्ष २०७३/७४ मा शिक्षा कार्यालयसँग सम्बन्धित ३ सय ९९ र स्थानीय तहसँग सम्बन्धित १ सय ७० मुद्दा दर्ता भएका थिए।

उहाँले गत आर्थिक वर्षमा ५ जनालाई रंगेहात पक्राउ गरी ६ लाख घूस रकम बरामद गरेको, ४ करोड ८ लाख २९ हजार ५ सय ६३ रुपियाँ असुलउपर गरेको र २५ विगाहा १० कठ्ठा ११ धुर जग्गा नेपाल सरकारको नाममा कायम गराएको बताउनुभयो।

# पहिरोको उच्च जोखिममा बैतडीका चार स्थानीय तह

विनोदसिंह विष्ट, बैतडी

बैतडीका ४ वटा स्थानीय तह पहिरोको उच्च जोखिममा रहेका छन्। जिल्ला विपद् व्यवस्थापन समितिले तयार पारेको विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनाअनुसार डिलाशैनी गाउँपालिका, दोगडाकेदार गाउँपालिका, पुरचौंडी नगरपालिका र मेलौली नगरपालिका पहिरोको उच्च जोखिममा रहेका छन्।

विभिन्न प्रकोपको हिसाबले जिल्लाका अन्य स्थानीय तहमा जोखिम रहेको भए पनि ४ वटा स्थानीय तहमा पहिरोको उच्च जोखिम रहेका बताइएको छ। मुख्य गरेर ४ वटा स्थानीय तहमा पहिरोका जोखिम अन्य ठाउँको तुलनामा बढी रहेको विपद् व्यवस्थापन योजना निर्माणमा संलग्न पहल कार्यक्रमका संयोजक लालबहादुर महराले बताए।

जिल्लामा विभिन्न किसिमका प्रकोपको जोखिम रहेको र ती प्रकोपबाट हुने क्षति न्यूनीकरणका विषयमा सम्बन्धित स्थानीय तहसँग छलफल भएको प्रमुख जिल्ला अधिकारी चन्द्रप्रसाद गैरेले बताए। 'विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन २०७४ अनुसार स्थानीय तहमा विपद् व्यवस्थापन समिति गठन गर्न आग्रह गरिएको छ', उनले भने- 'स्थानीयस्तरमा विपद् व्यवस्थापन समिति गठन गरी कार्यान्वयनमा ल्याएमा प्रकोपका घटनाबाट हुने क्षति न्यूनीकरण गर्न सकिन्छ।'

विभिन्न विपद्का घटनालाई न्यूनीकरण गर्नका लागि स्थानीय तहलाई बजेट छुट्याउन आग्रह गरिएको उनले बताए।

जिल्लाको डिलाशैनी गाउँपालिकाको बांगाबगर, गोकुलेश्वर, रुद्रेश्वर पहिरोको उच्च जोखिममा छन् भने दोगडाकेदार गाउँपालिकाको सित्तड र न्वाली पहिरोको उच्च जोखिममा छन्। यस्तै जिल्लाको पुर्चौंडी नगरपालिकाको मल्लादेही क्षेत्र र मेलौली नगरपालिकाको विशालपुर क्षेत्र पनि पहिरोको उच्च जोखिममा रहेको विपद् संयुक्त राष्ट्रसंघीय जनसंख्या कोषका जिल्ला कार्यक्रम अधिकृत गणेश शाहीले बताए।

जिल्लामा हुन सक्ने प्रकोपका घटनाबाट हुने क्षति न्यूनीकरणका लागि जिल्लास्तरमा तयारी भइरहेको जिल्ला प्रहरी कार्यालय प्रवक्ता एवं प्रहरी निरीक्षक कान्तिराज जोशीको भनाइ रहेको छ।

पहिरोको उच्च जोखिममा रहेका स्थानीयले स्थानीयस्तरबाट पहिरो नियन्त्रण गर्न नसकिने भएकाले प्रदेश सरकार र संघीय सरकारसँग माग गरिएको जनाएका छन्।

# सूचना सार्वजनिक गर्दै रुकुमका संघसंस्था

रुकुम, (नेस)

राष्ट्रिय सूचना दिवसको अवसरमा रुकुम (पश्चिम) स्थित विभिन्न सरकारी तथा गैरसरकारी कार्यालयले सूचनाको हकसम्बन्धी ऐन र नियमावलीमा उल्लेख गरेबमोजिमका सूचना सार्वजनिक तथा अद्यावधिक गरेका छन्। ऐनबमोजिम सार्वजनिक निकायले स्वतः प्रकाशन तथा प्रशारण गर्नुपर्ने २० शीर्षकका सूचना सार्वजनिक गरिएको हो।

सूचना सार्वजनिक र अद्यावधिक गर्ने सम्बन्धमा बिहीबार बसेको सरोकारवालाको बैठकले सार्वजनिक गरेका निकायले अद्यावधिक गर्ने र नगरेकाले सार्वजनिक गर्ने निर्णय गरेको थियो। कतिपय कार्यालयले प्रिन्ट गरेर सूचना पार्टीमा केहीले आफ्नो वेबसाइटमार्फत सूचना अद्यावधिक गरेको बताइएको छ। उक्त विवरणमा कार्यालयको नाम, कार्यप्रकृति, सूचना अधिकारीको विवरण, खर्चको विवरण, सेवा लिँदा लाग्ने शुल्क र प्रक्रियालगायतका विषय समेटिएको छ।

जिल्लास्थित सरकारी कार्यालयबाट प्रायः सबैको वेबसाइट भएकाले त्यसमै अपडेट गरिएको प्रमुख जिल्ला अधिकारी शम्भुप्रसाद रेग्मीले जानकारी दिनुभयो। कतिपय कार्यालयमा अपडेट गर्ने कार्य जारी रहेको उहाँले बताउनुभयो। सरकारी निकायले मात्र नभई सबै सार्वजनिक निकायले सूचना सार्वजनिक गर्नुपर्ने प्रजिअ रेग्मीको भनाइ छ।

जिल्लामा सूचना सार्वजनिक गर्नका लागि पहल गरेको संस्था हरप्लेसले आफ्नो सूचना पार्टीमा २० प्रकारका सूचना सार्वजनिक गरेको संस्थाका अध्यक्ष ललित बुढामगरले जानकारी दिनुभयो। सूचना सुशासनको न्यूनतम आधार भएकाले यसको उचित पहुँच नागरिकसम्म पुऱ्याउन आवश्यक रहेको उहाँले बताउनुभयो। त्यस्तै रुकुमेली समाज विकास केन्द्रले आफ्नो वेबसाइटबाट सूचना अपडेट गरिएको कार्यकारी निर्देशक भीमबहादुर केसीले बताउनुभयो। सबै गैरसरकारी संस्थालाई सूचना अद्यावधिक र सार्वजनिक गर्न आफूहरूले अनुरोध गरेको र सोहीअनुसार कार्यान्वयन भएको गैसस महासंघ रुकुमका अध्यक्ष नारायणकुमार शाहको भनाइ छ।

# थवाङको विद्यालयलाई अमेरिकी नागरिकको सहयोग

महेश न्यौपाने, रोल्पा

२०३९ सालमा रोल्पाको थवाङ आई विद्यावारिधिका लागि शोधपत्र तयार गर्ने एक अमेरिकी नागरिकले हरेक वर्ष त्यहाँको एक विद्यालयलाई आर्थिक सहयोग गरिरहेकी छिन्। अमेरिकी नागरिक डा.अगस्त मोनलारले थवाङमा रहेको वीरबलभद्र माध्यमिक विद्यालयलाई हरेक वर्ष आर्थिक सहयोग उपलब्ध गराउँदै आएकी छिन्।

शोधपत्र तयार गर्दाको बसाइमा थवाङवासीबाट प्रभावित भएकी डा. मोनलारले थवाङसँगको सम्बन्ध जीवन्त राख्न विद्यालयलाई सहयोग गरेको बताइएको छ। स्थानीयसँगको निकटता तथा त्यहाँको गरिबीलाई देखेर हरेक वर्ष आर्थिक सहयोग हस्तान्तरण गरिरहेको एक स्थानीयले बताए। अगस्त मोनलारले विद्यावारिधि गरेको लामो समयपछि थवाङलाई सम्झिएर आर्थिक सहयोगसमेत गरिरहेकोमा आफूहरू खुसी भएको उनीहरूको भनाइ छ। 'उनले वार्षिक करिब ८ लाख सहयोग गर्ने गर्छिन्', वीरबलभद्र माविका प्राधानाध्यापक कुलबहादुर वलीले भने- '२०६४ सालदेखि नियमितरूपमा सहयोग आइरहेको छ।' 'विद्यालयमा अध्ययनरत गरिब तथा जेहेन्दार विद्यार्थीलाई छात्रवृत्ति उपलब्ध गराउनुका साथै शैक्षिक सुधारका अन्य काममा सो रकम खर्च हुने गरेको छ' -प्रधानाध्यापक वलीले भने।

वीरबलभद्र माविबाहेक जिल्लाका अन्य विद्यालयमा अध्ययरत विद्यार्थीलाई समेत डा. अगस्त मोनलारले सहयोग गरिरहेकी बताइएको छ। थवाङको विद्यालय तथा त्यहाँ अध्ययनरत विद्यार्थीका लागि सीधै वीरबलभद्र माविसँग सम्झौता गरिएको छ भने जिल्लाका अन्य विद्यार्थीको छात्रवृत्तिका लागि भने टंकप्रसाद आचार्य स्मृति प्रतिष्ठानमार्फत छात्रवृत्ति हस्तान्तरण हुँदै आएको बताइएको छ। हरेक वर्ष जिल्लाका १ सयन्दा बढी गरिब तथा जेहेन्दार विद्यार्थीलाई छात्रवृत्ति प्रदान गरिहेको स्थानीय साझेदार संस्था विकास सरोकार समाज रोल्पाले जानकारी दिएको छ।

'छात्रवृत्तिका लागि हरेक वर्ष साढे ५ लाख बढी रकम वितरण हुने गरेको छ' -विकास सरोकार समाज रोल्पाका अध्यक्ष कर्ण बाँठाले भने।


## INVITATION FOR BIDS

**Jiri Municipality**
**Office of the Municipal Executive**
Jiri, Dolakha

**INVITATION FOR BIDS FOR THE PROCUREMENT OF TRACTOR**

Contract Identification No: JIRI.MUN.NCB.TRA.03-075/76
Date of publication: 2075/05/06

1. The Jiri Municipality invites sealed bids from vehicles suppliers for the **Procurement of Tractor under National competitive bidding procedures specified in Public Procurement Act and Regulations.**
2. Eligible Bidders may obtain further information and inspect the bidding documents at the office of
   **Name :** Jiri Municipality  **Location :** Jiri-6, Dolakha
   **Email : municipalityjiri@gmail.com**  **Telephone :** 049-400084
3. A complete set of Bidding Documents may be purchased from the office Jiri Municipality, Jiri-6, Dolakha by eligible Bidders on the submission of a written application, along with the copy of company/firm registration certificate, and upon payment of a non-refundable fee of NRs 3000.00 till 2075/06/05 during office hours.
   **Information to deposit the cost of bidding document in Bank:**
   Name of the Bank: **Prime Commercial Bank**
   Name of Office : **Jiri Municipality**
   Office Account No.: **00800434CA**
4. Sealed bids must be submitted to the office Jiri Municipality, Jiri-6 by hand/courier before [12:00] on [2075/06/06]. Bids received after this deadline will be rejected.
5. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 2075/06/06, 15:00 at the office of Jiri Municipality, Jiri-6. Bids Must be valid for a period of 90 Days from the date of bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in pdf format in case of e-bid, amounting to a minimum of NRs. 56,500.00, which shall be valid for 30 days beyond the validity period of the bid (i.e. 2075/10/06)
6. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.


# विराटनगरका ३२ घरको चुलोमा पुग्यो बायो ग्यास

नेपाल समाचारपत्र

विराटनगर

गाईको गोबर प्रयोग गरी विराटनगर महानगरपालिका-१४ मा १ सय बढी घरलाई पुग्ने गरी बायो ग्यास उत्पादन भएको छ। सामुदायिकस्तरको श्रीकृष्ण गौसेवा सदनले २ सय बढी गाईको गोबरबाट उत्पादित ग्यासको प्रधानमन्त्री केपी शर्मा ओलीले मंगलबार एक कार्यक्रमबीच उद्घाटन गरेका छन्।

उद्घाटन कार्यक्रममा प्रधानमन्त्री ओलीले विराटनगरबाट ग्यासका सिलिन्डर काँधमा बोकेर हिँड्नुपर्ने अवस्था अन्त्य भएको भन्दै मुलुक विकासको दिशातर्फ उन्मुख भएको बताए। '३२ घर परिवारले अब काँधमा सिलिन्डर बोकेर कुद्नुपर्ने समस्या हटेको छ', प्रधानमन्त्री ओलीले भने- 'छोटो समयभित्र यही योजनाबाट अरू ४८ घर-घरमा गोबर ग्यास पुग्दैछ।' सिलिन्डरको डल्ला चाहिँदैन भन्दै बिदाइ गरिनुपर्ने उनले बताए। उनले यतिमै मात्र यस्तो प्लान्ट सीमित नहुने भन्दै स्याङ्जा, तनहुँ र कास्की जिल्लामामा समेत प्लान्टको तयारी भइरहेको जानकारी दिए।



प्रधानमन्त्री ओलीले फोहोरलाई समस्यामा होइन सम्पत्तिमा बदलेर विभिन्न फाइदा लिनुपर्ने बताए। उनले राष्ट्रिय निर्माणको संकल्प बोकेर अगाडि बढनुपर्नेमा जोड दिए। प्रधानमन्त्री ओलीले उद्योगी व्यापारीलाई ४ कुरामा लगानी गर्न सुझाव दिएका छन्। प्रधानमन्त्रीले उत्पादन, रोजगारी, आत्मनिर्भरता बढाउने कुरामा लगानी गर्न आग्रह गरे।

विश्व बैंकको सहयोगमा वैकल्पिक ऊर्जा केन्द र विराटनगर महानगरपालिकाको सहयोगमा करिब १ करोड ५० लाख रुपियाँ लगानीमा श्रीकृष्ण गौशालामा उक्त गोबर ग्यास प्लान्ट स्थापना गरिएको हो। पहिलो चरणमा ग्यास ३२ वटा घरमा जडान गरिएको छ। कार्यक्रममा ऊर्जामन्त्री वर्षमान पुनले प्रधानमन्त्री ओलीको जनताको घर-घरमा ग्यास पुऱ्याउने सपना साकार भएको बताए। करिब २ हजार किलो गोबरबाट गत साउन २० गतेबाटै ग्यास उत्पादन शुरू भएको थियो। गौशालाभन्दा उत्तरतर्फ १ किलोमिटरसम्मको बस्तीमा रहेका ४८ घरमा दोस्रो चरणमा ग्यास पुऱ्याउने योजना छ। ग्यास उत्पादनका लागि गौशाला क्षेत्रमा करिब ३ सय घनमिटर क्षमताको प्लान्ट जडान गरिएको छ।

# विश्व

**दाबी**

अरबी क्षेत्रमा अल कायदाका आशंकित प्रमुख बम निर्माता इब्राहिम अल-आसिरी मारिएको अमेरिकाले दाबी गरेको छ।



**विपत्ति**

दक्षिणी इटालीमा आएको भयानक बाढी पहिरोको कारण कम्तिमा एघारजना पर्वतारोहीको ज्यान गएको छ।



2018, AUG
Wednesday
22

विश्व २ मिनेट

**अफगानिस्तान**

## सुरक्षित इलाकामा भिडन्त

काबुल, (एजेन्सी)

अफगानिस्तानको राजधानी काबुलमा दूतावासहरू रहेको इलाकामा सुरक्षा बल तथा विद्रोहीबीच भएको भिडन्तमा कम्तीमा ९ रकेट प्रहार भएको बताइएको छ। अहिलेसम्म उक्त आक्रमणमा २ जना मात्र घाइते भएको बताइएको छ। रेखा खाना जिल्लामा इदगाह मस्जिद उडेको र चारैतिर धूवाँ उडिरहेको देखिएको एएफपीका संवाददाताले बताए। रेका खानास्थित एक भवनमाथि विद्रोही लडाकूले कब्जा गरेको र काबुलतर्फ केही रेकेट प्रहार भएको गृह मन्त्रालयका प्रवक्ता नजिव दानिसले बताए। सुरक्षाकर्मी र विद्राहीबीच संघर्ष जारी रहेको उनले जानकारी दिए।

**चीन**

## मलेसियाले हात झिक्यो

बेइजिङ, (एजेन्सी)

चीनका राष्ट्रपति सी जिन पिङको महत्त्वाकांक्षी बेल्ट रोड इनिसिएटिभ परियोजनाबाट मलेसियाले आफ्नो कदम फिर्ता लिएको छ। आफ्नो चीन भ्रमणको अन्तिम दिन मलेसियाका प्रधानमन्त्री महाथिर मोहम्मदले उक्त जानकारी दिएका हुन्। चीनका राष्ट्रपति र प्रधानमन्त्री दुवैले उनको उक्त निर्णयलाई स्वीकार गरेको महाथिरले बताए। यस परियोजनामा पूर्वी तटीय रेल लिंकमा २२ अर्ब र ऊर्जा पाइपलाइन बिछ्याउने २ वटा परियोजनामा २ अर्ब ३० करोड चीनले लगानी गर्ने यसअघिको सरकारसँग सम्झौता भएको थियो। महाथिर सत्तामा आएपछि नै उक्त परियोजना स्थगित भएको थियो।

**इटाली**

## पर्वतारोहीको मृत्यु

मिलान, (एजेन्सी)

दक्षिणी इटालीमा आएको भयानक बाढी पहिरोका कारण कम्तिमा एघारजना पर्वतारोहीको ज्यान जानुका साथै अन्य केही हराइरहेको मंगलबार प्रहरीले जनाएको छ। क्यालाव्रिया क्षेत्रको एउटा राष्ट्रिय निकुञ्जको एक खोँचमा हिंडिरहेको बेला एक्कासि तिनीहरू भीषण वर्षाको चपेटामा परेका थिए। एकजना दस वर्षीय बालकलगायत अन्य अठार जनालाई उद्दार गरिएको नागरिक रक्षा विभागका क्षेत्रीय अध्यक्षले इटालियन टेलिभिजनलाई बताएका छन्। अन्य छ जना घाइतेलाई अस्पतालमा भर्ना गरिएको छ। स्थानीय अधिकारीहरूले बेपत्ता भएकाहरूको यकिन संख्या थाहा हुन नसकेको बताएका छन्।

**यमन**

## बम निर्माता मारिए

साना,, (एजेन्सी)

अमेरिकी अधिकारीहरूले अरबी क्षेत्रमा अन्तर्राष्ट्रिय लडाकू समूह अल कायदाका आशंकित प्रमुख बम निर्माता इब्राहिम अल-आसिरी मारिएको मंगलबार दाबी गरेका छन्। विभिन्न विश्वस्त सूत्रहरूलाई उद्धृत गर्दै अमेरिकी सञ्चार माध्यमले गत वर्ष यमनमा एउटा अमेरिकी ड्रोन विमान हमलामा साउदी लडाकू आसिरी मारिएको जनाएको छ। उनीमाथि सन् २००९ को अन्डरवियर बम काण्ड र सन् २०१० मा मालबाहक विमानहरूमा भेटिएका बमका लागि दोषी रहेको आरोप लगाइएको छ। उनले ल्यापटप वा ट्याब्लेटमार्फत् अमेरिकामा बम आक्रमण गर्ने योजना बनाइरहेको बताइएको छ।

# इरानद्वारा नयाँ युद्धक विमान सार्वजनिक



तेहरान, (एजेन्सी)

इरानले एउटा नयाँ युद्धक विमान सार्वजनिक गरेको छ। यो सतप्रतिशत घरायसी प्रविधि प्रयोग भएको अत्याधुनिक विमान भएको इरानले दाबी गरेको छ।

यसअघि इरानी राष्ट्रपति हसन रुहानीले इरान अत्यन्त शक्तिशाली भइसकेकाले उक्त इस्लामिक स्टेटमाथि आक्रमण नगर्न अमेरिकालाई चेतावनी दिएको थियो।

सिरियाको गृहयुद्धमा राष्ट्रपति बसर अल असदको समर्थनमा सैनिक पठाएर इरानले त्यस क्षेत्रमा आफ्नो सैन्य उपस्थितिलाई बिस्तार गरिरहेको छ। तर वर्षौंसम्मको नाकाबन्दीका कारण उसको वायु सेनामा कयौं दर्जन पुराना युद्धक विमान घटिसकेका छन्।

'हाम्रा भूभाग र स्रोतहरूमाथि कब्जा गर्न चाहने सैन्य शक्तिविरुद्ध लडन हामी आफैं सक्षम हुनुपर्छ' -उनले भनेका छन्।

'अमेरिकाले हामीमाथि किन आक्रमण गर्न सक्दैन ? किनभने हाम्रो शक्तिका कारण हो, किनभने उसलाई परिणाम थाहा छ' -उनले भने। इरानी टेलिभिजनले रोकिराखेको र उडान भरेको उक्त युद्धक विमानको फुटेज देखाएको थियो। विमानको नाम कुरानमा उल्लेखित एक शब्द 'कोसार' राखिएको छ। उक्त शब्दले सिया मुश्लिमलाई सम्मान गर्ने पैगम्बर मोहम्मदका वंशजलाई जनाउने बताइएको छ।

कोसारले स्वर्गको एक नदी हो र कुरानमा यो एक पाठको शीर्षकका रूपमा रहेको छ। चौथो पुस्ताको भनिएको उक्त विमानले शक्तिशाली क्षेप्यास्त्र बोक्न सक्ने बताइएको छ।

यसअघि अमेरिका र इजरायलको तर्फबाट आउने खतरासँग जुध्न इरानले मिसाइल मोर्चालाई चुस्त पार्ने रक्षा मन्त्रीलाई उद्धृत गर्दै तस्नीन समाचार एजेन्सीले जनाएको थियो।

तस्नीनका अनुसार टेलिभिजनमा प्रसारित एक साक्षात्कारमा रक्षा मन्त्री अमिर हातमीले भने- 'हाम्रो पहिलो प्राथमिकता हाम्रो क्षेप्यास्त्र क्षमता हो र क्षेप्यास्त्र प्रतिरक्षामा शत्रूको प्रयासलाई ध्यानमा राखी हामीले यसलाई बढाउनुपर्ने छ।'

नयाँ लडाकू विमानले नेसनल डिफेन्स इन्डस्ट्री डेको दिन उडान भर्ने उनले बताए। यो आगामी बुधबार मनाइने छ। हातमीले भने- 'यो रक्षा कार्यक्रम क्षेप्यास्त्र हमलाको ती घटनाको स्मरणबाट प्रेरित छ' जुन सन् १९८० मा इराकसँग चलेको ८ वर्षको युद्धका क्रममा इरानले झेल्नु परेको थियो। साथै यो इजरायल र अमेरिकाबाट पटकपटक आइरहेका धम्कीको सामना गर्नका लागि हो। जसले इस्लामिक गणराज्यसँग लडनका लागि सबै विकल्प तयार रहेको बताइरहेका छन्।

हातमीले भने- हामी कसैमाथि नभएर आफैंमा निर्भर हुन सक्छौं भन्ने कुरा हामीले इरान-इराक युद्धबाट सिकेका थियौं।

आफूहरू जुन-जुन क्षेत्रमा कमजोर छ त्यहाँ कसैले आफूहरूमाथि दया नदेखाएको उनले बताए। इरानसँग संसाधन सीमित रहेको र न्यूनतम लागतमा सुरक्षा स्थापित गर्नका लागि प्रतिबद्ध रहेको उनले थपे।

# ताइवानद्वारा एल साल्भाडोरसंगको दौत्य सम्बन्ध त्याग



ताइपेइ, (एजेन्सी)

चीनले एल साल्भाडोरसँग कुटनीतिक दौत्य सम्बन्ध स्थापना गर्ने घोषणा गरे लगत्तै ताइवानले एल साल्भाडोरसँगको दौत्य सम्बन्ध विच्छेद गर्ने घोषणा गरेको छ। चीनको यस कूटनीतिक कदमप्रति प्रतिक्रिया जनाउने क्रममा ताइवानका विदेशमन्त्री जोसेफ ऊ ले ताइवानले एल साल्भाडोरसंग सम्बन्ध विच्छेद गर्ने निर्णय गरेको जनाउँदै चीनको यो पछिल्लो कदम अशोभनिय रहेको बताएका छन्।

ऊ ले भनेका छन् 'हामी चीनको जस्तो डलर कूटनीतिमा सहभागी हुन चाहन्नौं,' एल साल्भाडोरले ताइवानसँग बन्दरगाह निर्माण परियोजनाका लागि ठूलो धनराशी माग गरेको थियो। तर यस्तो परियोजनाले दुबै मुलुक ऋणको बोझले थिचिने भएकाले हामी सो अनुरोध स्वीकार गर्न तयार थिएनौं।' अब भने ताइवानसँग दौत्य सम्बन्ध रहेका मुलुकको संख्या १७ पुगेको छ। साथै ताइवानसँग पहिल्यै कूटनीतिक सम्बन्ध राखेका मुलुकहरू पनि अहिले विस्तारै चीनतर्फ ढल्किदै गइरहेका छन्। अहिले सम्म चीनले ताइवानलाई आषनै मुलुकको भुभाग रहेको दाबी गर्दै आएको छ।

राष्ट्रपति चाई इङ-वेन सत्तामा आएयता चीन र ताइवानबीचको सम्बन्ध झनै चिसिएको छ। राष्ट्रपति चाईले ताइवानलाई 'एक चीन' नीति अन्तर्गत राख्न अस्वीकार गरिरहेका छन्। सन् २०१६ मा राष्ट्रपतिमा चाई निर्वाचित भएदेखि नै चीनले ताइवानका मित्रदेशलाई आफूतिर आकर्षित गर्ने कुटनीति अवलम्वन गरेको हो। चाईको राष्ट्रपतीय कालमा मात्र ताइवानको कुटनीतिक सम्बन्ध एल साल्भाडोरसहित पाँचवटा मुलुकसँग विच्छेद भइसकेको छ। यसै वर्षमात्र तीनवटा राष्ट्रले ताइवानसँगको सम्बन्ध विच्छेद गरेका छन्। यस अधि ताइवानसँगको दौत्य सम्बन्ध त्याग्नेमा बुर्किना फासो र डोमिनिकन रिपब्लिकले रहेका छन्।

विगत लामो समयदेखि नै ताइवान र चीन दुवैले विकासशील मुलुकहरूसंग कूटनीतिक सम्बन्ध विस्तार गर्न प्रतिस्पर्धा गर्दै आएका हुन्। कूटनीतिक मान्यताका लागि यी दुवै देशले अन्य मुलुकलाई आर्थिक सहायता र अन्य सहयोगको आकर्षण देखाउँदै आएका छन्। राष्ट्रपति चाईको वर्तमान सरकारले ताइवानको अन्तर्राष्ट्रिय प्रतिष्ठा वृद्धि गर्ने प्रयत्न गरिरहेको छ। तर अन्तर्राष्ट्रिय जगतमा बेइजिङको बलियो प्रभावका कारण ताइवानको उद्देश्य पूरा हुन सकेको छैन। यसैगरी बेइजिङले अन्तर्राष्ट्रिय जगतबाट ताइवानको उपस्थितिलाई एकपछि अर्को गर्दै हटाउँदै लगेको छ भने ताइवानको वरिपरि सैनिक अभ्यास कार्यलाई व्यापक वृद्धि गरेको छ।

# माइक्रोसफ्टद्वारा रुसी साइबर आक्रमणको आरोप



वासिंगटन, (एजेनसी)

माइक्रोसफ्टले अमेरिकी कन्जरभेटिभ समूहहरूमाथि साइबर आक्रमण गर्ने रुसी प्रयासलाई असफल पारिएको दाबी गरेको छ। सफ्टवेयर कम्पनी माइक्रोसफ्टले रुसी ह्याकरहरूले इन्टर नेसनल रिपब्लिकन इन्स्टिच्युट र बुद्धिजीवीहरूको समूह हडसन इन्स्टिच्युटलगायत अन्य विभिन्न राजनीतिक संघ संस्थाहरूबाट तथ्यांक चोर्ने प्रयास गरेको दाबी गरेको छ।

माइक्रोसफ्टले आफ्ना सुरक्षा कर्मचारीहरूले तिनीहरूको वेबसाइट कपी गरिरहेका छ वटा नेट डोमेनमाथि नियन्त्रण लिन सफल भएको जनाएको छ। साथै माइक्रोसफ्टले यस आक्रमणमा पयान्सी बियर ह्याकिंग समूहको हात रहेको आरोप लगाएको छ।

यसबारे विस्तृत विवरण राखिएको आफ्नो ब्लगमा माइक्रोसफ्टले उल्लेख गरेको छ, 'हामीलाई तिनीहरूको यस कार्यबाट सन् २०१८ सम्म भएका निर्वाचनमा संलग्न अमेरिकी राजनीतिक पार्टीहरू र अन्य समूहहरू प्रभावित रहेको हुनसक्ने कुराबाट चिन्तित छौं।

यदि सो ह्यांकिंग सफल भएको भए फ्यान्सी बियर समूहले अमेरिकी जनताले प्रयोग गर्ने लगइन इन्फर्मेसन चोर्न सक्ने बताइएको छ। तर रसियाले माइक्रोसफ्टको यो आरोप ठाडै अस्विकार गरेको छ। केही समयअघि अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्प आफैं पनि अमेरिकी चुनावमा रुसी ह्याकिङ पत्याउन नसकिने बताएर विवादमा आएका थिए।

# किमसँग पुनः भेट्ने चाहना विपरीत आईएईएको प्रतिवेदन

वासिङटन, (एजेन्सी)

उत्तर कोरियाले अहिलेसम्म परमाणु कार्यक्रममाथि रोक लगाएको अहिलेसम्म कुनै संकेत नदेखिएको संयुक्त राष्ट्र संघको परमाणु कार्यक्रम निगरानी संस्थाले जनाएको छ।

इन्टरनेसनल अटोमिक इनर्जी एजेन्सी (आईएईए)ले जारी गरेको प्रतिवेदनमा उत्तर कोरियाको परमाणु कार्यक्रम जारी रहनु अत्यन्त चिन्ताको विषय भएको उल्लेख गरिएको छ। आईएईएको उक्त प्रतिवेदनविपरीत अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले उत्तर कोरियासँगको आफ्नो वार्ता सफल भएको ठहर्‍याउन उत्तर कोरियाली नेता किम जोङ उनसँग पुन भेटवार्ता गर्ने संकेत दिएरहेका छन्।



आईएईएको यो प्रतिवेदनले उत्तर कोरियासँग ट्रम्पको दाबीमाथि पनि प्रश्न चिह्न उठाएको छ। गत जुन १२ मा सिंगापुरमा अमेरिकी राष्टपति ट्रम्प र उत्तर कोरियाली नेता किमबीच ऐतिहासिक शिखरवार्ता सम्पन्न भएको थियो। वार्ता लगत्तै उत्तर कोरियाले पुर्ण रूपमा परमाणु निसस्त्रिकरणको प्रतिबद्धता व्यक्त गरेको ट्रम्पले दाबी गरेका थिए। गत महिनामा आएका समाचारहरूले उत्तर कोरियाबाट प्रतिवद्धता पुरा नगरेको दाबी गरेका थिए।

सोमबार ट्रम्पले समाचार एजेन्सी रोयटर्सलाई दिएको एक अन्तरवार्तामा किमको मनसायमा जति आसंका गरिएको भएपनि परमाणु निसस्त्रिकरणका लागि ठोस कदम उठाएको बताएका थिए। उत्तर कोरियाले परमाणु परीक्षण पनि रोकेको उनले दावी गरे। किमसँग पुन भेटवार्ता गर्ने विषयमा सोधिएको प्रश्नको जवाफमा ट्रम्पले भने- 'हामी फेरि भेट्ने धेरै सम्भावना छ तर यस विषयमा म कुनै बयान दिन चाहन्नँ।

यसबीच संयुक्त राष्ट संघीय एजेन्सी आईएईएको नयाँ प्रतिवेदन ट्रम्पको दावीको प्रतिकूल देखिएको छ। विगत केही दिनअगाडि उत्तर कोरियाका शासक किमले पनि अमेरिकामाथि निसाना बनाउँदै बयान दिएका थिए। किमले भनेका थिए- शत्रूतापूर्ण नाकाबन्दी गरी कोरियाली जनतालाई बर्बाद गर्न चाहेका छन्।

अमेरिकाले अहिलेसम्म उत्तर कोरियामाथि लगाइएका आफ्ना प्रतिबन्ध फिर्ता लिएको छैन।

विगतमा राज्यलाई तिर्नुपर्ने करको बेथितिलाई सरकारले व्यवस्थापन गर्न खोजेकोमा गलत प्रचार गरिएको बताउनुभयो। 'सरकारले आर्थिक अनुशासन कायम गर्नका निम्ति आर्थिक करोबारलाई समेत व्यवस्थापन गर्न खोजेको छ' बस्नेतले भन्नुभयो, 'अब ५० हजार भन्दा बढीको कारोबार गर्दा बैंकिङ प्रणालीलाई अपनाउनुपर्दछ।

# 'सरकारले लगाएको करले कुनै असर गर्दैन'

पुष्कर बुढाथोकी, भक्तपुर

पूर्व उद्योगमन्त्री तथा प्रतिनिधिसभाका सांसद महेश वस्नेतले सर्वसाधारण नेपालीलाई अहिले सरकारले लगाएको करले कुनै असर नपार्ने बताउनुभएको छ। अनन्त सन्देश राष्ट्रिय साप्ताहिकको दोस्रो वार्षिकोत्सव कार्यक्रममा बोल्दै सांसद बस्नेतले जसले धेरै आम्दानी गर्छ, उसले राज्यप्रति करको दायित्व निर्वाह गर्नुपर्ने बताउनुभयो।

बस्नेतले विगतमा राज्यलाई तिर्नुपर्ने करको बेथितिलाई सरकारले व्यवस्थापन गर्न खोजेकोमा गलत प्रचार गरिएको बताउनुभयो। 'सरकारले आर्थिक अनुशासन कायम गर्नका निम्ति आर्थिक करोबारलाई समेत व्यवस्थापन गर्न खोजेको छ' बस्नेतले भन्नुभयो, 'अब ५० हजार भन्दा बढीको कारोबार गर्दा बैंकिङ प्रणालीलाई अपनाउनुपर्दछ।'

सरकारले स्वदेशी उत्पादनलाई प्रोत्साहन गर्ने नीतिअनुरूप आयातित बस्तुमा केही कर वृद्धि गरेको बताउँदै सांसद बस्नेतले करलाई व्यवस्थापन गर्दा मुलुकभित्रै स्वदेशी बस्तुहरूको उत्पादनमा समेत प्रोत्साहन मिल्ने बताउनुभयो। उहाँले सरकारले लागू गरेको मुलुकी संहिताले इमान्दार र सक्षम चिकित्सक तथा पत्रकारहरू डराउनुनपर्ने बताउनुभयो।

उहाँले कुनै पनि बिरामीको दायाँ खुट्टामा समस्या छ भने बाँया खुट्टामा अप्रेशन गर्ने प्रवृत्तिलाई निरुत्साहित गर्ने कि नगर्ने भनेर प्रश्न गर्नुभयो। गलत नियत तथा गलत प्रवृत्ति गने जोकोहीलाई पनि कानुनी दायरमा ल्याउनुपर्ने र त्यस्ता प्रकारका व्यक्तिलाई कानुनले नछोड्ने उहाँले बताउनुभयो।

कृषि, जल, पर्यटन, उद्योगलगायतका क्षेत्रलाई वर्तमान सरकारले प्रमुख प्राथमिकता दिएको भन्दै सांसद वस्नेतले कृषिलाई आधुनिकीकरण गरी आगामी दुई वर्षमा ५० प्रतिशत आत्मानिर्भर बनाउने योजना रहेको बताउनुभयो। त्यस्तै प्रदेश नं. ३ का सांसद शशिजंग थापाले ज्ञान, वृद्धि तथा राष्ट्रलाई अग्रणी राख्नका लागि मिडियाको महत्वपूर्ण भूमिका रहेको भन्दै भक्तपुरमा विकास नचाहने पार्टी जसले आफ्नो राजनैतिक विरासता थाम्नको निम्ति भक्तपुरको विकासलाई स्थानीय ठाउँदेखि सदनसम्म विरोध गर्ने गरेको बताउनुभयो। उहाँले जतिसुकै विरोध गरेता पनि भक्तपुरको विकासलाई कसैले छेक्न नसक्ने भन्दै भक्तपुरलाई प्रदेश नं. ३ को राजधानी बनाउन आफूहरू प्रयासरत रहेको बताउनुभयो।

त्यस्तै ३ नम्बर प्रदेश सांसद राजेन्द्रमान श्रेष्ठले मिडियाकर्मी व्यक्ति, घटनापरक भन्दा पनि विचारपरक हुनुपर्ने बताउनुभयो।

पूर्वसांसद केदार सञ्जेलले सम्पूर्ण व्यक्ति, संस्था तथा सरोकारवालासँग समन्वय, सहकार्य गरी सत्यतथ्य समाचार संप्रेषण गर्नुपने धारणा राख्नुभयो। कार्यक्रममा जिल्ला समन्वय समितिका संयोजक नवराज गेलालले सत्यतथ्य समाचार सम्प्रेषण पत्रकारको धर्म भएको भन्दै कुनै राजनीतिक दलको भरमा नलाग्न आग्रह गर्नुभयो। उनले राजनीतिक दलको पूर्वाग्रहको भरमा सकरात्मक कुरालाई लुकाइ नकरात्मक समाचार संप्रेषण गर्ने प्रवृत्ति हावी हुँदै गएकाले यसलाई रोक्नुपर्ने बताउनुभयो।

त्यस्तै सूर्यविनायक नगरपालिकाका मेयर वासुदेव थापाले करको बारेमा कुनै पनि समस्या नरहेको तथा नबढाएको बताउँदै नगरपालिकाले १३ वटा विभिन्न शीर्षकमा निःशुल्क सेवा प्रदान गर्ने निर्णय भएको बताउनुभयो। उहाँले नगरपालिकाले गरेका राम्रा कामको साथ दिन र नराम्रा कामको सुझावका रूपमा सञ्चार माध्यमले विषय उठान गर्नुपर्ने बताउनुभयो। त्यस्तै पत्रकार महासंघ भक्तपुर शाखाका अध्यक्ष पुष्करराज बुढाथोकीले भदौ १ गतेदेखि लागू भएको मुलुकी ऐनले स्वतन्त्र पत्रकारको अधिकारलाई कुण्ठित गरेको भन्दै त्यसलाई तत्काल संशोधन गर्न आग्रह गर्नुभएको थियो।

प्रेस चौतारी नेपालका केन्द्रीय सदस्य शोम शर्मा बजगाईंले सत्यतथ्य तथा खोजमूलक पत्रकारिता गर्नुपर्ने भन्दै सञ्चारकर्मीहरू देशको समृद्धि हासिल गर्नका लागि विकृति र विसंगतिको विरुद्धको अन्त्य गर्न आ-आफ्नो तह र तप्काबाट लाग्नुपर्ने बताउनुभयो। कार्यक्रममा नेपाल घरेलु तथा साना उद्योग महासंघका उपाध्यक्ष मोहन कटुवालले मुलुकको आर्थिक समृद्धिका निम्ति सञ्चार माध्यमले उल्लेखनीय भूमिका खेल्नसक्ने भएकाले जिम्मेवार पत्रकारिता आजको आवश्यकता भएको धारणा राख्नुभयो।

## 'स्वास्थ्यजन्य समस्याको मूल कारण गरिबी'

काठमाडौं, (नेस)

नेपाल स्वास्थ्य अनुसन्धान परिषद्द्वारा जीआईजेट नेपालको सहयोग र नेपाल सरकार, स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको समन्वयमा आयोजित छलफल कार्यक्रमका वक्ताहरूले स्वास्थ्यजन्य समस्याको मूल कारण गरिबी भएको बताएका छन्।

स्वास्थ्य नीति र कार्यक्रममा तथ्यको प्रयोग गर्नका लागि आवश्यक विधिको जानकारी दिने मूल उद्देश्य राखी आयोजित उक्त कार्यक्रममा उपप्रधान एवं स्वास्थ्य तथा जनसंख्यामन्त्री उपेन्द्र कुमार यादवले विश्वमा नै बढ्दै गएको नसर्ने रोग नेपाल जस्ता कम विकसित मुलुकमा झन् बढी भएको बताउनुभयो।

यसको न्यूनीकरणका लागि रोग नै लाग्न नदिन के गर्ने भन्नेबारे अनुसन्धान हुनुपर्ने बताउँदै यसो गर्नसके स्वास्थ्यसम्बन्धी नीति बनाउन सजिलो हुने विश्वास व्यक्त गर्नुभयो

स्वास्थ्य सचिव डा. पुष्पा चौधरीले खाडी मुलुकमा काम गर्न जाने श्रमिकको स्वास्थ्य परीक्षण सरकारले गर्नुपर्ने बताउँदै ५० जनाभन्दा बढी श्रमिक जाने कम्पनीमा नेपाली चिकित्सक र नर्सलाई पनि साथमा लैजानुपर्छ भन्नुभयो।

स्वास्थ्य मन्त्रालयका सूचना अधिकारी डा. दीपेन्द्र रमण सिंहले साउदी अरब, कतार, मलेसियालगायतका देशमा कार्यरत नेपाली बिरामीप्रति सरकार चिन्तित हुनुपर्ने बताउनुभयो।

नेपाल स्वास्थ्य अनुसन्धान परिषद्का कार्यकारी निर्देशक प्राडा.अञ्जनीकुमार झाले राष्ट्रिय स्वास्थ्य प्रणालीलाई संघीय ढाँचामा रूपान्तरण गर्ने प्रक्रियाको थालनी भएको स्मरण गराउनुभयो।

## कार्यालय सहयोगीको हत्या

दार्चुला, (नेस)

दार्चुला मार्मामा एक स्वास्थ्यचौकीमा कार्यरत कार्यालय सहयोगीको हत्या भएको छ। हत्या हुने मार्मा गाउँपालिका वडा नं १ घोल्जर घर भई गुल्जर स्वास्थ्यचौकीमा कार्यरत ४६ वर्षीय अंगबीरसिंह ठगुन्ना रहेका जिल्ला प्रहरी कार्यालय दार्चुलाका प्रहरी निरीक्षक हिक्मत बोहराले बताए। प्रहरीलाई जानकारी आएअनुसार आज बिहान घरमै ठगुन्नाको हत्या भएको बुझिएको छ उनले भने- 'जिल्लाबाट प्रहरीको टोली घटनास्थलतर्फ गएको छ।

हत्या गरिएका ठगुन्नाको साथमा रहेको १० लाख रुपियाँसमेत हत्याराले लुटेर लगेको स्थानीय दिनेश सिंहले जानकारी दिए। ठगुन्ना एक्लै घरमा सुतिरहेका बेला हत्या भएको हो' उनले भने- 'ठगुन्नाको टाउको कोदालाले हिर्काइएको छ।' ठगुन्नाका श्रीमती छोराहरू तराईतिर बस्ने र ठगुन्ना एक्लै घरमा बस्ने गरेका थिए। तराई पठाउनका जम्मा गरेको १० लाखकै कारण ठगुन्नाको हत्या भएको हुन सक्ने प्रहरीको अनुमान रहेको छ।

ठगुन्नाको हत्या कसले गरेको भन्ने अझै खुल्न सकेको छैन। घटनास्थलमा इलाका प्रहरी कार्यालय गोकुलेश्वर, इलाका प्रहरी कार्यालय लटिनाथ र जिल्ला प्रहरी कार्यालयबाट प्रहरी टोली खटिएको छ। दार्चुला सदरमुकामबाट घटनास्थल १ दिनमा पुगिन्छ। घटनाको थप अनुसन्धान भइरहेको छ।

## ससुराली जाँदा मृत्यु

खोटाङ, (नेस)

खोटाङमा ससुराली जाँदै गरेका पुरुष बाटैमा मृत फेला परेका छन्। खोटेहाङ गाउँपालिका-६ इन्द्रेणीपोखरीस्थित ससुराली जानेक्रममा धरान उपमहानगरपालिका-१९ चौकीबारीका ३५ वर्षीय समीर परियार मृत फेला परेका हुन्। दिक्तेलबाट ससुराली जाँदै गरेका परियार सोमबार बिहान दिप्रुङ चुइचुम्मा गाउँपालिका-७ टेम्मामा मृत फेला परेको जिल्ला प्रहरी कार्यालय खोटाङका डीएसपी राजकुमार केसीले बताउनुभयो।

मृतकको शव पोस्टमार्टमका लागि जिल्ला अस्पताल लगिएको छ। परियारको मृत्युको कारण खुल्न सकेको छैन। इन्द्रेणीपोखरीबाट लिन गएका आफन्तले परियारलाई मृत फेला पारेका हुन्।

## फरार अपहरणकारी पक्राउ

बारा, (नेस)

प्रहरीले अपहरण, शरीर बन्धक तथा कर्तव्य ज्यान मुद्दाका फरार एक अभियुक्तलाई पक्राउ गरी जिल्ला अदालतमा बुझाएको छ। प्रहरीले भारत बिहार पश्चिम चम्पारण बेतिया जिल्ला छपडा गाउँ घर भई हाल बारा जिल्लाको करैयामाई गाउँपालिका-८ नरही बस्ने मंगल साह कलवारलाई प्रहरीले सोमबार पक्राउ गरी अदालतमा बुझाएको हो।

जिल्ला अदालतको आदेशले कलवारलाई तोकिएको कैद तथा जरिवानाबापतको थप ४ वर्ष कैद भुक्तानका लागि वीरगन्ज कारागार चलान गरिएको जिल्ला प्रहरी कार्यालय बाराका प्रवक्ता प्रहरी नायब उपरीक्षक रञ्जीतसिंह राठौरले बताउनुभएको छ। अपहरण, शरीर बन्धक र कर्तव्य ज्यान मुद्दामा बारा जिल्ला अदालतले २०७१ माघ २२ गते ९ वर्ष कैद र एक लाख जरिवाना फैसला सुनाए पनि कलवार फरार रहँदै आएका थिए।

### पार्टी...

यस्तो अभ्यास सायद बिरलै अन्य मुलुकमा देख्न/सुन्न पाइन्छ। पदीय भागवण्डा व्यवस्थित गर्न नसक्दा एउटै पदका नेताको टोली जम्बो बनेको हो, जिल्ला तहमा समेत अध्यक्ष मण्डलको व्यवस्था तोकिएको छ। हरेक २/२ महिनामा आलोपालो जिल्ला नेतृत्व परिवर्तन हुने गरेको छ। विभिन्न ३४ जिल्लामा पार्टीको यस्तो संरचना रहेको महासचिव झाले जानकारी दिनुभयो। राजपामा वरिष्ठ नेता ३, सहअध्यक्ष ३, वरिष्ठ उपाध्यक्ष ७, उपाध्यक्ष २९, सहमहासचिव १८, सचिव २३, कोषाध्यक्ष ६, सहकोषाध्यक्ष ३, प्रवक्ता ६ र सहप्रवक्ता १ जना रहेका छन्। केन्द्रीय समितिमा १६ प्रतिशत महिला छन्।

राजपाले स्थानीय तहको तेस्रो चरणको निर्वाचनमा भाग लिएको थियो। असोज २ गते तराईका विभिन्न ८ जिल्लाका १ सय ३६ स्थानीय तहमा निर्वाचन हुँदा राजपाले २४ वटा तहमा प्रमुख, ३१ उपप्रमुख र २ सय ५० भन्दा बढी वडाध्यक्ष जितेको थियो। उसले पहिलो र दोस्रो चरणको निर्वाचनमा भाग लिएको थिएन।

शीर्ष जिम्मेवारीमा रहेका अधिकांश नेता विगतमा विभिन्न दलका अध्यक्ष, महासचिव, उपाध्यक्ष र अन्य भूमिका निर्वाह गरिसकेका छन्, यीमध्ये पुराना नेताका रूपमा चिनिनुहुन्छ संयोजक महन्थ ठाकुर। २०४८ सालको प्रतिनिधिसभामा ठाकुर नेपाली कांग्रेसको तर्फबाट उपसभामुख बन्नुभएको थियो। राजपाका अध्यक्ष मण्डलका सदस्यमा राजेन्द्र महतो, शरतसिंह भण्डारी, महिन्द्र राय यादव, अनिलकुमार झा र राजकिशोर यादव रहेका छन्।

एकताअघि महतो सद्भावना पार्टीका, भण्डारी राष्ट्रिय मधेश समाजवादी पार्टीका, महिन्द्र राय यादव तराई मधेश सद्भावना पार्टीका, झा नेपाल सद्भावना पार्टीका र राजकिशोर यादव मधेशी जनाधिकार फोरम (गणतान्त्रिक) का अध्यक्ष रहेका थिए। निर्वाचन आयोगमा नाम बुझाउँदा केही पार्टीबाहेक अरूले झन्डै दोब्बर संख्या देखाएर नाम थपेका थिए। राजपाको अब बन्ने समितिमा भने अध्यक्ष सर्वोपरी रहनेछ र बढीमा २ सयको मात्र केन्द्रीय समिति रहने गरी छलफल अघि बढाइएको पार्टीले जनाएको छ।

पार्टीको आफ्नै भवन नभएपछि बबरमहलमा रहेको शुभेच्छुक संस्था नेपाल मधेशी निजामती कर्मचारी मञ्चको कार्यालयमा पार्टीको काम कारबाही हुँदै आएको छ। कार्यालयमा संयोजक ठाकुरको एउटा कोठा छ, बाँकी अध्यक्ष मण्डलका सदस्यले पनि १/१ कोठा पाएका छन्, महासचिवलाई एउटै कोठामा धेरै कुर्ची राखिएको छ र अध्यक्ष मण्डललाई कसैले संयुक्त भेट गर्न चाहे अर्को कोठा छुट्याइएको छ।

युवा, विद्यार्थी, महिला, दलित, मुश्लिम, आदिवासी, जनजाति, बुद्धिजीवी, किसानजस्ता भ्रातृसंस्था रहेका छन्। त्यसै गरी शिक्षक, प्राध्यापक, स्वास्थ्यकर्मी, निजामती कर्मचारीका शुभेच्छुक संस्था छन्। भारत, कतार, मलेशिया, दुबईमा प्रवासी संगठन रहेको छ।

### वित्त आयोग...

साथै संघ र प्रदेश सरकारको राजस्व बाँडफाड आधारको पुनरावलोकन गरी परिमार्जनको सिफारिस गर्ने काम पनि यही आयोगको हो।

राज्यको नयाँ संरचनाअनुसार संघ, प्रदेश र स्थानीय गरी तीन तहलाई व्यवस्थित बनाउन तथा राजस्व र प्राकृतिक स्रोतको बाँडफाडको सवालमा महत्वपूर्ण नीति निर्माणमा भूमिका निर्वाह गरी समृद्ध नेपाल निर्माणमा सहयोग पुर्‍याउने यो राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको पदाधिकारी नियुक्ति नगरेको विषयलाई कांग्रेस सांसद थापाले प्रमुखताका साथ संसद्मा उठाउनुभएको हो।

मंगलबार बसेको संसद् बैठकमा बोल्दै कांग्रेस सांसद थापाले भन्नुभयो- 'प्रधानमन्त्री ओलीको अरूचीले संघीय प्रणालीको भविष्य अन्योलमा परेको छ।' अहिले जताततै करको बारेमा असन्तुष्टिहरू आइरहेका छन्। प्राकृतिक स्रोत तथा वित्त आयोगमा पदाधिकारी तत्काल नियुक्ति गरेर ऐनको त्रुटि सच्याएर नियमावली बनाएर नियमअनुसार काम अगाडि बढाउनुपर्नेमा कर्मचारीको आदेशमा समस्या समाधान खोजिँदै गरेकोप्रति सांसद थापाले असन्तुष्टि जनाउनुभएको थियो।

स्थानीय सरकार सञ्चालन ऐनले कुन-कुन क्षेत्रमा कर लगाउने भनेर स्पष्ट पारे पनि नियमावली नबनेका कारण थुप्रै समस्या आएको उहाँको भनाइ थियो। कर केमा लगाउने ऐनले भन्थ्यो र कर कसरी लगाउने नियमले भन्थ्यो भन्दै सांसद थापाले भन्नुभयो- 'तर, जिम्मेवारी बोकेर बस्नुभएका मन्त्रीजी दिनमा दुईपटक कर्मचारीलाई निर्देशन दिन थाल्नुभएको छ र जिम्मा लिएको सचिव दिनमा दुईपटक सांसदलाई निर्देशन दिन थाल्नुभएको छ।'

केन्द्रमा बढी राजस्व उठाउने सबैभन्दा सफल अर्थ मन्त्रीको मानक बनेकै कारण स्थानीय सरकारले त्यही सिकेको सांसद थापाको भनाइ थियो। 'प्रदेशसभा डुलेर उपदेश दिन छाड्नुस्, अन्तर्वार्तामा रमाइलो र रोइलो छाड्नुस्', सांसद थापाले भन्नुभयो- 'प्रधानमन्त्रीज्यू गर्नुपर्ने काम गर्नुस्।' संघीयता असफल भए प्रधानमन्त्री पनि असफल हुने उहाँको भनाइ थियो।

संवैधानिक परिषद्को सिफारिसमा राष्ट्रपतिले नियुक्ति गर्ने राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको अध्यक्ष तथा सदस्यको कार्यावधि ६ वर्षको हुनेछ। मान्यता प्राप्त विश्वविद्यालयबाट सम्बन्धित विषयमा स्नातक उपाधि हासिल गरी प्राकृतिक स्रोत वा वित्त व्यवस्थापन, अर्थशात्र, कानुन, व्यवस्थापनको क्षेत्रमा कम्तीमा २० वर्ष क्रियाशील रही विशेषज्ञता हासिल गरेको व्यक्ति यो आयोगको अध्यक्ष वा सदस्यका लागि योग्य हुने भनी संविधानमा योग्यता निर्धारण गरिएको छ।

### अघि...

तर पर्याप्त कानुनको अभाव हुँदा प्रदेश र स्थानीय तहमा कर्मचारीको अभाव रहेको छ। कर्मचारी समायोजनमा निकै जटिलता रहेकाले ऐन पारित भएपछि तीव्र गतिमा कर्मचारी समायोजन प्रक्रिया शुरू हुने पनि मन्त्रालयले जनाएको छ।

अहिले करिब १० देखि १५ हजारसम्म स्थानीय तहमा कर्मचारी अपुग छन्। संघमा ४५ हजार ८ सय १५, प्रदेशमा १६ हजार ५ सय ७० र ५७ हजार ६ सय ९० कर्मचारीको दरबन्दी टुंग्याइएको छ। अहिले भएका सबै कर्मचारी संघमा रहेकाले तिनलाई नै स्थानीय तहमा पठाइने उहाँले बताउनुभयो। प्रदेशमा भने यसअघिका क्षेत्रीय निर्देशनालय कार्यालयका कर्मचारी जाने बताइएको छ।

त्यसै गरी हरेक प्रदेशमा ३ हजारका दरले २१ हजार कर्मचारी रहनेछन्। प्रदेशअन्तर्गत रहने भनिएका कतिपय विभाग संघअन्तर्गत नै रहने भएकाले अब प्रदेशमा १६ हजार ५ सय ७० कर्मचारी रहनेछन्। स्थानीय तहको हकमा दुई वर्षका लागि ५७ हजार ७ सय ६६ कर्मचारी रहनेछन्। संघ, प्रदेश र स्थानीय गरी १ लाख २० हजार ५१ कर्मचारी निश्चित भएको छ। ऐन पारित भएपछि मात्र स्वीकृत दरबन्दीअनुसार समायोजन प्रक्रिया अघि बढ्ने मन्त्रालयले जनाएको छ।

### पक्राउ...

विभागले २ क्विन्टल काँक्रो प्रतिकिलो २५ रुपियाँका दरले बेचेको छ भने १ क्विन्टल काँक्रो नष्ट गरेको छ। त्यसै गरी १५ क्विन्टल फर्सी प्रतिकिलो १५ रुपियाँदेखि २५ रुपियाँका दरले बिक्री गरेको छ। यदि गोलेले आफैं कृषक भएको प्रमाण ल्याएको खण्डमा फर्सी बिक्रीबाट उठेको रकम सम्बन्धित किसानलाई नै फिर्ता गरिने पोखरेलको भनाइ छ। सोमबार अनुगमनका क्रममा सरकारी टोलीलाई अवरोध गर्ने २ जना व्यवसायीलाई भने थप कारबाहीका लागि अदालती प्रक्रियामा लगिएको पोखरेलको भनाइ छ।

### होला त...

सोही अनुसन्धानलाई थप पुष्टि गर्न हिजो सोमबार विभागले कालिमाटी बजारमा अनुगमन गरेको हो।

कालीमाटी बजार सञ्चालक समितिका अध्यक्ष तथा कृषि मन्त्रालयका सहसचिव तेजबहादुर सुवेदीका अनुसार कालिमाटीभित्रका ९८ वटा व्यापारीलाई कारबाही गर्ने गरी मन्त्रालयले प्रतिवेदन तयार पारेको छ। तर उक्त प्रतिवेदन व्यापारीकै दबाबका कारण सञ्चालक समितिबाट पारित हुन भने सकेको छैन। 'हामीले एक वर्षअघि तयार पारेको प्रतिवेदन समितिबाट पारित हुन नसकेपछि मन्त्रालय पठायौं। दोस्रो प्रतिवेदन पनि दुईपटक सञ्चालक समितिमा छलफलका लागि पठाइसकेका छौं। तर पारित भने हुन सकेको छैन' -कालिमाटी फलफूल तथा तरकारी बजार विकास समितिका कार्यकारी निर्देशक तेजेन्द्र पौडेलले भन्नुभयो। समितिले तयार पारेको अध्ययन प्रतिवेदनअनुसार कालिमाटीमा बिचौलिया व्यापारीले एउटै स्टलबाट २ लाख रुपियाँसम्म अतिरिक्त भाडा असुल्ने गरेका छन् भने एउटा स्टलमा ३ वटासम्म पसल सञ्चालन भइरहेका छन्। व्यापारीहरूले बजार र स्टल कब्जा गरी एउटा स्टलको क्षेत्रफल हेरी ८ देखि १० हजार रुपियाँ मात्र भाडाबापत समितिलाई बुझाउने र २ लाख आफैं कुम्ल्याउने गरेका छन्। बिचौलियाको धन्दा चलाइरहेका व्यापारीले बजारभित्रका स्टल आफूले कब्जा गर्ने र महँगो दरमा अर्कैलाई भाडामा दिई ठगी धन्दा चलाउने गरेका छन्। थोक व्यापारीले ९० वर्गफिट र खुद्रा व्यापारीले ४० वर्गफिटका दरले स्थान पाए पनि एउटै स्टलमा ३ वटासम्म पसल सञ्चालन भइरहेका छन्। कालिमाटी बजारमा ३ सय ५० भन्दा बढी थोक व्यापारी र ७१ जना खुद्रा व्यापारी रहेको समितिको तथ्यांकमा उल्लेख छ।

दुवैजना मन्त्री र मन्त्रालयले अहिलेको अवस्थालाई धेरै दिन टिक्न नदिने भन्दै सार्वजनिक रूपमा धारणा राखे पनि त्यसको कार्यान्वयनमा भने फितलो देखिएको छ। कृषिमन्त्री खनालले गत जेठमा अनुगमन गरेपछि दोस्रोपटक सो विषयमा कुनै चासो देखाउन सक्नुभएको छैन।

**Urlabari Municipality**
Office of Municipal Executive

**Invitation for sealed Bids: For the Construction of Additional Storeys of Office Building in Urlabari, Morang**

**Contract Identification No: BLDG-URI- 01/075-76**
Date of Publication: 2075/05/06 (22nd August 2018)

1. Urlabari Municipality has allocated funds towards the cost of Construction of the Office Building (Additional Storeys First & Second Floor) in Urlabari, Morang. Contract Identification Number: BLDG-URI-01-075/076 .Bidding is open to all eligible Bidders.
2. Urlabari Municipality, Morang invites sealed bids from eligible bidders for the Construction of Additional Storeys of Office Building in Urlabari, Morang. Eligible bidders may obtain further information and inspect the Bidding Documents at Urlabari Municipality, Morang. Telephone No: 021-541698 within office hours. OR The bidders may visit the E-Procurement Section of PPMOs Web Site http://www.bolpatra.gov.np/egp
3. A complete set of Bidding Documents may be purchased from the office by eligible Bidders on the submission of a written application, on or before 17:00 hrs 2075/06/04 (20th September, 2018) along with the copy of company/firm registration, business registration certificate, Vat and PAN registration certificate and tax clearance of fiscal year 2074/075 and upon payment of a non-refundable fee Payment shall be in the form of cash deposit in office of Urlabari Municipality, Urlabari, Morang. If so requested, the Bidding Documents can also be sent by post / courier's services, upon payment of additional non refundable fee of NRS 3,000.00. However, the employer will not be responsible for delay or non delivery of the documents so sent.
**Information to deposit the cost of bidding document in Bank:**
Name of the Bank: Agricultural Development Bank
Name of Office: Office of Municipal Executive, Urlabari, Morang
Rajaswa (revenue) shirshak no 0601701150595083 (For Bid Document Purchase)
4. Bids must be delivered to Urlabari Municipality, Morang on or before 12:00 o'clock of 2075/06/05 (21st September 2018). Alternatively, bidders may submit their bid electronically through E-procurement section of PPMO's Web Site http://www.bolpatra.gov.np/egp. As specified in the Instruction to Bidders. Late bids will be rejected. Bids will be opened physically and electronically at 14:00 hrs of 2075/06/05 (21st September 2018) after bid submission deadline in the presence of representatives including bidders (who choose to attend) at Urlabari Municipality, Morang.
5. All bids shall be accompanied by a valid bid security of an amount not less than the amount as specified below. The bid security guarantee issued by only the A class commercial bank approved by Nepal Rastra Bank shall be accepted by the employer. If the bidder wishes to submit the bid security in the form of cash, the bidder has to deposit cash in deposit account no: 0601701150595024 of Urlabari Municipality Office, Urlabari, Morang in Agricultural Development Bank,Urlabari, Morang and shall submit bank deposit voucher along with the bid.
6. Bids must be valid for a period of 90 days after bid opening and must be accompanied by a bid security amounting to a minimum of as described in details of work and issued by commercial bank, which shall be valid for 30 days beyond the validity period of the bid.
7. Pre-bid meeting will be held in the Office of Urlabari Municipality, Morang at 11:00 hrs on 2075/05/26 (11th September, 2018) Information about submission process of bid electronically (e-submission) shall be provided to all interested bidders who choose to attend the pre-bid meeting.
8. If the specified date for pre-bid meeting, last date of submission and falls on a government holiday then same time on next working day shall be considered for such events. In such case, the validity of bid security shall be considered from already specified last date for bid submission.
9. The Employer reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning any reason, whatsoever.
10. Bidders Annual Turnover and Experience requirement are:
10.1 Average Annual Turnover of the construction work of best 3 years over the last 10 years is: NRs. 29400000 ( In words : Two Crore & Ninety Four lakhs only) without VAT
10.2 Minimum work experience of similar nature in the last 10 years is: one number single RCC building and value not less than NRs. 23500000 ( In words : Two Crore & Thirty-Five lakhs only) without VAT.

**Details of Works**

| S. No | Contract Identification No. | Name of Project | Location | Bid security amount NRs. |
|---|---|---|---|---|
| 1 | BLDGURI-01-075/076 | Construction of Additional Storeys of Municipal Building | Urlabari, Morang | 735000/- |

2018, AUG
Wednesday
22

# अर्थ

गभर्नर नेपालले पछिल्ला दुई वर्षमा कृषि, उद्योग र सेवा क्षेत्रमा भएको आर्थिक वृद्धिदरको विश्लेषणपछि गरिएको ८ प्रतिशत कायम हुने पर्याप्त आधार भएको बताउनु भएको हो।

## कार मेला सम्पन्न




नेपाल समाचारपत्र

काठमाडौं

टाटा मोटर्सको नेपालका लागि एकमात्र आधिकारिक वितरक सिप्रदी ट्रेडिङ प्रालिले वार्षिक रुपमा आयोजाना गर्दै आइरहेको टाटा मोटर्स कार मेलाको सिजन-६, सम्पन्न भएको छ। तीन हजारभन्दा बढी दर्शकले अवलोकन गरेको सो कार मेलामा अवलोकनाकर्ता टाटाका विभिन्न कारबारे जानकारी लिई टेस्ट ड्राइभलगायत मनोरन्जनात्मक कार्यक्रम मा सहभागी भएका थिए।

आयोजक सिप्रदी ट्रेडिङका अनुसार सो कार मेलामा उपस्थित दर्शकमध्ये छ भन्दा बढीले टाटाका विभिन्न मोडलका गाडीको टेस्ट ड्राइभ गरेका थिए। जसमध्ये ९८ जनाले बुकिङ गरेका छन्। ४५० भन्दा बढी दर्शकले एक्सचेन्जका लागि आफ्नो पुरानो गाडीको मूल्यांकन गराएका थिए।

कार मेला सिजन-६ का मुख्य आकर्षणमा टाटा प्यासेन्जर गाडीको बृहत् प्रदर्शनी, एक्सेंज सुविधा, अन द स्पट फाइनान्स र बीमा सुविधा, टेस्ट ड्राइभलगायत विभिन्न सांगीतिक एवम् मनोरन्जनात्मक कार्यक्रम रहेका थिए। पूर्व घोषणा गरिए अनुसार टेस्ट ड्राइभ गरेर लक्की ड्र मार्फत सुमन श्रेष्ठले होलिडे प्याकेज पाउनुभयो, गाडी बुक गरेर भुवन केसी र टीकादत्त पाण्डेले २ वर्षको लागि फ्रि सभिङको कुपन पाउनुभयो, सुनिल कुमार श्रेष्ठ र ट्रान्स सोलुसन्सले ६ महिनाका लागि फ्रि इन्धन पाउनुभयो, साथै सञ्जिभकुमार शर्मा नेपाल, प्राचिन श्रेष्ठ र सुरेश भुसालले फ्री कम्प्रिहेंसिव इन्स्यारेन्स हात पार्नुभयो भने राधिका अर्याल दाहाल, सुनिल श्रेष्ठ र सरोज श्रेष्ठले क्रमश: हिराको औठी, थाइल्याण्ड टुर र युरोप टुर जित्नुभयो।

## एमजीको नयाँ शोरुम नक्सालमा



काठमाडौं, (नेस)

एमजी (मोरिस ग्यारेज) को शोरुम नक्सालमा खुलेको छ। मंगलबार नेपालका लागि बेलायती राजदूत रिचर्ड मोरिसले उक्त शोरुमको उद्घाटन गरेका छन्।

एमजी मोर्टस बेलायती कार उत्पादक कम्पनी हो। जसलाई नेपाली बजारमा पारामाउन्ट मोर्टसले बिक्री वितरण गर्दै आएको छ।

एमजी गाडीको उत्पादन मोरिस ग्यारेजको नामबाट १९२१ मा शुरू भएको हो। यो कम्पनी अहिले ९७ वर्ष पुरानो भएको छ। यो कार उत्पादनको शुरूवाती समयमा विलियम मोरिसले अटोमोबाइल इन्जिनियर सेसिल किम्बरलाई हायर गरेका थिए।

पारामाउन्ट मोटर्सका जनरल मेनेजर सचिन अर्याल भन्छन्-'एमजी विश्वको सबैभन्दा छिटो प्रगति गरिरहेको मोटर कम्पनीमध्येको एक हो। विगत केही वर्षदेखि एमजी ब्रान्डले नयाँ-नयाँ मोडल बजारमा ल्याएर बलियो पकड राख्दै अविश्वसनीय प्रगति गर्दै आइरहेको छ। यो कम्पनीले विश्वभरी आफ्नो पहुँच पुर्‍याउने लक्ष्य लिएको छ। त्यसै क्रममा नेपाली बजारमा प्यारामाउन्ट मोटर्ससँग अधिकारीक वितरकको रुपमा सहकार्य गरिरहेको छ।'

एमजीले थाइल्यान्डमा आधुनिक टेक्नलोजी जडित फ्याक्ट्री स्थापना गरिसकेको छ, साथै २०१९ को शुरूवातसँगै भारतमा पनि उत्पादन गर्ने तयारीलाई अन्तिम रुप दिँदैछ।

एमजीका जीएस र जेडएस मोडलको गाडी पनि लन्च गरिएको छ। सेडानको विकल्प हुनसक्ने जीएस र जेडएस मोडलका कम्प्याक्ट प्रिमिएम एसयुभी विश्व बजारमा लोकप्रिय मोडल हुन्। एमजीले सधैं आफ्ना मोडलमा पावर र सेफ्टीलाई मुख्य फिचरको रुपमा राखेर कारको उत्पादन गर्ने गर्छ। सेफ्टी एयरब्याग, उत्कृष्ट निर्माण क्वालिटी र पावरफुल इन्जिन यसका अन्य विशेषता हुन्। एनक्याप अष्ट्रेलियाले यसलाई क्रयास टेस्टमा ५ स्टारको रेटिङ दिएको छ।

Population First

**South Asia Laadli Media and Advertising Awards for Gender Sensitivity 2017 (SALMAAGS)**

Instituted by Population First in 2007, the LMAAGS highlight, acknowledge and celebrate the commendable efforts by various media for analyzing programs, policies, social trends and behaviors from a gender perspective. Population First aims to establish gender sensitivity as an integral value of good journalism. In the year 2017 the Awards were extended to the South Asia Region in association with International Advertising Association (IAA)

**ENTRIES ARE BEING INVITED FOR THE SECOND EDITION OF THE SOUTH ASIA LAADLI MEDIA AWARDS FROM JOURNALISTS FROM NEPAL.**

The entries will be judged by an eminent jury comprising leaders from the media fraternity and gender studies specialists from the participating nation. There is no entry fee. All the entries should be original and comply with copyright requirements.

**Criteria for Eligibility:**

An entry to the Laadli Media and Advertising Awards for Gender Sensitivity should emphasize or highlight one or more of the following:

- Analyze policies, programs and laws from a gender perspective
- Highlight influence of gender perceptions on the functioning of police, judiciary, administrators and other service providers in the implementation of laws and programs
- Challenge gender stereo-types by focusing on men and women who are redefining their gender equations e.g. changing work participation patterns of men and women, changing work distribution at home between men and women etc.
- Analyze the social, religious and economic factors that promote gender inequality and gender violence
- Report on current events from a gender perspective e.g.: disasters, communal riots, elections, sports events etc.
- Create awareness about pre-birth sex selection and other acts of gender discrimination and violence
- Interpret research and other reports/documents from a gender perspective e.g. census, economic survey, budgets etc.
- Voice the experiences of survivors of gender violence

**Format for Sending Entries:**

- Print entries should contain evidence of publishing and must be accompanied by a legible copy of each entry. Optionally, the same can be sent electronically on a labeled disc or via email (PDF or JPEG only).
- Date of publication should be clearly visible in all the entries.
- All CDs, DVDs should be in data format to enable us to make copies for submission to the jury members.

**Terms and Conditions:**

- All the entries should clearly state, on top of the entry form, "Entry for SALMAAGS
- Incomplete entry forms will not be considered.
- Please note that entries and submitted material will not be returned.
- Population First reserves the right to use all material submitted for purposes of promoting the Awards

**Entry Requirements:**

- All entries should have been published between January 1, 2017 and December 31, 2017
- All entries must include an endorsement from the Editor/Direct Supervisor or commissioning organization.
- Multiple entries are allowed.

**All entries to be sent to:**

iaanepal@gmail.com
Seto Pool, Rudramati Marg, Maitidevi, Kathmandu
Mob. +977 9860279740

Last date for sending entries for Nepal : 31st August 2018.

laadli
Celebrate Her Life
An initiative by Population First

*For more information and any queries please write to us at:*
IAA CHAPTER NEPAL :- iaanepal@gmail.com

IAA
Inspiring Excellence in Communications Worldwide"
Nepal Chapter

*Follow us on facebook: http://www.facebook.com/LaadliPF*
*Twitter: Laadli_PF*

हिमाल स्टील आजको भाउ

JAGDAMBA STEEL

बिक्री मूल्य रु. प्रति किलोग्राम

| स्थानहरु / साइज | JAGDAMBA E [illegible] | | | |
|---|---|---|---|---|
| काठमाडौं | ९१।00 | ८८।00 | ९१।00 | ९१।00 |
| सिमरा, बिरगंज, कलैया | ८९।४० | ८६।४० | ८९।४० | ८९।४० |
| मलंगवा, जनकपुर, नारायणघाट | ९०।४० | ८७।४० | ९०।४० | ९०।४० |
| [illegible], विराटनगर, धरान, इटहरी | ९१।९५ | ८८।९५ | ९१।९५ | ९१।९५ |
| [illegible] | ९०।१० | ८७।१० | ९०।१० | ९०।१० |
| पोखरा, स्याङ्जा | ९०।६० | ८७।६० | ९०।६० | ९०।६० |

JAGDAMBA E
EARTHQUAKE RESISTANT REBAR
Fe 500

निक्षेप रकम उपर हकदावी गर्न आउने ३५ दिने सूचना

नेपाल एसबिआई बैंक लिमिटेड
NEPAL SBI BANK LTD.

## विनिमय दर

नेपाल राष्ट्र बैंक
केन्द्रीय कार्यालय
विदेशी विनिमय व्यवस्थापन विभाग

२०७५ भदौ ६, अगस्ट २२, २०१८

### खुला बजार विनिमय दर नेपाल राष्ट्र बैंकको

| | खरिद दर | बिक्री दर |
|---|---|---|
| भारतीय रूपियाँ १०० को रू. | १६०।०० | १६०।०० |
| अमेरिकी डलर १ का रू. | १११।४० | ११२।०० |
| युरो १ को रू. | १२८।४४ | १२९।१३ |
| पाउन्ड स्टर्लिङ १ को रू. | १४३।०८ | १४३।८५ |
| स्विस फ्रन्क १ को रू. | ११२।८८ | ११३।४९ |
| अस्ट्रलियन डलर १ को रू. | ८२।०० | ८२।४५ |
| क्यानाडियन डलर १ को रू. | ८५।६० | ८६।०६ |
| सिङ्गापुर डलर १ को रू. | ८१।४९ | ८१।९३ |
| जापानी यन १० को रू. | १०।११ | १०।१६ |
| चिनियाँ युआन १ को रू. | १६।२७ | १६।३६ |
| साउदी अरब रियाल १ को रू. | २९।७० | २९।८६ |
| कतारी रियाल १ को रू. | ३०।६० | ३०।७६ |

| | खरिद दर | बिक्री दर |
|---|---|---|
| थाई भाट १ को रू. | ३।४० | ३।४२ |
| सं. अरब इमिरट दिराम १ को रू. | ३०।३३ | ३०।४९ |
| मलसियन रिङ्गिट १ को रू. | २७।१९ | २७।३३ |
| दक्षिण कारियन वन १०० को रू. | ९।९६ | १०।०२ |

**खरिद दर**

| | खरिद दर |
|---|---|
| स्विडिस क्रोनर १ का रू. | १२।२१ |
| डेनिस क्रानर १ का रू. | १७।२२ |
| हङकङ डलर १ का रू. | १४।१९ |

**नोट** : वर्तमान व्यवस्थाअन्तर्गत वणिज्य बैंकहरूले तोकेका खुला बजार विनिमय दर भने फरक हुन सक्नेछ। चिनियाँ युआन चिनियाँ पर्यटक, नेपाली निर्यातकर्ता तथा आयातकर्ता, चीन भ्रमणमा जाने नेपाली नागरिकहरू र चीनमा अध्ययन गर्ने विद्यार्थीसँग मात्र खरिद/बिक्री गर्न पाइने।

## रियल स्कुल अफ नेपालको अडिसन सम्पन्न



काठमाडौं, (नेस)

रियल स्कुल अफ नेपाल-२०१८ अन्तर्गत ११औं क्षेत्रीय फाइनल मध्यमाञ्चलको ललितपुरमा सम्पन्न भएको छ। यस प्रतियोगिताबाट विजयी विद्यालय जेम्स स्कुल घोषित भएको छ।

विजयी विद्यालयका सहभागी विद्यार्थीहरू पुस्पिकका थापा, आस्था क्षेत्री, दिवस डंगोल, सुरेश महर्जन, कृषा बज्रचार्य र आदित्य थापा हुन्।

विजयी विद्यार्थीले काठमाडौंमा सम्पन्न हुने रियल स्कुल अफ नेपाल- २०१८ को अन्तिम चरणको प्रतियोगितामा अन्य विजयी विद्यालयका विद्यार्थीसँग प्रतिस्पर्धा गर्नेछन्।

## ज्योती विकास बैंक र देव: विकास बैंकबीच सम्झौता

काठमाडौं, (नेस)

ज्योती विकास बैंक र देव: विकास बैंकबीच रेमिट सेवा प्रदान गर्ने सम्झौता भएको छ। उक्त सम्झौतापत्रमा ज्योति विकास बैंक र देव: विकास बैंकका प्रमुख कार्यकारी अधिकृत हस्ताक्षर गरेका छन्।

ज्योती विकास बैंकले हालै सञ्चालनमा ल्याएको ज्योती रेमिट सेवा देव: विकास बैंकका सबै शाखाबाट रेमिटेन्स सेवा प्राप्त गर्न सकिने भएको छ। हाल ज्योती विकास बैंकको ६० वटा शाखा रहेका छन् भने यस आर्थिक वर्षभित्र थप ३० शाखा सञ्चालनमा आउँदैछन्।

सम्झौतापश्चात् देव: विकास बैंकका ५१ शाखा कार्यालयबाट ज्योती रेमिटमार्फत रकम पठाउन, भुक्तानी गर्न तथा खातामा रकम जम्मा गर्न सकिनेछ।



VACANCY

कर्णाली डेभपमेण्ट बैंक लि.
Karnali Development Bank Ltd.

Karnali Development Bank (three districts regional development bank, "B" Class) invites application for its head office Nepalgunj, banke from highly motivated, dynamic, energetic and result oriented Nepali citizens for the following post.

Post : Chief Executive Officer (CEO)

*Responsibility:* Overall responsibilities of the bank
*Qualification,:* As per NRB Guideline Directory
*Experience:* As per NRB Guideline Directory
*Salary:* As per NRB Guideline Directory.

Only short listed candidates will be informed for written test/ Interview. Candidates canvassing for the selection process will be automatically disqualified. The bank reserves to right to accept or reject applications without any reason. Latest to apply by 05-09-2018. Please submit your bio-data with latest PP size photo and contact in Karnali Development Bank Ltd. Nepalgunj, Banke or kdbl@ntc.net.np

Karnali Development Bank Ltd.
Surkhet Road, Nepalgunj, Banke, Nepal
Tel: 081-415040/415064, Fax: 081-415104
Email: kdbl@ntc.net.np, info@kdblnepal.com

२०७५, भदौ
बुधबार
६

# अर्थ

> जसमध्ये फिन्टेकले कम रकम कुबल गरेकाले उसलाई छनोट गरिएको निगमको भनाइ रहेको छ। कम्पनीले विमानको पार्टपुर्जा र उपकरणको समेत मूल्याङ्कन गरी दररेट तयार गर्ने छ। निगमले दरको दायरा राखेर सञ्चालक समितिमा लिलामको लागि प्रस्ताव राख्ने निगमका सहप्रवक्ता शैलेश कंसकारले जानकारी दिनुभयो। विमानमा १ सय ९० सिटमध्ये १६ वटा विजनेस क्लासका सिट रहेका छन्।

## SHARE MARKET

**21 AUGUST TUESDAY, 2018**

| S.No. | Traded Companies | Total Share | Max. Price | Min. Price | CP Price | Diff Rs. |
|---|---|---|---|---|---|---|
| 1 | Agriculture Development Bank Limited | 8787.00 | 335.00 | 331.00 | 333.00 | -2.00 |
| 2 | Api Power Company Ltd. | 756.00 | 265.00 | 255.00 | 261.00 | -9.00 |
| 3 | Arambha Mi. Bittiya Sanstha Ltd. | 1160.00 | 840.00 | 826.00 | 839.00 | -2.00 |
| 4 | Arun Kabeli Power Ltd. | 683.00 | 246.00 | 242.00 | 242.00 | -2.00 |
| 5 | Arun Valley Hydropower Dev. Co. Ltd. | 3651.00 | 133.00 | 129.00 | 132.00 | -3.00 |
| 6 | Asian Life Insurance Co. Limited | 765.00 | 610.00 | 607.00 | 610.00 | -6.00 |
| 7 | Bank of Kathmandu Ltd. | 12342.00 | 275.00 | 273.00 | 274.00 | 1.00 |
| 8 | Barun Hydropower Co. Ltd. | 250.00 | 136.00 | 133.00 | 134.00 | 1.00 |
| 9 | Best Finance Company Ltd. | 2913.00 | 102.00 | 100.00 | 100.00 | 0.00 |
| 10 | Bhargav Bikash Bank Ltd. | 1200.00 | 130.00 | 126.00 | 128.00 | -4.00 |
| 11 | Bottlers Nepal (Terai) Limited | 89.00 | 6110.00 | 6050.00 | 6050.00 | 1.00 |
| 12 | Butwal Power Company Limited | 1660.00 | 437.00 | 433.00 | 433.00 | -3.00 |
| 13 | Central Finance Co. Ltd. | 460.00 | 115.00 | 115.00 | 115.00 | -2.00 |
| 14 | Century Commercial Bank Ltd. | 16477.00 | 168.00 | 166.00 | 167.00 | 0.00 |
| 15 | Chhimek Laghubitta Bikas Bank Limited | 4306.00 | 907.00 | 900.00 | 906.00 | 2.00 |
| 16 | Chhyangdi Hydropower Ltd. | 220.00 | 120.00 | 118.00 | 119.00 | 0.00 |
| 17 | Chilime Hydropower Company Limited | 7405.00 | 717.00 | 708.00 | 715.00 | 2.00 |
| 18 | Citizen Bank International Limited | 19137.00 | 235.00 | 229.00 | 233.00 | 1.00 |
| 19 | Citizen Investment Trust | 282.00 | 2437.00 | 2400.00 | 2400.00 | 10.00 |
| 20 | City Express Finance Co. Limited | 70.00 | 110.00 | 110.00 | 110.00 | -2.00 |
| 21 | Civil Bank Ltd | 4426.00 | 150.00 | 148.00 | 148.00 | -1.00 |
| 22 | Civil Laghubitta Bittiya Sanstha Ltd. | 43.00 | 682.00 | 669.00 | 682.00 | -13.00 |
| 23 | Corporate Development Bank Limited | 120.00 | 102.00 | 102.00 | 102.00 | -2.00 |
| 24 | Deprosc Laghubitta Bittiya Sanstha Ltd. | 1615.00 | 656.00 | 642.00 | 643.00 | -23.00 |
| 25 | Deva Bikas Bank Limited | 3274.00 | 127.00 | 126.00 | 127.00 | 0.00 |
| 26 | Dibyashwori Hydropower Ltd. | 151.00 | 106.00 | 102.00 | 104.00 | 0.00 |
| 27 | Everest Bank Limited | 6286.00 | 662.00 | 650.00 | 654.00 | -11.00 |
| 28 | Everest Bank Limited Con. Pref. | 156.00 | 603.00 | 581.00 | 591.00 | -1.00 |
| 29 | Everest Insurance Co. Ltd. | 134.00 | 1255.00 | 1232.00 | 1232.00 | -11.00 |
| 30 | Excel Development Bank Ltd. | 4535.00 | 316.00 | 311.00 | 312.00 | -2.00 |
| 31 | First Micro Finance Dev. Bank Ltd. | 7393.00 | 413.00 | 405.00 | 406.00 | -9.00 |
| 32 | Forward Community Mi. Bittiya Sanstha Ltd. | 584.00 | 2080.00 | 2065.00 | 2072.00 | -14.00 |
| 33 | Gandaki Bikas Bank Limited | 3176.00 | 193.00 | 191.00 | 193.00 | 0.00 |
| 34 | Garima Bikas Bank Limited | 3545.00 | 187.00 | 185.00 | 187.00 | 1.00 |
| 35 | Global IME Bank Limited | 39965.00 | 299.00 | 290.00 | 294.00 | -6.00 |
| 36 | Global IME Laghubitta Bittiya Sanstha Ltd. | 192.00 | 1055.00 | 1025.00 | 1055.00 | 9.00 |
| 37 | Goodwill Finance Co. Ltd. | 2095.00 | 125.00 | 124.00 | 124.00 | -2.00 |
| 38 | Grameen Bikas Lag. Bittiya Sanstha Ltd. | 3841.00 | 575.00 | 565.00 | 570.00 | 0.00 |
| 39 | Green Development Bank Ltd. | 160.00 | 133.00 | 129.00 | 129.00 | -6.00 |
| 40 | Guheshowori Mer. Bank & Fin. Co. Ltd. | 12.00 | 136.00 | 136.00 | 136.00 | 2.00 |
| 41 | Gurans Life Insurance Company Ltd. | 829.00 | 814.00 | 800.00 | 814.00 | 18.00 |
| 42 | Gurkhas Finance Ltd. | 1015.00 | 109.00 | 105.00 | 105.00 | -5.00 |
| 43 | Hathway Finance Company Limited | 200.00 | 125.00 | 125.00 | 125.00 | 0.00 |
| 44 | Himalayan Bank Limited | 2684.00 | 550.00 | 540.00 | 549.00 | -1.00 |
| 45 | Himalayan Distillery Limited | 100.00 | 1325.00 | 1300.00 | 1325.00 | 5.00 |
| 46 | Himalayan General Insurance Co. Ltd | 2947.00 | 425.00 | 415.00 | 418.00 | -9.00 |
| 47 | Himalayan Power Partner Ltd. | 590.00 | 253.00 | 246.00 | 251.00 | 1.00 |
| 48 | ICFC Finance Limited | 337.00 | 158.00 | 157.00 | 157.00 | -1.00 |
| 49 | IME General Insurance Ltd. | 480.00 | 821.00 | 805.00 | 821.00 | 16.00 |
| 50 | Jalabidyut Lagani tatha Bikas Co. Ltd. | 4808.00 | 162.00 | 160.00 | 160.00 | -1.00 |
| 51 | Janaki Finance Ltd. | 8858.00 | 196.00 | 186.00 | 190.00 | -5.00 |
| 52 | Janata Bank Nepal Ltd. | 5086.00 | 156.00 | 153.00 | 153.00 | -1.00 |
| 53 | Janautthan Sam. Lag. Bikas Bank Ltd. | 12.00 | 2793.00 | 2793.00 | 2793.00 | -57.00 |
| 54 | Jyoti Bikas Bank Limited | 2219.00 | 146.00 | 143.00 | 144.00 | -1.00 |
| 55 | Kailash Bikas Bank Ltd. | 3835.00 | 229.00 | 224.00 | 229.00 | 2.00 |
| 56 | Kalika Microcredit Development Bank Ltd. | 160.00 | 1225.00 | 1225.00 | 1225.00 | -20.00 |
| 57 | Kamana Sewa Bikas Bank Limited | 2709.00 | 143.00 | 141.00 | 142.00 | 1.00 |
| 58 | Kankai Bikas Bank Ltd. | 14.00 | 123.00 | 123.00 | 123.00 | -2.00 |
| 59 | Karnali Development Bank Limited | 56.00 | 106.00 | 104.00 | 106.00 | 0.00 |
| 60 | Khanikhola Hydropower Co. Ltd. | 496.00 | 105.00 | 100.00 | 104.00 | 0.00 |
| 61 | Kisan Microfinance Bittiya Sanstha Ltd. | 479.00 | 1570.00 | 1560.00 | 1570.00 | -20.00 |
| 62 | Kumari Bank Limited | 5803.00 | 204.00 | 202.00 | 202.00 | -1.00 |
| 63 | Laxmi Bank Limited | 7036.00 | 236.00 | 232.00 | 232.00 | -5.00 |
| 64 | Laxmi Laghubitta Bittiya Sanstha Ltd. | 761.00 | 966.00 | 948.00 | 966.00 | -1.00 |
| 65 | Laxmi Value Fund-1 | 11216.00 | 10.11 | 10.10 | 10.10 | 0.00 |
| 66 | Life Insurance Co. Nepal | 115.00 | 1590.00 | 1570.00 | 1590.00 | 6.00 |
| 67 | Lumbini Bikas Bank Ltd. | 5329.00 | 150.00 | 147.00 | 147.00 | -3.00 |
| 68 | Lumbini General Insurance Co. Ltd. | 2494.00 | 520.00 | 511.00 | 520.00 | 7.00 |
| 69 | Machhapuchhre Bank Limited | 3677.00 | 205.00 | 203.00 | 205.00 | -1.00 |
| 70 | Mahalaxmi Bikas Bank Ltd. | 1404.00 | 193.00 | 187.00 | 193.00 | 3.00 |
| 71 | Mahila Sahayatra Mi. Bittiya Sanstha Ltd. | 22.00 | 625.00 | 625.00 | 625.00 | -12.00 |
| 72 | Mahuli Sam. Lag. Bittiya Sanstha Ltd. | 750.00 | 2400.00 | 2360.00 | 2367.00 | -19.00 |
| 73 | Manjushree Finance Ltd. | 8752.00 | 123.00 | 120.00 | 122.00 | 0.00 |
| 74 | Mega Bank Nepal Ltd. | 15240.00 | 164.00 | 161.00 | 163.00 | -1.00 |
| 75 | Mero Microfinance Bittiya Sanstha Ltd. | 247.00 | 990.00 | 985.00 | 985.00 | -15.00 |
| 76 | Mirmire LaghuBitta Bittiya Sanstha Ltd. | 473.00 | 1480.00 | 1465.00 | 1480.00 | 15.00 |
| 77 | Miteri Development Bank Limited | 442.00 | 275.00 | 270.00 | 270.00 | -5.00 |
| 78 | Mithila LaghuBitta Bittiya Sanstha Ltd. | 100.00 | 850.00 | 850.00 | 850.00 | 0.00 |
| 79 | Muktinath Bikas Bank Ltd. | 4246.00 | 380.00 | 377.00 | 377.00 | -2.00 |
| 80 | Nabil Bank Limited | 4925.00 | 947.00 | 940.00 | 940.00 | -8.00 |
| 81 | NABIL Bank Limited Promotor Share | 3820.00 | 726.00 | 722.00 | 725.00 | 0.00 |
| 82 | Nabil Equity Fund | 6437.00 | 8.46 | 8.42 | 8.45 | -0.15 |
| 83 | NagBeli LaghuBitta Bikas Bank Ltd. | 120.00 | 1035.00 | 1028.00 | 1028.00 | -3.00 |
| 84 | National Hydro Power Company Limited | 6071.00 | 79.00 | 77.00 | 78.00 | 0.00 |
| 85 | National Life Insurance Co. Ltd. | 340.00 | 725.00 | 710.00 | 710.00 | -1.00 |
| 86 | National Microfinance Bittiya Sanstha Ltd. | 152.00 | 2082.00 | 2070.00 | 2082.00 | -18.00 |
| 87 | Neco Insurance Co. Ltd. | 4621.00 | 515.00 | 503.00 | 507.00 | -2.00 |
| 88 | Nepal Bangladesh Bank Limited | 12980.00 | 202.00 | 200.00 | 201.00 | 1.00 |
| 89 | Nepal Bank Limited | 14840.00 | 290.00 | 285.00 | 286.00 | -2.00 |
| 90 | Nepal Community Dev.Bank Ltd. | 2008.00 | 127.00 | 124.00 | 124.00 | -1.00 |
| 91 | Nepal Credit And Comm.Bank Limited | 7342.00 | 179.00 | 176.00 | 178.00 | 0.00 |
| 92 | Nepal Doorsanchar Comapany Limited | 3628.00 | 733.00 | 725.00 | 733.00 | 2.00 |
| 93 | Nepal Hydro Developers Ltd. | 760.00 | 163.00 | 161.00 | 162.00 | 0.00 |
| 94 | Nepal Insurance Co. Ltd. | 2753.00 | 522.00 | 508.00 | 514.00 | 1.00 |
| 95 | Nepal Investment Bank Limited | 8473.00 | 635.00 | 628.00 | 635.00 | 6.00 |
| 96 | Nepal Investment Bank Ltd. Pro. Share | 3715.00 | 579.00 | 563.00 | 563.00 | -7.00 |
| 97 | Nepal Life Insurance Co. Ltd. | 4875.00 | 939.00 | 929.00 | 935.00 | -4.00 |
| 98 | Nepal SBI Bank Limited | 5245.00 | 499.00 | 494.00 | 495.00 | -5.00 |
| 99 | Nerude Laghubita Bikas Bank Limited | 1129.00 | 540.00 | 529.00 | 535.00 | 0.00 |
| 100 | Ngadi Group Power Ltd. | 1789.00 | 164.00 | 156.00 | 163.00 | 3.00 |
| 101 | NIBL Pragati Fund | 1263.00 | 7.90 | 7.90 | 7.90 | 0.10 |
| 102 | NIC Asia Bank Ltd. | 4251.00 | 318.00 | 313.00 | 314.00 | -3.00 |
| 103 | Nirdhan Utthan Lag. Bittiya Sanstha Ltd. | 344.00 | 941.00 | 940.00 | 940.00 | -6.00 |
| 104 | NLG Insurance Company Ltd. | 7254.00 | 837.00 | 825.00 | 837.00 | 3.00 |
| 105 | NMB Microfinance Bittiya Sanstha Ltd. | 363.00 | 1500.00 | 1475.00 | 1475.00 | -25.00 |
| 106 | NMB Bank Limited | 9433.00 | 325.00 | 322.00 | 323.00 | -2.00 |
| 107 | NMB Hybrid Fund L-1 | 22162.00 | 9.50 | 9.40 | 9.40 | -0.10 |
| 108 | NMB Sulav Investment Fund-1 | 36131.00 | 12.30 | 12.25 | 12.25 | 0.07 |
| 109 | Oriental Hotels Limited | 891.00 | 510.00 | 500.00 | 500.00 | -10.00 |
| 110 | Pokhara Finance Ltd. | 936.00 | 146.00 | 143.00 | 145.00 | 1.00 |
| 111 | Prabhu Bank Limited | 5517.00 | 185.00 | 183.00 | 183.00 | 0.00 |
| 112 | Prabhu Insurance Ltd. | 14768.00 | 491.00 | 475.00 | 485.00 | 4.00 |
| 113 | Premier Insurance Co. Ltd. | 7032.00 | 1053.00 | 1041.00 | 1053.00 | 10.00 |
| 114 | Prime Commercial Bank Ltd. | 9908.00 | 292.00 | 287.00 | 290.00 | -2.00 |
| 115 | Prime Life Insurance Company Limited | 4396.00 | 509.00 | 500.00 | 502.00 | 2.00 |
| 116 | ProgressiveFinance Limited | 740.00 | 100.00 | 100.00 | 100.00 | 0.00 |
| 117 | Prudential Insurance Co. Ltd. | 944.00 | 714.00 | 701.00 | 708.00 | 3.00 |
| 118 | Purnima Bikas Bank Ltd. | 2159.00 | 154.00 | 152.00 | 153.00 | -4.00 |
| 119 | Radhi Bidyut Company Ltd | 630.00 | 225.00 | 214.00 | 221.00 | 0.00 |
| 120 | Rairang Hydropower Dev. Co. Ltd. | 3610.00 | 151.00 | 147.00 | 147.00 | -3.00 |
| 121 | Rastriya Beema Company Limited | 20.00 | 10500.00 | 10500.00 | 10500.00 | -60.00 |
| 122 | Reliance Finance Ltd. | 1148.00 | 119.00 | 117.00 | 117.00 | 0.00 |
| 123 | Ridi Hydropower Development Co. Ltd. | 870.00 | 118.00 | 112.00 | 116.00 | 2.00 |
| 124 | RMDC Laghubitta Bittiya Sanstha Ltd. | 433.00 | 645.00 | 634.00 | 634.00 | -11.00 |
| 125 | RSDC Laghubitta Bittiya Sanstha Ltd. | 196.00 | 495.00 | 490.00 | 493.00 | -7.00 |
| 126 | Sagarmatha Insurance Co. Ltd. | 567.00 | 1335.00 | 1331.00 | 1333.00 | 2.00 |
| 127 | Sahayogi Bikas Bank Limited | 2545.00 | 196.00 | 192.00 | 192.00 | -8.00 |
| 128 | Salt Trading Corporation | 10.00 | 304.00 | 304.00 | 304.00 | 14.00 |
| 129 | Samata Microfinance Bittiya Sanstha Ltd. | 24.00 | 1186.00 | 1185.00 | 1185.00 | -25.00 |
| 130 | Sana Kisan Bikas Bank Ltd | 452.00 | 1116.00 | 1101.00 | 1116.00 | 5.00 |
| 131 | Sanima Bank Limited | 10090.00 | 316.00 | 312.00 | 314.00 | 0.00 |
| 132 | Sanima Equity Fund | 2500.00 | 9.11 | 9.00 | 9.00 | -0.30 |
| 133 | Sanima Mai Hydropower Ltd. | 7870.00 | 306.00 | 300.00 | 306.00 | 5.00 |
| 134 | Shangrila Development Bank Ltd. | 3236.00 | 145.00 | 144.00 | 144.00 | -1.00 |
| 135 | Shikhar Insurance Co. Ltd. | 1495.00 | 910.00 | 892.00 | 903.00 | 4.00 |
| 136 | Shine Resunga Development Bank Ltd. | 1000.00 | 270.00 | 270.00 | 270.00 | -2.00 |
| 137 | Shree Investment Finance Co. Ltd. | 2683.00 | 147.00 | 144.00 | 145.00 | -1.00 |
| 138 | Siddhartha Bank Limited | 13346.00 | 312.00 | 308.00 | 312.00 | -1.00 |
| 139 | Siddhartha Equity Fund | 2700.00 | 9.16 | 9.00 | 9.11 | -0.24 |
| 140 | Siddhartha Equity Orineted Scheme | 500.00 | 11.76 | 11.76 | 11.76 | -0.24 |
| 141 | Siddhartha Insurance Ltd. | 736.00 | 670.00 | 662.00 | 668.00 | -2.00 |
| 142 | Sindhu Bikash Bank Ltd | 160.00 | 121.00 | 118.00 | 121.00 | 5.00 |

Total Amount Rs. 179,558,930 Total Quantity 570,173 Total No of Transactions 3,224

# तरलता व्यवस्थापनको योजना बनाउन निर्देशन

**नेपाल समाचारपत्र**

काठमाडौं

प्रतिनिधिसभाको अर्थ समितिले बैंक तथा वित्तीय संस्थामा देखिएको तरलता समस्याको दीर्घकालीन व्यवस्थापनको योजना बनाउन नेपाल राष्ट्र बैंकलाई निर्देशन दिएको छ। मंगलबार बसेको समिति बैठकले राष्ट्र बैंकलाई सात दिनभित्र उक्त योजना बनाएर समितिमा पेश गर्न निर्देशन दिएको हो।

बैठकले तरलता व्यवस्थापनलगायत चुक्ता पुँजी वृद्धिपछि बैंक तथा वित्तीय संस्थाको अवस्था, ती संस्थाको खराब कर्जा, निक्षेप र क्षेत्रगत रुपमा कर्जा लगानीका विषयमा पनि जानकारी पेश गर्न राष्ट्र बैंकलाई निर्देशन दिएको छ। अर्थ समितिको बैठकमा राष्ट्र बैंकका गभर्नर डा. चिरञ्जीवी नेपालले चालू आर्थिक वर्षमा आर्थिक वृद्धिदर ८ प्रतिशत हासिल हुनेमा कुनै शंका नरहेको दाबी गर्नु भएको छ। ८ प्रतिशतको आर्थिक वृद्धि हासिल गर्न उत्पादनमूलक क्षेत्रमा लगानी अभिवृद्धि गर्ने र दीर्घकालीन प्रकृतिका ब्याजदरमा कमी ल्याउने मौद्रिक नीति अनुसार राष्ट्र बैंकले काम गरिरहेको उहाँको भनाइ छ।

गभर्नर नेपालले पछिल्ला दुई वर्षमा कृषि, उद्योग र सेवा क्षेत्रमा भएको आर्थिक वृद्धिदरको विश्लेषणपछि गरिएको ८ प्रतिशत कायम हुने पर्याप्त आधार भएको बताउनु भएको हो।

यस अवधिसम्ममा बैंक तथा वित्तीय संस्थाको निक्षेप २७ खर्ब ४२ अर्ब पुगेको तथा यो कुल गार्हस्थ्य उत्पादनको ९१ दशमलव २ प्रतिशत भएको गभर्नर नेपालको भनाइ छ।

त्यसैगरी बैंक तथा वित्तीय क्षेत्र संस्थाले निजी क्षेत्रतर्फ प्रवाह गरेको कर्जा २ सय २५ प्रतिशतले वृद्धि भई २४ खर्ब पुगेको र यो कुल गार्हस्थ्य उत्पादनको ७९ दशमलव ८ प्रतिशत रहेको जनाइएको छ। गत आर्थिक वर्षमा कुल वस्तु आयात २५ दशमलव ५ प्रतिशतले बढेर १२ खर्ब ४२ अर्ब ८३ करोड पुगेको छ भने निर्यात ८१ अर्ब १९ करोड बराबर रहेको छ।

गत आर्थिक वर्षमा विस्तृत मुद्राप्रदाय १९ दशमलव ४ प्रतिशतले बढेको गभर्नर नेपालको भनाइ छ। कुल वस्तु व्यापारमा अहिले वार्षिक बजेट घाटा ११ खर्ब ६१ अर्ब ६४ करोड रुपियाँ पुगेको छ भने विप्रेषणको अवस्था वार्षिक ७ खर्ब ५५ अर्ब ६ करोड रुपियाँ रहेको छ। बैंकिङ क्षेत्रसँग कुल विदेशी विनिमय सञ्चिति ११ खर्ब २ अर्ब ५९ करोड रहेको छ भने कुल विदेशी विनिमय सञ्चिति १० दशलमव ८ महिनाको वस्तु आयात र ९ दशलमव ४ महीनाको वस्तु तथा सेवा आयात धान्न पर्याप्त रहने नेपालको भनाइ छ।

नेपाल राष्ट्र बैंकले निक्षेपमा दिने र कर्जामा लिने ब्याजको अन्तर (स्प्रेडरेट) ४ दशमलव ४ प्रतिशतमा झार्ने भएको छ। गभर्नर डा. चिरञ्जीवी नेपालले अर्थ समिति बैठकमा बोल्दै स्प्रेड दर ४ दशमलव ४ प्रतिशतमा झार्ने तयारीमा राष्ट्र बैंक रहेको बताउनुभएको हो।

# निगमको 'कर्णाली' विमान मूल्याङ्कन गर्न कम्पनी छनोट

काठमाडौं, (नेस)

नेपाल वायुसेवा निगमले बोइङ ७५७ एसबी विमान बिक्रीको लागि कन्स्ल्ट्यान्ट छनोट गरेको छ। 'कर्णाली' नाम दिइएको विमानको बिक्रीको लागि स्वीस कम्पनी फिन्टेक ग्लोबललाई छनोट गरिएको निगमका प्रवक्ता रवीन्द्र श्रेष्ठले जानकारी दिनुभयो।

विमानको मर्मत सम्भार गर्नको लागि धेरै रकम खर्च गर्नु परेको र विमान पुरानो हुँदै गएकाले विमानको सञ्चालन, इन्धन खर्च बढिरहेको पाइएपछि निगमले कर्णाली विमान बेच्ने निर्णय गरेको हो। सन् १९८० मा तत्कालीन शाही समयमा अमेरिकन बोइङ कम्पनीसँग ऋणमा विमान खरिद गरिएको थियो।

कर्पोरेट विभागका निर्देशकसमेत रहेका श्रेष्ठको संयोकत्वमा गठित टोलीले उक्त कम्पनीलाई विमानको मूल्याङ्कन गरी कतिमा बिक्री गर्न उपयुक्त रहेको प्रतिवेदन बुझाउनको लागि छनोट गरेरको थियो।

करिब ४५ दिनको समय सिमा दिएर निगमले सो कम्पनीलाई विमानको बिक्रीको लागि दर रेट तोक्नको लागि निगमले उपयुक्त ठानेको हो। निगमसँग रहेको वोइङ ९ एनएसीए वोइङ ७५७ समेत बीबी एयरवेजलाई बिक्री गरिसकेकाले निगमसँग हाल एक विमान मात्र रहेको छ। हाल निगमले वाइड वडी विमान ए ३३० दुईवटा सञ्चालनको रहेको छ। वोइङ विमान र वाइड वडीको सञ्चालन व्यवस्थापन गर्नको लागि निगमलाई खर्चिलो बन्दै गएपछि निगमले वोइङलाई विस्तावित गर्ने तयारी स्वरुप कम्पनी मूल्याङ्कन गर्नको लागि छनोट गरेको हो। निगमको विमान मूल्याङकनको लागि प्लाइट ग्लोबल, अन्तर्राष्ट्रिय ग्रुप कम्पनी र फिन्टेक कम्पनीले प्रस्ताव गरेका थिए।

# रुग्ण उद्योगको विवरण माग

**नेपाल समाचारपत्र**

हेटौंडा

विगतमा विभिन्न समस्याका कारण रुग्ण अवस्थामा पुगी बन्द हुने अवस्थामा पुगेका मकवानपुरका उद्योगको विवरण माग गरिएको छ। मकवानपुर उद्योग वाणिज्य संघले मंगलबार सूचना प्रकाशन गर्दै संघमा फाराम भरी विवरण पेश गर्न अनुरोध गरेको हो।

विगतमा ऊर्जा संकट, बजारको अवस्था, बन्द/हड्ताल, कच्चा पदार्थ आपूर्ति, श्रम सम्बन्धलगायत विभिन्न कारण रुग्ण अवस्थामा पुगेका उद्योग पुनर्स्थापनाका लागि सरकारसँग विशेष प्याकेज प्रस्ताव गर्न नेपाल उद्योग वाणिज्य महासंघबाट त्यस्ता उद्योगको सूची माग गरिएको हो। उद्योगको नाम, स्थापना, लगानी गरिएको पुँजी, ५ वर्षयताको वित्तीय विवरण, कहिलेदेखि कति प्रतिशत क्षमतामा उद्योग सञ्चालन, उद्योग घाटामा जानुको कारण, कार्यरत श्रमिकको संख्या, पुनर्संञ्चालनको अवस्था र बैंकको ब्याजदरलगायत विवरण माग गरिएको छ।

उद्योग क्षेत्रको विकासले राष्ट्रिय आय, रोजगारीका अवसर सिर्जना, प्रतिव्यक्ति आयमा वृद्धि, पुँजी निर्माण, लगानीका थप अवसरको सिर्जना, औद्योगिक र व्यावसायिक सँस्कृति विकास गर्दै राष्ट्रिय उत्पादनमा वृद्धिका साथै वैदेशिक व्यापारमा सन्तुलन कायम गरी भुक्तानी सन्तुलन सकारात्मक राख्नमा अहम् भूमिका खेल्छ।

'उद्योगहरू रुग्ण हुनुमा आन्तरिक र बाह्य कारण उत्तिकै प्रभावी हुन्छन्। कमजोर व्यवस्थापन, हचुवा मूल्य निर्धारण, परियोजना लागत वृद्धि, साधन र स्रोतको उचित परिचालन र सम्भार नहुनु, चालू पुँजी अभाव, कमसल गुणस्तर र अध्ययन/अनुसन्धान कमी आदि आन्तरिक कारणले उद्योगलाई असर परेको हुनसक्छ,' मकवानपुर उद्योग वाणिज्य संघका वरिष्ठ उपाध्यक्ष माधव न्यौपाने भन्नुहुन्छ-'आर्थिक मन्दी, तीव्र प्रतिस्पर्धा, स्तरयुक्त कच्चापदार्थ र जनशक्ति अभाव, सम्बद्ध नीति, ऐन, नियम आदिमा स्थिरता नहुनु वा समयअनुसार परिवर्तन हुन नसक्नु, प्रविधि र ग्राहकको रुचिमा परिवर्तन, विद्युत् तथा इन्धन आपूर्तिमा कमी, ऋण प्राप्तिमा ढिलाइ, हड्ताल एवम् तालाबन्दी आदि उद्यमीका काबु बाहिरका परिस्थिति बाह्य कारणमा पनि उद्योग रुग्ण बन्न सक्छ।

साना तथा ठूला असहज परिस्थितिका कारण उद्योगहरू दिन प्रतिदिन रुग्ण हुँदै गएका छन्। यसरी उद्योग रुग्ण हुँदा त्यस्ता उद्योगसँग प्रत्यक्षरुपमा संलग्न अन्य उद्योगसमेत रुग्ण हुनेलगायत रोजगारीका अवसरहरू गुम्ने हुनाले आर्थिक, सामाजिक तथा प्राकृतिक वातावरणमा समेत प्रतिकूल प्रभाव परिरहेको उहाँको भनाइ छ।

# सुर्खेतमा सवा अर्ब बजेट फ्रिज

**दीपेन्द्र शर्मा, सुर्खेत**

गत वर्ष जिल्लामा सञ्चालित विभिन्न विकास बजेटमध्ये सुर्खेतमा सवा अर्ब बजेट फ्रिज भएको छ। जिल्लास्थित विभिन्न सरकारी कार्यालयबाट सञ्चालित कार्यक्रममा कार्य पूरा हुन नसकेर एक अर्ब २३ करोड विकास बजेट फिर्ता गएको हो।

समयमा विकास निर्माण योजना तथा कार्यक्रमअनुसारको काम सम्पन्न गर्न नसक्दा यति ठूलो मात्रामा विकास बजेट फिर्ता गएको हो। सुर्खेतको चालूतर्फको ९ अर्ब ७७ करोड ४ लाख २ हजारमध्ये ९ अरब ७७ करोड ४ लाख २ हजार मात्र खर्च भएको छ। चालूतर्फको ४६ करोड ९९ लाख ४८ हजार बजेट फिर्ता भएको छ।

यस्तै पुँजीगत तर्फको ९ अर्ब ६३ करोड ३८ लाख एक हजारमध्ये ८ अर्ब ८७ करोड ३४ लाख ९५ हजार बजेट मात्र खर्च भएको छ। पुँजीगततर्फको ७६ करोड ३ लाख छ हजार बजेट फिर्ता भएर गएको छ। जिल्लामा चालू तथा पुँजीगत बजेट गरेर एक अर्ब २३ करोड २ लाख ५४ हजार बजेट फिर्ता भएर गएको कोष तथा लेखा नियन्त्रक कार्यालय सुर्खेतका सूचना अधिकारी एवम् कोष नियन्त्रक लोकप्रसाद पौडेलले जानकारी दिनुभयो।

त्यस्तै चालू वर्षमा एक अर्ब आठ करोड राजस्व आम्दानी भएको छ। चालू आर्थिक वर्ष २०७४/७५ मा कर तथा गैरकर गरेर एक अर्ब आठ करोड राजस्व आम्दानी भएको कोष नियन्त्रक पौडेलले जानकारी दिनुभयो। गत वर्षको तुलनामा यो वर्ष ५० प्रतिशतले वृद्धि भएको पौडेले बताउनुभयो। उहाँका अनुसार सुर्खेतमा गत वर्षमा ७२ करोड राजस्व आम्दानी भएको थियो। अघिल्लो वर्षमा भन्दा चालू वर्षमा पुँजीगत खर्च बढी भएको बताउनुभयो।

# पेट्रोलियम पाइपलाइन एक वर्षभित्र बिछ्याइसक्ने लक्ष्य



**कृष्णउदास खनाल, वीरगन्ज**

नेपाल-भारत पेट्रोलियम पाइपलाइनको काम अबको एक वर्षभित्र सक्ने गरी काम भइरहेको छ। भारतको मोतिहारी र बाराको अमलेखगञ्ज पेट्रोलियम परियोजनाअन्तर्गत रक्सौलदेखि अमलेखगञ्जसम्म १६ किलोमिटर खण्डमा पाइप गाड्ने काम सम्पन्न भइसकेको हो।

परियोजनाअन्तर्गत रक्सौल बोर्डरदेखि अमलेखगन्जसम्म ३६.२ किलोमिटर र मोतिहारीदेखि रक्सौल बोर्डरसम्म ३३.७ किलोमिटर पाइप विछ्याउनुपर्ने हुन्छ। १५ महिनामा सक्ने लक्ष्यका साथ २०१७ को डिसेम्बरबाट काम शुरू गरिएको परियोजनाले ८ महिनामा झण्डै आधा काम सम्पन्न गरिसकेको छ। भारततर्फ मोतिहारीदेखि रक्सौलसम्म २४ किलोमिटर क्षेत्रमा पाइप गाड्ने काम सम्पन्न भइसकेको छ।

परियोजनाको ठेक्का पाएको भारतीय कम्पनीले धमाधम काम गरिरहेको भए पनि स्थानीयस्तरमा देखिएका अवरोध नहट्दा कामले गति लिन नसकेको नेपाली अधिकारीहरूले बताए। परियोजनाका इन्जिनियर शरद पौडेलले अवरोध नभएको ठाउँमा पाइप गाडिसकेको र अवरोध भएका ठाउँमा हटाउन पहल भइरहेको बताउनुभयो। पाइपलाइनमार्फत आउने पेट्रोलियम पदार्थ भण्डारणका लागि ४ वटा पुरानै ट्यांकीलाई मर्मत गरेर भण्डारणयोग्य बनाउने काम भइरहेको छ।

मोतिहारीदेखि अमलेखगन्जसँग पाइपलाइन निर्माणको जिम्मा पाएको भारतीय कम्पनी लिखिता इन्फास्ट्रक्चर प्रालि भारतका इन्जिनियर जाफर इमाम विभिन्न ठाउँमा अवरोध देखिएकाले काममा समस्या भइरहेको बताउँछन्। पाइपलाइन विस्तार गर्ने रुटमा रहेका व्यावसायिक तथा आवासीय भवन, धार्मिक सम्पदा, वन जंगल र भौगोलिक बनावट अवरोधका रूपमा देखा परेका छन्। परियोजनाअन्तर्गत ३६ किलोमिटरमा २० किलोमिटरमा काम गर्न सहज छ।

त्यसमा १७ किलोमिटर काम सम्पन्न भइसकेको छ। तीन किलोमिटरमा वर्षायामले गर्दा पानी निस्केर समस्या छ। गण्डक चोकदेखि परवानीपुर बजार क्षेत्रमा पाइप गाड्ने ठाउँमा पानी जमेर समस्या देखिएको छ। पथलैयाँदेखि अमलेखगञ्ज ८ किलोमिटर जंगलमा पाइपलाइनको काम शुरू गर्न समेत नसकेको अवस्था छ।

त्यसैगरी पथलैयादेखि सिमरासम्मको जंगल क्षेत्रमा पनि काम हुन सकेको छैन। शंकराचार्यगेटदेखि रजतजयन्ती चोकसम्म १ किलोमिटर खण्ड, परवानीपुर र जीतपुर बजारमा समस्या भइरहेको निर्माण कम्पनीले जनाएको छ।

# मोबाइल एक्सचेन्ज अफर

काठमाडौं, (नेस)

ताम्राकार कम्प्लेक्सको रहेको ईजी मोबाइल केयरले जुनसुकै ब्रान्डको मोबाइल फोन सामसङको स्मार्टफोनसँग साट्ने एक्सचेन्ज अफर ल्याएको छ।

कम्पनीले जुनसुकै फोन जस्तो अवस्थामा ल्याएमा पनि न्यूनतम मूल्य एक हजारबाट शुरू हुने गरी मूल्यांकन गर्नेछ। त्यस्तै एक्सचेन्जमा किनेको फोनमा कम्पनीले थप १ वर्षको वारेन्टीसमेत उपलब्ध गराउनेछ भने कम्पनीबाट खरिद गरिएको फोन बिग्रिएमा घरबाटै पिकअप एन्ड ड्रपका साथै मर्मतको सुविधा दिनेछ। यसको साथसाथै कम्पनीले ग्लोबल बैंक, मेगा बैंक, सेन्चुरी बैंक, कुमारी बैंक, नबिल बैंक, एनआईसी एसिया बैंक, प्रभु बैंकसँग सहकार्य गरी सो बैंकका क्रेडिट कार्ड होल्डरलाई समेत ६ महिना, १२ महिना, १८ महिनाको किस्ताबन्दीमा स्मार्टफोन उपलब्ध गराउँदै आएको छ।

ईजी मोबाइल केयरका सञ्चालक सञ्जित पौडेलका अनुसार ग्राहकको आवश्यकतालाई ध्यानमा राखेर किस्ताबन्दीको सुविधा काठमाडौं उपत्यका विभिन्न पसलसँगको सहकार्यमा आधिकारिक च्यानल पार्टरहरू बिस्तार गर्दै आएको छ।

# कीर्तिमानमा सुधार तर पुछारमा



जकार्ता, (एजेन्सी)

इन्डोनेसियामा जारी १८औं एसियाली खेलकुदअन्तर्गत महिला भारोत्तोलनतर्फ नेपालकी सन्जु चौधरीले तीन नयाँ राष्ट्रिय कीर्तिमान रचे पनि पुछारमा रहेर चित्त बुझाएकी छन्।

सन्जुले ५३ केजी तौल समूहमा स्नाच र क्लिन एन्ड जर्कमा १/ केजी बढी तथा कूलमा दुई केजी बढी तौल उठाएर आफ्नै नाममा रहेको कीर्तिमानमा सुधार गरेकी हुन्। तर उनी १२ खेलाडीको प्रतिस्पर्धा भएको उक्त इभेन्टमा अन्तिम स्थानमा रहिन्।

सन्जुले जेठमा नेपालगन्जमा भएको एसियाली खेलकुदको छनोटमा स्नाचमा ७१ केजी, क्लिन एन्ड जर्कमा ८५ केजी गरी कूलमा १ सय ५६ केजी भार उठाएर राष्ट्रिय कीर्तिमान रचेकी थिइन्। मंगलबार यी सबैमा क्रमशः ७२ केजी, ८६ केजी र १ सय ५८ केजी को नयाँ कीर्तिमान उनले बनाइन्।

### पौडी

जकार्ता एसियाडअन्तर्गत नेपालका पौडीबाज शिरीष गुरुङले पुरुष ५० मिटर फ्रिस्टायलमा ४६औं स्थानमा चित्त बुझाए। ५१ खेलाडी सहभागी उक्त इभेन्टमा शिरीषले निर्धारित दूरी २६.३३ सेकेन्डमा पूरा गरे। ७ खेलाडीले भाग लिएको दोस्रो हिटमा भने शिरीष तेस्रो स्थानमा रहे।

### कबड्डी

एसियाली खेलकुदअन्तर्गत कबड्डीमा नेपालको पुरुष टोलीले दोस्रो हार बेहोरेको छ। समूह बी अन्तर्गत पहिलो खेलमा इन्डोनेसियासँग हारेको नेपाल जापानसँग ३१-२८ ले पराजित भयो।

### पाराग्लाइडिङ

यस्तै पाराग्लाइडिङतर्फ नेपालका विजय गौतम पाँचौ चरणको खेल समाप्ति हुँदा १४औं स्थानमा रहेका छन्। ६ चरणमा अब एक चरण बाँकी रहेको छ। यस्तै ३३ प्रतिस्पर्धी भएको सो खेलमा सुशील गुरुङ २५औं स्थानमा छन्।

### उसु

उसुमा पनि लुमन्ती श्रेष्ठ बाइ पाएर क्वार्टरफाइनल पुगेपछि पदक आस गरिएको थियो। तर क्वार्टरफाइनलको पहिलो चरणमै उनको चुनौती समाप्त भयो। उनलाई थाइल्यान्डकी सुचया बुयालुङले पराजित गरेकी थिइन्।

## तेक्वान्दोमा पदकविहीन

तेक्वान्दोमा नेपालले पदक जित्ने आस गरेकै हुन्छ। एसियाली खेलकुदमा तेक्वान्दोले नै नेपाललाई धेरै पदक दिलाएको पनि छ। नेपालले सोलमा सम्पन्न १९८६ को एसियाली खेलकुददेखि तेक्वान्दोमा पदक जित्न शुरू गरेको हो। यही मात्र होइन यही एसियाली खेलकुददेखि नै नेपालले पहिलोपटक पदक जितेको हो। यसैले पनि तेक्वान्दोमा पदक जित्ने आस त हुने नै भयो। पछिल्ला दुई एसियाली खेलकुद मा नेपालले तेक्वान्दोमा पदक जित्न सकेको छैन। हाल इन्डोनेसियामा जारी एसियाली खेलकुदमा पनि नेपालका तेक्वान्दो खेलाडीहरूले पदक जित्ने सुरसार गर्न सकिरहेका छैनन्।

शनिबारदेखि शुरू भएको जकार्ता एसियाली खेलकुदको चौथो दिनमा आएर पनि नेपाली तेक्वान्दोले राम्रो नतिजा निकाल्न सकिएन। मंगलबार पुरुषतर्फ एक र महिलातर्फ दुई खेलाडीले प्रतिस्पर्धा गरे। जसमा महिला ५७ केजीमुनि ज्ञानी चुनारा क्वार्टरफाइनलमै पराजित भइन्। फिलिपिन्सकी लोपेज पाउलिन लोइसले ज्ञानीलाई २०-० को फराकिलो अंकले हराइन्। यसअघि पहिलो चरणमा भुटानकी छोडेन किन्जाङलाई २८-६ को ठूलो जित हात पारेकी उनी लोपेजसँग हारेपछि नेपालको पदकको आस तुहियो।

यसैगरी महिला ६७ कजीमाथि ओलम्पियन निशा रावलले प्रतिस्पर्धा गरेकी हुन्। निशालाई पदक जित्ने खेलाडीको रूपमा हेरिएको थियो। तर त्यसमा निशा सफल भइनन्। निशालाई पहिलो चरणमै चीनकी गाउ पानले २२-६ ले हराइन्। यस्तै पुरुष ८० केजीमाथि अनोज पुजारी पनि पहिलो चरणमै सीमित भएका छन्। काजकिस्तानका जापारोभ रुस्लानले उनलाई २१-० ले माथ खुवाउँदै अंकविहीन नै बनाइदिएका थिए।

अब तेक्वान्दोमा नेपालका लागि भुपेन्द्र श्रेष्ठ (८० केजीमुनि) र वीरबहादुर महरा (६३ केजी मुनि) प्रतिस्पर्धा गर्न बचेका छन्।

## धरहरा

### अनि हुन्छ तिम्रो मूल्यांकन



आफ्नो अघिल्लो कार्यकालमा 'पाइप लाइनबाट घर-घरमा ग्यास', 'हावाबाट बिजुली', 'नेपालको आफ्नै पानी जहाज' जस्ता एजन्डा अघि सार्दा तत्कालीन र वर्तमान पीएम ओलीको बोली हावामा उडाइयो। मंगलबार विराटनगरमा उनै ओलीले घर-घरमा जोडिएको ग्यास प्लान्ट उद्घाटन गरेपछि 'पीएमलाई गाली गर्नेहरूको बोलीमा गोली लाग्यो' भन्ने नेकपा कार्यकता सोही जमघटमा भेटिए।

गजक्क मुद्रामा देखिएका ओलीले भने- '३२ घर परिवारले अब काँधमा सिलेन्डर बोकेर कुद्नुपर्ने समस्या हटेको छ, 'छोटो समयभित्र यही प्लानबाट अरू ४८ घर-घरमा गोबर ग्यास पुग्दै छ।' ग्यास प्लान्ट उद्घाटन गर्न ओलीसहित मन्त्रीहरूको जन्ती विराटनगर पुगेको थियो। उर्जा, कानुन, सामान्य प्रशासन मन्त्री र अन्य आसेपासेको बाक्लै डफ्फा त्यहाँ देख्दा विराटनगर महानगरका सबै घर-घरमा ग्यास जोडिएको हो।

विश्व बैंकको सहयोगमा बैकल्पिक ऊर्जा केन्द्र र विराटनगर महानगरको सहयोगमा करिब १ करोड ५० लाख रुपियाँको लगानीमा श्रीकृष्ण गौशालामा ग्यास प्लान्ट स्थापना गरिएको धरहराले बुझ्यो। सो परियोजनालाई अब ओली कम्रेडले आफू नेतृत्वको सरकारको सफलता भनेर व्याख्या गर्न बेर छैन। यता काठमाडौंका सडक र गल्लीमा बाह्रैमास थुप्रिरहने फोहोरको डङ्गुर र गन्ध तह लगाएर देखाऊ त अनि तिम्रो सरकारको काम मूल्यांकन गरौंला।

## ढकाललाई जिम्मेवारी

हेटौंडा, (नेस)

मकवानपुर जिल्ला खेलकुद विकास समितिका उपाध्यक्ष तथा मकवानपुर जिल्ला फुटबल संघ सदस्य दीपेन्द्र ढकालले देशको खेल क्षेत्रमा महत्वपूर्ण जिम्मेवारी पाएका छन्। उनी अखिल नेपाल फुटबल संघको मार्केटिङ एन्ड एजुकेसन समितिको जिम्मेवार सदस्यमा मनोनित भएका हुन्। ढकाल मकवानपुरे खेल क्षेत्रका एक अभियन्ताका रूपमा परिचित छन्।

## भारतद्वारा इंग्ल्यान्डलाई विशाल लक्ष्य

लन्डन, (एजेन्सी)

भारतले इंग्ल्यान्डमा भइरहेको तेस्रो टेस्टमा घरेलु टोलीलाई ५ सय २१ रनको विशाल लक्ष्य दिएको छ।

अघिल्ला दुई टेस्ट हारेर पाँच खेलको टेस्ट सिरिजमा २-० ले पछाडि परेको भारतले यो टेस्ट जित्ने छनक देखाएको छ। चौथो दिन इंग्ल्यान्डका चार विकेट भारतले ६२ रनका लागि लिइसकेको थियो। तर बेन स्टोक्स र जोस बटलरले पाँचौं विकेटका लागि लामो साझेदारी गर्दै छन्। यसले भारतलाई सिरिजमा फर्कन ढिलो हुने पनि संकेत बनेको छ।

यो समाचार तयार गर्दासम्म इंग्ल्यान्डले ४ विकेटको क्षतिमा २ सय २० रन बनाएको छ। जसमा बटलर १ सय ४ रनमा र स्टोक्स ५२ रनमा रहेर इंग्ल्यान्डलाई हारबाट जोगाउन कोसिस गरिरहेका छन्। २१ चौका प्रहार गरेका बटलरको टेस्ट करियरमा पहिलो सतक पनि हो।

यसअघि भारतले ७ विकेटको नोक्सानमा ३ सय ५२ रनमा दोस्रो इनिङको समाप्ति भएको घोषणा गरेको थियो। जसमा भारतीय कप्तान विराट कोहलीले २३औं टेस्ट सतक प्रहार गरेका थिए। उनी व्यक्तिगत १ सय ३ रनमा आउट भएका थिए। जबकी उनी पहिलो इनिङमा ३ रनले सतकबाट चुकेका थिए। भारतका लागि सिरिजमा २-१ को स्थिति गर्न ६ विकेटको आवश्यक रहेको छ।



जोस बटलर सतक पछि

## बच्चीको नाम एसियन गेम्स



जकार्ता, (एजेन्सी)

इन्डोनेसियाका दुई शहर जकार्ता र प्लेमबाङमा १८औं एसियन गेम्स चलिरहेको छ। यसै दौरान एक दम्पतीले आफ्नो नवजात शिशुको नाम अबिदाह एसियन गेम्स राखेका छन्। अबिदाह प्लेमबाङमा एक महिनाअघि जन्मेकी थिइन्। छोरी अबिदाहका बुबा योर्डानिया डेनीले बताए- 'हामीसँग उनको पहिलो नाम पहिल्यै थियो तर पछाडिको नाम थिएन। यस्तो प्रतियोगिता दुर्लभ हुन्छ। यो हरेक चार वर्षमा आउने गर्नाले यस्तो प्रतियोगिता आयोजना गर्न प्लेमबाङका लागि दुर्लभ अवसर बनेको छ।'

बच्चीकी आमाले बताइन्- 'यदि उनीसँग प्रतिभा छ भने हामी उनलाई प्रोत्साहन गर्नेछौं। इन्डोनेसिया ब्याडमिन्टनमा राम्रो छ।'

## नेपाल बन्यो टिम च्याम्पियन

काठमाडौं, (नेस)

भारतमा भएको अन्तर्राष्ट्रिय कराँते प्रतियोगितामा २१ स्वर्ण पदक हात पार्दै नेपाल टिम च्याम्पियन बनेको छ।

भारतको कर्नाटक राज्यको सिभागोमा जिल्लाको नेहरू इन्डोर स्टेडियममा भदौं १ देखि ३ गतेसम्म सञ्चालन भएको सो प्रतियोगितामा नेपालका २० खेलाडी सहभागी भएका थिए।

अमेरिका, भारत, नेपाल, बंगालादेश, मलेसियासहितका विभिन्न राष्ट्रका खेलाडीबीच प्रतिस्पर्धा नेपालले २१ स्वर्ण, १३ रजत र १० कांस्य पदक हात पारेको थियो। सो प्रतिष्पर्धामा नेपालका बुद्धबहादुर तामाङ, तारा तामाङ, इच्छा राई, मनिस मगर, सन्जु तामाङ र अप्सरा मगरले २/२ स्वर्ण पदक हासिल गरेका थिए। त्यसैगरी रञ्जनकुमार सापकोटा, चन्द्रबहादुर भुजेल, शिखा बजगाईं, सुहाना कार्की, सुयोग सिग्देल र श्याम तामाङले १/१ स्वर्ण पदक प्राप्त गरे।

सेकेन्ड इन्टरनेसनल पिपुल्स ओलम्पिक खेलमा सहभागी नेपाली खेलाडीमध्ये दौडतर्फ १ सय मिटरमा तारा तामाङ र रञ्जनकुमार सापकोटाले स्वर्ण पदक जितेका थिए। त्यसैगरी २ सय मिटर दौडमा बुद्धबहादुर तामाङ र भरत मगरले र कल्चरतर्फ सन्जु तामाङले स्वर्ण पदक जिते।

तोयाकान नेपाल बादोरिया कराँते डो संघको संयोजनमा संघका वरिष्ठ तथा प्रमुख प्रशिक्षक अरूणकुमार कार्कीको नेतृत्वमा २० जना खेलाडी र ४ जना अफिसियल रेफ्रीहरू अजय भक्त श्रेष्ठ, मनिस तामाङ, केशर सुब्बा र रञ्जन सापकोटा सहभागी बनेका थिए।



## रोनाल्डो मनोनयनमा, मेसी परेनन्

लन्डन, (एजेन्सी)

यूईएफए प्लेयर अफ द इयर अवार्डको शीर्ष तीनभित्र क्रिस्टियानो रोनाल्डो परेका छन्।

उनी लिभरपुलबाट खेल्ने इजिप्टका मोहमद सलाह र रियलबाट खेल्ने क्रोएसियाका लुका मोड्रिचसँगै उत्कृष्ट तीनभित्र परेका हुन्। सिजन २०१७-१८ को अवार्डका लागि सार्वजनिक गरिएको शीर्ष तीनको सूचीमा लियोनल मेसी भने परेनन्। उक्त मनोनयनमा बार्सिलोनाका कप्तान मेसी पाँचौ स्थानमा परेका छन्।

विगत केही सिजनयता प्रदर्शन खस्के पनि मेसी उत्कृष्ट खेलाडीको शीर्ष ३ सूचीमा भने पर्दै आएका थिए। गत सिजन बार्सिलोना अन्तिम ८ बाट रोमसँग पराजित हुँदै बाहिरिएको थियो।

यसपटक भने उनलाई चार खेलाडीले उछिन्दै शीर्ष ३ बाट बाहिर धकेलेका छन्। मेसी चौथो स्थानका एट्लेटिको मेड्रिडका एन्टोइन ग्रिज्म्यानपछि छन्। गत जिनमा लिभरपुललाई च्याम्पियन्स लिगको उपविजेता बनाउन महत्त्वपूर्ण भूमिका खेलेका सलाह यो सूचीमा अटाएका छन्। सलाहले गत सिजन लिभरपुलबाट ४४ गोल गरेका थिए। यस्तै रोनाल्डो र मोड्रिचले गत सिजन रियल मेड्रिडलाई च्याम्पियन्स लिगको उपाधि जिताउन नेतृत्वदायी भूमिका खेलेका थिए।

रोनाल्डोले करियरको पाँचौ च्याम्पियन्स लिगको उपाधि जितेका थिए। रियल मेड्रिडबाट उनले लगातार तेस्रो र समग्रमा चौथो उपाधि रोनाल्डोले जितेका थिए। मोड्रिचले पनि गत सिजत उत्कृष्ट खेल्दै रियलबाट लगातार तेस्रो च्याम्पियन्स लिग जितेका थिए र रसिया विश्वकपमा उत्कृष्ट प्रर्दशन गर्दै गोल्डेन बल जितेका थिए।

खेलाडी छनोट अघिल्लो वर्ष घरेलु लिग, कन्टिनेन्टल र अन्तराष्ट्रिय स्तरमा खेलाडीले गरेको प्रदर्शनलाई आधार मान्दै च्याम्पियन्स लिग र युरोपा लिगका विभिन्न ८० प्रशिक्षक र युरोपियन स्पोर्टस् मिडिया (इएसएम) ग्रुपका ५० जना खेल पत्रकारले गरेका हुन्। यूईएफ वर्ष खेलाडीको घोषणा भने ३० अगस्टमा च्याम्पियन्स लिग ग्रुप स्टेज ड्र घोषणा गर्ने कार्यक्रममा गरिनेछ।







## कराँते खेलाडीहरूको बेल्ट टेस्ट



लमजुङ, (नेस)

लमजुङमा कराँते खेलाडीको बेल्ट टस्ट गरिएको छ। जिल्ला सदरमुकाम बेंसीशहरमा जेकेएफ गोजुकाई/ताजुकी केन्वुकान कराँतेको आठौं बेल्ट टेस्ट गरिएको हो।

बेंसीशहर कराते डाजोको आयोजनामा एक समारोहका बीच कराँते खेलाडीहरूको बेल्ट टेस्ट गरेको डोजोकी प्रमुख प्रशिक्षक शिला तामाङले बताउनुभयो। उहाँका अनुसार डोजोमा आवद्ध भएका खेलीहरूको बेल्ट टेस्ट गरिएको हो। एल्लो बेल्टतर्फ १७ जना, ओरेन्जतर्फ एक जना, परपलतर्फ एक जना, ब्ल्युतर्फ ३ जना, फुल ग्रिनतर्फ १ जना र ब्राउनतर्फ २ जनाको बेल्ट टेस्ट भएको प्रमुख प्रशिक्षक तामाङले जानकारी दिए। कार्यक्रममा उत्कृष्ट तथा अनुशासित खेलाडीलाई ट्रफी प्रदान गरी प्रोत्साहन गरिएको छ।

पुरुषतर्फ उत्कृष्ट खेलाडी अनिश श्रेष्ठ, रेगुलरतर्फ रोनक श्रेष्ठ र अनुशासिततर्फ सुजन गुरुङले ट्रफी पाएका उहाँले जानकारी दिनुभयो। उहाँका अनुसार महिलातर्फ उत्कृष्ट खेलाडीमा प्रीति तामाङ, रेगुलर खेलाडीमा अनिता पुन, अनुशासिततर्फ सुप्रिया बोहोरा छनोट भएका छन्। सो अवसरमा २०१८ को एक्टिभ खेलाडीमा पृथ्वी गुरुङ र इन्द्रा गुरुङ घोषित भएका छन्। सो कार्यक्रममा उनीहरूलाई पनि ट्रफी प्रदान गरिएको थियो।

कामना न्यूज पब्लिकेसन्स् प्रालिद्वारा प्रकाशित कार्यालयः कामना प्लाजा, भीमसेनस्थान, काठमाडौं, पो.ब.नं. २०४५, फोनः ४-२६११७९, फ्याक्सः ४-२१८९९०, Email: nepalsamacharpatra@gmail.com प्रमुख कार्यकारी अधिकृत तथा प्रबन्ध सम्पादकः दिरेकलाल श्रेष्ठ, प्रधान सम्पादकः पुष्करलाल श्रेष्ठ